विश्व ब्रम्हाण्डपति श्री पशुपतिनाथ

हरिभक्त सिग्देल 'महेश'



इ.पु. ६६२

ॐ नमः शिवायः

विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ

हरिभक्त सिग्देल 'महेश'

ॐ नमः शिवाय :

विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ

कृति : विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ

विधा : अनुसन्धानात्मक कृति

लेखक : हरिभक्त सिग्देल 'महेश'

प्रकाशक : मीना सिग्देल

सर्वाधिकार : © लेखकमा सुरक्षित

मुद्रण : १,००० प्रति

मिति : २०६८ असोज ११ गते घटस्थापना

आवरण सज्जा : सुन्दर बस्नेत, टाइम्स क्रिएसन

मूल्य : रु. ३००/–

ISBN : 978-9937-2-3610-2

पुस्तकालय

Acc. 1659

२९८५

पेज ले-आउट :

अन्नपूर्ण तुलाधर, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला

मुद्रण : न्यू नेपाल प्रेस

प्रधान कार्यालय : १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०

व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२

ङ.पु. ६६२

समर्पण

आराध्यदेव विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ पुस्तक आज तपाईं पाठकहरूको हातमा छ । यो पुस्तक तयार गर्न प्रेरणा दिने मेरी **ममतामयी पूज्य माता गङ्गादेवी सिग्देल** र **पिता खड्गध्वज सिग्देल**को सम्झना गर्दै देवादीदेव महादेवप्रति हाम्रो सद्भक्ति बढिरहोस् भनी प्रभुसँग प्रार्थना गर्दै यो विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ पुस्तक आराध्यदेव श्री पशुपतिनाथका चरणकमलमा सादर समर्पण गर्दछु ।

– हरिभक्त सिग्देल 'महेश'



स्व. माता गङ्गादेवी सिग्देल

सत्य सेवा सुरक्षणम्मा अनवरत लागिरहँदा

अध्यात्म ज्ञानको अभावमा अन्योलमा परी बाटो पहिल्याउन नसकिरहेको अवस्थामा यो अनाथलाई प्रभुबाट प्रभुका भक्तहरूको सहयोग सल्लाह पाउने अवसरका लागि २०३६ साल फागुनदेखि २०३८ सालसम्म प्रभुकै पाउमा सेवा गरी बस्न पाउने सुअवसर प्राप्त भयो । सोही अवधिमा श्री पशुपतिनाथ र प्रभुका सम्बन्धमा ऐतिहासिक, पौराणिक, वैदिक कुराहरूको अध्ययन गर्ने मौका प्राप्त भएकोमा म आफैंलाई भाग्यमानी सम्भन्छु । प्राणीमात्रका आराध्यदेव भगवान् विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथका असीम कृपा प्रसादस्वरूप मैले धेरै त्यागी तपस्वी सिद्धहरूसँग भेटी उहाँहरूको सानिध्य प्राप्त गर्ने सुअवसर प्राप्त गरें । यसै क्रममा श्रद्धेय श्री १००८ गौराङ्ग महामुनी देवश्री १००८ स्याम चेतन बाबा मेरा गुरु श्री १००८ क्षिप्रनाथजी महाराज, श्रद्धेय श्री १००८ बालुवा बाबा (शिवपुरी बाबाका चेला) श्री १००८ योगी नरहरिनाथज्यू, गुरुभाइ श्री १००८ चुन-चुन बाबा, श्री १००८ सिद्धबाबा र अन्य मनुष्य रूपमा विचरण गर्दै तीर्थाटनमा यस क्षेत्रमा आउने तपस्वी सिद्धहरूसँगको दर्शन, सेवा, उठबस र त्यसैको फ़लस्वरूप यो पुस्तक तयार हुन पुगेको हो । यसमा मलाई सहयोग गर्ने, शुभ-आशीर्वाद दिने तत्कालीन मूल भट्ट श्रद्धेय पद्मनाभ शास्त्रीज्यू, शाम्बसदाशिव भट्टका वंशज मदन भट्टज्यू, शिव भण्डारीज्यू हाल ब्रह्मलीन भइसक्नुभयो । त्यागमूर्ति श्री मुक्ति केसीज्यू, अन्य पत्रपत्रिका, भट्ट-भण्डारीज्यूहरूका साथै दुर्लभकुमार थापाज्यू, ध्रुव प्रधानज्यू, भुवनचन्द भट्टज्यू, जो मलाई लेख्न उत्प्रेरित गर्नुहुन्थ्यो, छत्र प्रधानज्यू, प्रेमहरि ढुङ्गानाज्यू समेतबाट अध्ययन-अनुसन्धानमा सहयोग प्राप्त भएकोमा म सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । आजभन्दा ३३ वर्षपहिले म श्री पशुपतिनाथमा रहँदा मैले **"श्री पशुपतिनाथ परिक्रमा र दर्शन"** नामक पुस्तक लेखी तयार पारेको

थिएँ । महाशिवरात्रि २०४४ मा १,००० प्रति उक्त पुस्तक मेरी स्वर्गीय आमा गङ्गादेवी सिग्देलले प्रकाशित गरिदिनुभएको थियो । उक्त पुस्तक श्रद्धेय पूज्य तत्कालीन मूल भट्ट पद्मनाभ शास्त्रीज्यूका करकमलबाट श्री पशुपतिनाथमा चढाई लोकार्पण गरिएको थियो ।

उपरोक्त पुस्तकमा आफूले थप गर्नुपर्ने र भएका परिवर्तनहरूलाई समेत समेटी जानकारीमा आएका कुराहरूलाई रङ्गीन तस्बिरहरूसहित थपी २०६६ माघ २९ गते महाशिवरात्रिका सुअवसरमा ६,००० (छ हजार) प्रति निम्न शिवभक्त महानुभावहरूको तर्फबाट प्रकाशित भई लोकार्पण भयो ।

श्री पशुपतिनाथको विषयमा व्याख्या चर्चा गर्नु खोज्नु केवल मेरो वालहठ मात्र हो किनकि शास्त्रले भनेका छन्, ईश्वर देवादीदेव महादेव तर्कभन्दा टाढा बुद्धि, मन र वाणीले वर्णन गर्न नसक्ने र इन्द्रियबाट अतीत छन् । तापनि भक्तहरूलाई मात्र दर्शन गर्ने उद्देश्यले विभिन्न रूपमा प्रकट हुन्छन् । भगवान्को विषयमा भन्नुपर्दा, "जो भगवान्को विषयमा जान्दछ, बोल्नै सक्तैन र जो भन्न वा बोल्न चाहन्छ, त्यसले जानेकै हुँदैन" भन्ने तथ्य थाहा हुँदाहुँदै पनि यो धृष्टता गरेको छु । प्रभु तिम्रो अज्ञानी भक्तलाई क्षमा गर्नुहोस् ।

श्रीमद्भागवतगीता १५ अध्यायको ६ श्लोकमा उल्लेख छ–

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः

यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।६।

"जुन परमपद प्राप्त गरेपछि मनुष्य फर्केर संसारमा आउनु पर्दैन, त्यो स्वयं प्रकाश परमपदलाई न सूर्यले प्रकाशित गर्न सक्तछ, न चन्द्रमाले, न आगोले । त्यो नै मेरो परमधाम हो ।"

त्यसैलाई गीता अध्याय ८ को २१ श्लोकमा प्रस्ट पारिएको छ कि जुन अव्यक्त "अक्षर नामले पुकारिन्छ, त्यही अक्षर नामको अव्यक्त भावलाई नै परमगति भनिन्छ, त्यही सनातन अव्यक्तभावलाई प्राप्त गरेपछि मनुष्य फर्किएर आउँदैन, त्यही नै प्रभुको परमधाम हो ।"

त्यसैले गर्दा यस्तो अव्यक्तका विषयमा वर्णन गर्न खोज्ने सत्कर्मले त्यो अव्यक्त परमधाम प्रस्ट गर्ने ज्ञानका लागि भोलेबाबातर्फ संकेत गर्ने भक्तिमार्गतर्फ अग्रसर हुने पथप्रदर्शक यो पुस्तक बन्न सक्यो भने पनि म आफूलाई कृतकृत्य सम्झनेछु ।

यसअघि "**श्री पशुपतिनाथ परिक्रमा र दर्शन**" २,००० प्रति पुस्तक नेपालका प्रतिष्ठित उद्योगपति, शान्त स्वभावका धनी, प्रचार मन नपराउने

खोटाङ वडा नं. ७, खोटाङ बजार निवासी **श्री अरूणकुमार ओझाज्यू**ले आफ्ना स्व. पूज्य **पिता दिनानाथ ओझा** र स्व. **माता हेमकुमारी ओझा**का स्मृतिमा उहाँहरूकै मोक्षलाभको कामना गर्दै प्रकाशित गरिदिनुभयो, जुन प्रति श्रीमान् **संस्कृति सचिव श्री मोदराज डोटेलज्यू**बाट लोकार्पण भएको थियो । त्यसैगरी २००० प्रति पुस्तक गायक तथा संगीतकार **श्री विजयमानसिंह तुलाधर** तथा **श्री अजयमानसिंह तुलाधरज्यू**की पूज्य माता न्यू नेपाल प्रेसकी मालिक स्व. **नीलशोभा तुलाधर**ले स्व. पति **श्री रत्नमानसिंह तुलाधरज्यू**को आत्मशान्तिको कामना गर्दै छपाई दिनुभयो, जुन प्रति पशुपति क्षेत्र विकास कोषका **सदस्य सचिव श्री सुशील नाहाटाज्यू**बाट सोही पावन दिन विशेष समारोहमा लोकार्पण भयो । अरू २,००० प्रति मेरो जीवनका ओराली-उकालीकी सहयात्री जीवनसाथी **मीना सिग्देल**ले आफ्ना स्व. **पिता श्री शेरबहादुर उप्रेती** र स्व. **आमा कान्छी उप्रेती**को आत्मशान्तिको कामना गर्दै छपाइदिनुभयो । सो २,००० प्रति पुस्तक **नेपालका प्रतिष्ठित उद्योगपति दानवीर, एन.आर.एन. का संस्थापक अध्यक्ष एवं फूलकुमारी महतो मेमोरियल ट्रस्टका संस्थापक डा. श्री उपेन्द्र महतोज्यू**बाट पशुपति क्षेत्रमा आफ्नी स्व. आमाको नाममा स्थापित फूलकुमारी महतो मेमोरियल सोसल सर्भिस ट्रस्टका तर्फबाट करिब ३ करोडभन्दा बढीको लागतमा नयाँ बन्ने किरियापुत्री भवनको शिलान्यास कार्यक्रमका साथै यो पुस्तकसमेतको आफ्ना सुपुत्र **श्री यज्ञदीप महतो**सहित भई लोकार्पण गरिदिनुभएको थियो । यी सबै कार्यका लागि प्रकाशकहरू तथा लोकार्पण गरिदिनुहुने विशिष्ट व्यक्तित्वहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसरी २०४४ सालमा प्रथम प्रकाशन १००० प्रति, २०६६ सालमा ६००० प्रति प्रकाशित भइसकेको पुस्तक **"श्री पशुपतिनाथ परिक्रमा"** र दर्शनलाई अझ गहिरिएर अध्ययन-अनुसन्धान गरी थप कुराहरूलाई समेटी यो तेस्रो संस्करण **"विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ"** नामकरण गरी पुन: प्रकाशित गर्न मेरी जीवनसाथी **मीना सिग्देल**ले अनुरोध गर्नुभएकाले यस पुस्तकमा पूर्वप्रकाशनमा थप धेरै गहन खोज-अनुसन्धान गरी थप कुराहरू समेत राखी प्रकाशित गर्ने जमर्को गरिएको छ ।

पुस्तक तयार गर्न मलाई सहयोग गर्ने मेरी छोरी अधिवक्ता रोशनी सिग्देल, ज्वाइँ ई. रोशन पाण्डे, छोरी रोजी सिग्देल, ज्वाइँ स.प्र.ना.उ. पुरूषोत्तम थापा र छोरी डा. रोहिणी सिग्देल,

ज्वाईं डा. सुरेश थापाको सहयोग र हौसलाले पनि मलाई यस क्षेत्रमा निर्धक्क अघि बढ्न सघाउ पुगेको छ ।

साथै, पुस्तक तयार गर्दा सहयोग गर्ने नातिनी रिभा थापा, नाति हिमनिश पाण्डेका साथै सहयोगी विपना तामाङ्ग र आश्विन निरौलालाई पनि धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी, यस पुस्तकको आवरण पृष्ठको साजसज्जा उत्कृष्ट ढङ्गले तयार गरिदिनुहुने टाइम्स क्रिएसनका सुन्दर बस्नेत र कम्प्युटर गरिदिनुहुने सुरेन्द्रकुमार राजथला, अन्नपूर्ण तुलाधर, रामकृष्ण लामिछानेका साथै पुस्तकलाई सुन्दर रूपमा छापिदिनुहुने न्यू नेपाल प्रेसका प्रो. श्री विजयमानसिंह तुलाधर र श्री अजयमानसिंह तुलाधरज्यूप्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै, मेरो पुस्तक झर्को नमानी आद्योपान्त सुनी प्रकाशनार्थ प्रोत्साहित गर्नुका साथै भूमिका लेखिदिनुहुने गैरआवासीय नेपाली संघका सल्लाहकार, लेखक तथा राजनीतिक विश्लेषक डा. जुगल भुर्तेलज्यूप्रति म आभार प्रकट गर्दछु ।

विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथको अपार महिमा र विशाल महत्त्व छ । त्यस्तो अपार महिमा र महत्त्व भएका श्री पशुपतिनाथका सम्बन्धमा मैले धेरै कुरा लेख्न सक्ने कुरा होइन । तर सकेसम्म आफूले जानेको कुरा जनसमक्ष ल्याउने जमर्को गरेको हुँ । यसमा कुनै त्रुटि भए मेरा आदरणीय पाठकवर्गले मलाई सुझाव-सल्लाह दिनुहुने नै छ भन्ने विश्वासमा छु । पुस्तकको भूमिका लेख्नुहुने भाई साहित्यकार दामोदर पुडासैनी 'किशोर' सम्पादनमा सहयोग गर्ने सञ्चारकर्मी तथा अधिवक्ता सिद्ध तिमिल्सिनालाई समेत हार्दिक धन्यवाद प्रकट गर्छु ।

यो पुस्तक विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथमा सद्भक्तिपूर्वक सेवा गर्दा प्रसादस्वरूप जन्मेको हो । प्रभुका पाउमा समर्पित भक्ति कहिल्यै पनि खेर जानेछैन ।

२०६८ जेठ ४ गते बुधवार

हरिभक्त सिग्देल 'महेश'
haribhakta43@hotmail.com

भूमिका

मेरा अभिन्न मित्र श्री हरिभक्त सिग्देल धर्ममा असाध्यै ठूलो आस्था भएका सरल, सहृदयी र विद्वान् व्यक्ति हुनुहुन्छ । धर्मप्रतिको त्यही अगाध आस्थाले प्रेरित भएर उहाँले विभिन्न धार्मिक स्थल, मठमन्दिर, देवल आदिको गहन अध्ययन र शोध गर्नुभएकोछ । यो कृति उहाँले विभिन्न समयमा श्री पशुपतिनाथ मन्दिर परिसरमा गर्नुभएको अध्ययन र अथक मिहिनेतको फल हो । पशुपति मन्दिर परिसरको धार्मिक र साँस्कृतिक समृद्धिलाई मिहिन ढङ्गले केलाएर सिग्देलजीले हामीलाई ठूलो गुनलगाउनु भएको छ । यस पुस्तिकामा रहेको ज्ञानको भण्डारले पशुपतिनाथ भगवान् र उहाँका वरिपरि बिराजमान अन्य धेरै देवीदेवताका मठमन्दिरका बारेमा सवै नेपाली लाभान्वित हुने कुरामा कुनै द्विविधा छैन । हिन्दू धर्म र त्यससँग सम्वन्धित पशुपतिनाथ मन्दिरजस्ता आस्थाका धरोहरहरूका बारेमा धेरै ज्ञान नभएको मजस्तो मान्छेलाई यति गहन पुस्तकको भूमिका लेख्न मौका दिनुभएकोमा विद्वान् सिग्देलजीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यो अभिभाराले मलाई **'सर्वे भवन्तु सुखिन'** को विश्वकल्याणकारी दर्शनमा विश्वास राख्ने, सहिष्णुता, उदारता र असीम ज्ञानले भरिएको तर अहिले चौतर्फी प्रहार झेलिरहेको हाम्रो सनातन धर्म एवम् पशुपतिनाथप्रति जिज्ञासु हुन र तिनको रक्षार्थ अघि सर्न प्रेरित गरेको छ । यसले अरूलाई पनि त्यस्तै प्रेरणा दिनेमा म विश्वस्त छु ।

सिग्देलजीको गहन ज्ञान भण्डारबाट यस्तै अमूल्य कृतिहरूको जन्म भइरहने अपेक्षा राखेको छु ।

डा. जुगल भुर्तेल
सल्लाहकार
गैरआवासीय नेपाली संघ

२०६८ जेठ ४ गते, बुधबार

पशुपतिनाथ बुझ्ने सरल सङ्ग्रह

संसार सुन्दर लाग्नुको मुख्य कारण नै परिवर्तन रहेछ हर चीजमा ।

परिवर्तन जत्तिको महान् कुरा अरू के नै हुनसक्तछ र यस ब्रह्माण्डमा । समय छ, ऊ परिवर्तनको प्रवाहमा निरन्तरता दिइरहेछ । संसार छ, ऊ पनि परिवर्तनकै पारावारमा तरङ्गित भइरहेछ । जीव र वनस्पतिहरू छन्, उनीहरू पनि परिवर्तनकै पराकाष्ठा खोज्न उद्यत छन् ।

सृष्टि छ र संहार छ । संहार हुन्छ र नै सृष्टि हुन्छ । सृष्टिबिनाको संहार र संहारबिनाको सृष्टि, अहिलेसम्म देखिएको छैन ।

हिन्दू धर्मको मान्यता छ, सृष्टिका रचयिता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता शिव हुन् । यो विभाजनले निर्दिष्टि गर्दछ कि सृष्टि एउटा चक्रमा चलिरहेछ, जुन अविराम छ ।

हिन्दू धर्म भन्छ– सामान्य छैनन् शिव । सामान्यभन्दा अलि बढी विशेषतायुक्त भएर नै मान्य छन् शिव, सृष्टिमा तरङ्ग दिइरहेछन् शिवले । घाँटी नीलो हुनु (नीलकण्ठ), तेस्रो आँखा हुनु (त्रयम्बकम), जटा परेको कपाल हुनु, शिरमा गङ्गा हुनु (गङ्गाधर), शरीरमा खरानी घस्नु, बाघको छाला ओढ्नु, शरीरमा सर्पहरू बेर्नु, साँढे (नन्दी) चढ्नु, डमरू र त्रिशूल बोकिरहनुजस्ता विशेषताहरूले शिवलाई एउटा अद्भुत र अनौठो रूपमा चित्रण गर्दछ, हिन्दू धर्म । यी विशेषताहरू केलाउँदा जतिसुकै अप्ठेरो पनि सहन सक्तछन्, शिव र जतिसुकै सरल बन्न सक्तछन् शिव भन्ने उदाहरण झल्कन्छ । शिवका आनीबानी, व्यवहारलाई अलिकति मात्र नजिकबाट हेर्ने हो भने अनन्त दर्शन भेट्न सक्तछ मानवले । कठोर विष पनि पिएका छन् शिवले, असम्भव काम पनि गरेका छन् शिवले, दूर दृष्टिले हेरेका छन् हरेक कुरा । मान्छेका लागि योभन्दा ठूलो प्रेरणा अरू के नै हुन सक्तछ र ?

दाज्यु हरिभक्त सिग्देल यतिखेर आध्यात्मिक साहित्य सिर्जनामा अनवरत

रूपले लागिरहनुभएको छ । हिन्दू देवीदेवताहरूप्रति अगाध श्रद्धा राख्दै उनीहरूको आदि-अन्त्यको रहस्य खोतल्ने प्रयास जारी छ उहाँको । भगवान् पशुपतिनाथका बारेमा लेखिएको यस कृतिलाई यसै सन्दर्भमा हेरिन उपयुक्त हुन्छ ।

धर्म बुझेर मात्र हुँदैन, प्रवृत्ति धार्मिक हो । होइन त्यो महत्त्वपूर्ण कुरा हो । धर्मका रहस्यहरू, यथार्थहरू र वैज्ञानिक रूपमा धार्मिक मान्यताहरूका प्रमाणिकता खोज्नु अझ राम्रो पक्ष हो । हामी पशुपतिनाथको पूजा गर्छौं । फूल, अबिर, अक्षता पशुपतिको पञ्चमुखमा पुऱ्याउन सक्यौं भने सार्थक ठान्छौं आफूलाई । तर, पशुपतिको उत्पत्ति, पशुपतिसँग गाँसिएका विम्ब, प्रतीक र मिथकहरूलाई केस्रा नछुटचाई कहाँ बुझ्न सकिन्छ र रहस्यको गढता ।

मानव सभ्यताको विकाससँगै हिन्दूहरूका देवताहरू उत्पत्ति हुँदै आएका हुन् । मानवले आफ्ना सभ्यताहरू जसरी विकास गर्छ, उसका आनीबानी र चालचलन जसरी परिमार्जन गर्छ, त्यसैगरी उसका इतिहास, मूल्य र मान्यताहरू पनि जगेर्ना गर्ने र सुधार गर्ने प्रक्रियालाई निरन्तरता दिन्छ । हाम्रा पुर्खाहरू जंगलमा हुर्के, बढे । जंगलमै रमाए र धेरै कुराहरू सोधखोज गरे । जंगली जनावर, वनौषधि, वनस्पतिहरूको संग्रहमा असीम मूल्य र मान्यताहरूको जगेर्ना गरे । त्यसैले हाम्रो धर्ममा जंगली सुवास छ । जंगलका आनीबानी र आचरण छन् । जंगली जनावरहरूसँगको स्पर्श र आत्मीयता प्रगाढ छ । यसो हुनु भनेको हामीहरू स्वतन्त्रताका सागरहरूबाट उत्प्रेरित मान्छे हौं, रूखजस्तै झाङ्गिएर बस्नसक्ने र पशुझैं सुधो र सहज बाँच्न सक्ने मान्छे हौं भन्ने पुष्टि हुन्छ । हाम्रा पुराणहरू भन्दछन्, भगवान् शिवले प्राणीहरूको रूप सर्वत्र विचरण गरेका थिए । नेपाल महात्म्य र स्वस्थानीले भन्छन्– शिवले मृग र राजहंशको रूप धारण गरी धेरैतिर विचरण गरे । अर्को एक प्रसङ्गअनुसार पार्वतीले वृषरूप शिवसँग सम्भोग गरिन् । अर्को एक अनुश्रुतिले इङ्गित गर्छ कि पार्वतीले नुहाएको जल गङ्गामा प्रवाहित हुँदा सो जल मालिनी नामकी गजमुखी देवीले पिउँदा उनीबाट पाँच हात्तीका शिर भएका चतुर्भुजी बालकले जन्म लियो । गंगाले सो बच्चा आफ्नो भन्ने दाबी गर्दा भगवान् शिवले त्यो बच्चा पार्वती पुत्र भएको रहस्योद्घाटन गरे र त्यस बच्चालाई एक शिरयुक्त मात्र गराएको पाइन्छ । जीव र जीवका अनेकौं स्वरूप सिर्जनामा शिवको उपस्थिति अहम् छ हिन्दू धर्ममा ।

साहित्यकार हरिभक्त सिग्देल शिवत्वको खोजीमा हुनुहुन्छ । शिव, सर्वोच्चता पनि हो । शिव, शिखर पनि हो । शिव, जीवनको सर्वाधिक सुन्दर र शालीन पक्ष पनि हो । शिव बन्नु संसारकै सर्वश्रेष्ठ ज्योतिपुञ्ज जाग्नु पनि

हो । शिवत्व बुद्धत्वभन्दा अझ माथिल्लो कुरा हो । साहित्यकार सिग्देल संसारकै सर्वशक्तिशाली ज्योति खोजिरहनुभएको छ, त्यो शिवमा छ, शम्भुमा छ र छ, हरहर महादेवमा ।

हिन्दू विश्वासले ठोकुवा गर्छ, हिमाल शिवको बासस्थान हो । सारा जीवमात्रका उद्धारक पशुपतिको निवास पनि नेपालमै हो । यस हिसाबले नेपाल र हिमालको महिमा सर्वाधिक छ, सर्वोच्च छ । दाज्यु हरिभक्त सिग्देलको मूल अभिप्राय पनि यसै आशयलाई उजागर गर्नु हो, लुकेर बसेको गुणपुञ्जलाई पर्दा खोलेर फैलाउनु हो ।

साहित्यकार सिग्देलका यसअघिका कृतिहरू पनि जनमानसमा बेग्लै छाप छोड्न सफल भए । 'दक्षिणकालीको सेरोफेरो', 'रङ्गैरङ्गको जिन्दगानी', 'पञ्चामृत' मात्र होइन, उहाँका दर्जनौं कृतिहरूले जीवनलाई सार्थक, सकारात्मक र क्रियाशील बनाउन ऊर्जाको काम गरेका छन् । समस्त हिन्दूहरूका लागि आराध्यदेव पशुपतिनाथको मन्दिर नेपालमै रहेर पनि यसको चर्चा जति हुनुपर्थ्यो, त्यति भएको छैन । दाज्यु हरिभक्तले पशुपतिनाथलाई सरल र सुललित ढङ्गले चिनाउने र गाथा गाउने काम गर्नुभएको छ । नेपाली भाषामा पशुपतिनाथका सम्वन्धमा लेखिएका यस किसिमका कृति कमै प्रकाशमा आएका छन् । हिन्दूधर्ममा आस्था राख्नेहरूका लागि यो कृति पशुपतिनाथको एउटा प्रसादसरह हुनेछ ।

गद्यमा होस् या पद्यमा, यतिखेर साहित्यकार हरिभक्त सिग्देल असाध्यै जाँगरिलो रूपमा लेखिरहनुभएको छ । उहाँको यस लेखाइलाई भाउज्यु मीना सिग्देल र परिवारका अरू सबै सदस्यले असाध्यै खुसीपूर्वक सघाइरहनुभएको छ । लेखक, परिवारजन, हामी आफन्तहरू, सबैका लागि यो अत्यन्त खुसीको कुरा हो ।

दाज्यु हरिभक्त सिग्देलका अरू कृतिहरू पनि छिट्टै प्रकाशनमा आएको देख्न पाऊँ । पशुपतिनाथको यथार्थ सबैले बुझ्ने मौका पाऊन् । एउटा भाइलाई योभन्दा खुसी अरू के नै हुन सक्तछ र ?

२०६८ साउन ६ गते शुक्रबार
ग्वंग:वुँ, नयाँबसपार्क, काठमाडौं, नेपाल ।

दामोदर पुडासैनी 'किशोर'
damopuda567@hotmail.com
फोन : ०१-४३५३९२४
मोवाइल : ९८५१०९२०७७

प्रकाशकीय

तपाईंको हातको पुस्तकको प्रथम प्रकाशन मेरी प्रात:स्मरणीय पूज्य सासूआमा गङ्गादेवी सिग्देलज्यूले मिति २०४४ सालमा प्रकाशित गर्नुभएको थियो । **"श्री पशुपतिनाथ परिक्रमा र दर्शन"** पुस्तक मेरा पति श्री हरिभक्त सिग्देलले २०३६ सालदेखि २०३८ सालसम्म तत्कालीन वडा प्रहरी कार्यालय, हाल महानगरीय प्रहरी प्रभाग गौशालामा प्रमुख भई कार्यरत रहँदा तयार गर्नुभएको हो । उक्त प्रहरी प्रभाग उहाँकै कार्यकालमा स्वयंको मिहिनेत र जनसमर्थन, सहयोगसमेत जुटाई निर्माण सुरु गरी सम्पन्न गराई उक्त भवनको तत्कालीन प्रहरी महानिरीक्षक श्री दुर्लभकुमार थापाज्यूबाट समुद्घाटन सुसम्पन्न भएको थियो । त्यहीबेला हाम्री कान्छी छोरी डा. रोहिणी सिग्देलको जन्म भएकाले ती क्षणहरू हाम्रा लागि अविस्मरणीय छन् । उपरोक्त समयमा तयार भई प्रकाशित पुस्तकपश्चात् नेपाली भाषामा तत्सम्वन्धी पुस्तकहरू प्रकाशित भए पनि बजारमा प्राप्त छैनन् । त्यसपछि २०६६ सालको महाशिवरात्रिका अवसरमा अरूण ओझाज्यूबाट २००० प्रति, नीलशोभा तुलाधरज्यूबाट २००० प्रति र म स्वयंले आफ्नातर्फबाट २००० प्रति प्रकाशित गरेकी थिएँ । त्यसैले मैले मेरा जीवनसाथी लेखकलाई अझ थप अनुसन्धान र परिमार्जन गरी **"विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ"** पुस्तक प्रकाशन गर्न अनुरोध गरें । उक्त पुस्तकको १००० प्रति प्रकाशनको जिम्मा पनि म आफैंले लिएँ । यो प्रकाशित पुस्तक भक्तहरूका हातमा परून्जेल लेखन, मुद्रणसमेतमा विभिन्न किसिमले सहयोग पुऱ्याउनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु । अन्तमा मेरा प्रात:स्मरणीय पिता स्वर्गीय **शेरबहादुर उप्रेती** र माता स्वर्गीय **कान्छीमाया उप्रेती**का साथै स्वर्गीय सासू **गङ्गादेवी सिग्देल** र ससुरा **खड्गध्वज सिग्देल**का दिवंगत आत्मालाई परम शान्ति मिलोस् भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दै यो प्रकाशनरूपी पुष्प देवादीदेव महादेव विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथकै चरणकमलमा सादर समर्पण गर्दछु ।

ॐ तत्सत् ॐ शान्ति ! शान्ति !! शान्ति !!!

श्रीमती मीना सिग्देल
महांकाल-८, मण्डिखाटार
बरफेदी, काठमाडौं ।

२०६८ जेठ ४ गते बुधबार

विषय-सूची

१)	नेपाल परिचय	१
२)	सनातन हिन्दू धर्म	२
३)	पशुपति ज्योतिर्लिङ्गको उत्पत्ति	३
४)	काठमाडौं, यहाँका राजा र बुद्ध धर्मको प्रभाव	१७
५)	किंवदन्तीमा देवपत्तन काठमाडौं	१९
६)	श्री पशुपतिनाथको पूजा-अर्चना	२१
७)	श्री पशुपतिनाथको पूजा	३३
८)	परिक्रमा र दर्शन	३७
९)	विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ	४९
१०)	वेदले पनि यस्तो भनेका छन्	५५
११)	सत्यम् शिवं सुन्दरम्	५७
१२)	पशुपतिनाथ विकास क्षेत्रको नक्सा	६७
१३)	प्रार्थना र भोला भजन	६८
१४)	रुद्राक्षको उत्पत्ति र महत्त्व	६९
१५)	पशुपतिक्षेत्र विकास कोषको स्थापना र यसका मूलभूत उद्देश्यहरू	७४
१६)	श्रीहरि अर्याल र मदनकुमार डंगोलबाट प्रस्तुत कार्यपत्र	८०
१७)	चित्रहरू आफैं बोल्छन्	८६
१८)	सन्दर्भ-ग्रन्थहरू	१२७
१९)	लेखकबारे अन्य कुराहरू	१२९

ॐ नमः शिवायः

विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ

नेपाल परिचय

नेपाल जहाँ तराईका समतल फाँट, जनक नन्दिनी सीताको जन्मथलो जनकपुरधाम, शान्तिका अग्रदूत भगवान् बुद्धको जन्मथलो लुम्बिनीको कपिलवस्तुदेखि विश्वकै सर्वोच्च हिमशिखर ८,८४८ मिटर अग्लो सगरमाथाजस्ता अलौकिक सम्पदाहरूले भरिपूर्ण विलक्षण सौन्दर्यले भरिएको मुलुक हो । हाम्रो देश नेपाल हिमनदी र पवित्र तीर्थका रूपमा हिमालदेखि तराई हुँदै बगेका अनगिन्ती पवित्र पावनी नदीहरू र ठूला-साना इतिहास बोकेका ताल-तलैयाहरूले भरिपूर्ण मेचीदेखि महाकाली हिमालदेखि तराईसम्म अति महत्त्वपूर्ण मन्दिरहरूले परिपूर्ण पुण्यभूमिका रूपमा परिचित छ । हाम्रो देशलाई विभिन्न दुर्लभ जडीबुटी, प्राकृतिक सम्पदा र मौसमको भौगोलिक विविधताले विश्वमै अनुपम ईश्वरको वरदानका रूपमा लिइन्छ ।

नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ । यो विश्वको भूमिको ०.०३ प्रतिशत हो भने एसिया महादेशको भूभागको ०.३ प्रतिशत हो । यसमध्ये हिमाली क्षेत्रले २२,०७७ वर्ग किलोमिटर भू-भाग ओगटेको छ, जुन समुद्री सतहबाट १० हजारदेखि २९ हजार २८ फिटसम्म पर्दछ भने पहाडी क्षेत्रले १,०००८३ वर्ग किलोमिटर भू-भाग ओगटेको छ । जुन भाग समुद्री सतहबाट ३ हजारदेखि १० हजार फिटसम्म पर्दछ । यसैगरी तराई क्षेत्रले २५,०२१ वर्ग किलोमिटर जमिन ओगटेको छ । जुन भाग समुद्री सतहदेखि ३,००० फिटसम्मको उचाइमा समतल भू-भागका रूपमा रहेको छ । यो देश पृथ्वीको २६°२२' देखि ३०°२७' उत्तरी अक्षांश र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तरमा अवस्थित छ । २०६५ सालसम्म प्राप्त तथ्याङ्कअनुसार नेपालको कुल जनसंख्या २,३१,५१,४२३ मध्ये महिला १,१५,८७,५०२ र पुरूष १,१५,६३,९२१ रहेको पाइन्छ । जनघनत्व १५७ प्रति वर्गकिलोमिटर छ भने जनसंख्या

वृद्धिदर २.२५ प्रतिशत रहेको छ । सरदर मानिसको आयु ६०.१ वर्ष महिला र ६०.८ वर्ष पुरुषको रहेको छ । साक्षरता प्रतिशत ५३.७ प्रतिशत छ । यस देशको लम्बाइ पूर्व-पश्चिम ८८५ किलोमिटर र उत्तर-दक्षिण चौडाइ १४५ किलोमिटरदेखि २४१ किलोमिटरसम्म छ ।

सनातन हिन्दू धर्म

विश्वको एक मात्र हिन्दूराष्ट्र नेपालमा अवस्थित श्री पशुपतिनाथले नेपाललाई विश्वसामु छुट्टै रूपमा स्थापित गरेको थियो । विभिन्न धर्मले आ-आफ्ना धर्म मतवालाहरूको हित संरक्षण र समुन्नतिको कामना गरेको देखिन्छ भने सनातन धर्मले भने सबै सुखी हुन्, सबैको उन्नति होस् र कसैलाई कहिल्यै पनि दु:ख नहोस् भन्ने मूल आदर्श बोकेको पाइन्छ, चाहे तिनीहरू जुनसुकै धर्ममा आस्था राखून् । यसरी समस्त सृष्टि र त्यसमा अवस्थित स्थावर जङ्गम, चर-अचर, चेतन-अवचेतन सबैको कल्याण चिताउने सनातन धर्मका कल्याणकारी विश्व ब्रह्माण्डपति देवता भगवान् शिव अदृश्य रूपमा कण-कणमा, हर क्षणमा निरन्तर सबै स्थानमा विद्यमान रहे तापनि भाग्यवश हाम्रो देशको काठमाडौं देवपाटनमा ज्योतिरूपले श्री पशुपतिनाथमा राज भइबक्सेको छ । यसमा हामी सबैलाई गौरव लाग्नु स्वाभाविकै हो । यस्तो सर्वोपकारी सिद्रान्त र सनातनदेखि चलिआएको हिन्दू राज्यलाई बिनाजनमत धर्मविरोधी वा आफ्नो धर्म र संस्कृतिको महत्त्व नराख्ने ज्ञान नभएका तत्त्वहरू र तिनका सभासदहरूले धर्मनिरपेक्ष घोषणा गरे, जसमा प्रमुख राजनैतिक दलहरूबाट समेत समर्थन भयो, जुन अत्यन्तै दु:खपूर्ण र आत्मघाती निर्णय हो ।

श्री पशुपतिनाथको दर्शनको विषयमा चर्चा गर्नुअगाडि भगवान् शिव पशुपतिनाथको विषयमा केही जानकारी दिनु सान्दर्भिक भएकाले यो सन्दर्भलाई यहाँ प्रस्तुत गरिएको छ । सनातन हिन्दू धर्म अरू धर्मजस्तो कसैबाट प्रतिपादित नभई सनातनदेखि स्वत: स्फूर्तरूपमा चलिआएको छ । हुन त विश्व ब्रह्माण्डपति भगवान् श्री पशुपतिनाथ शिवबाबाको विषयमा व्याख्या गर्न खोज्नु मेरो धृष्टताबाहेक केही होइन तापनि प्रभुकै कृपाले प्राप्त ज्ञानविवेकअनुसार यो तयार गरी जसमा कालक्रमले अनादि सनातन श्री पशुपतिनाथका विभिन्न कल्पहरूमा भएका उत्पत्ति भनौं वा त्यस कल्प र युगमा श्रुति, स्मृति, पुराण, शास्त्र, वेद, उपनिषद्, लेख, आलेखअनुसार प्राप्त जानकारीहरू यथासम्भव पाठकवृन्द समक्ष प्रस्तुत गर्दछु । ॐ नम: शिवाय: ।

पशुपति ज्योतिर्लिङ्गको उत्पत्ति

विभिन्न शास्त्रमा उल्लेख भएका कुरालाई आधार बनाई पौराणिकहरूले श्री केदारेश्वरलाई पृष्ठ भाग र श्री पशुपतिलाई (१२) द्वादश ज्योतिर्लिङ्गको शिर भाग मानेका छन् । हिमालय, तु केदारे भन्ने भनाइअनुसार श्री पशुपति ज्योतिर्लिङ्ग द्वादश ज्योतिर्लिङ्ग श्री केदारनाथको शिर भाग मानिएको छ । यसैकारण नेपालको नाम पनि पाशुपत क्षेत्र भनी पुराणहरूमा प्रसिद्ध छ । हिमवत् खण्डमा धर्म, अर्थ, काम र मोक्ष चारै वर्गको फल दिने संसारको सर्वोच्च हिमालयजस्तो पवित्र तपस्थल सम्पूर्ण पृथ्वीमा अरू छैन र सर्वत्र नेपाल नामले प्रसिद्ध यो महान् पाशुपत क्षेत्र भुक्ति-मुक्ति दिने विश्व ब्रह्माण्डमा नै अति महत्त्वपूर्ण भनिएको छ । यस संसारमा नेपाल नामले प्रसिद्ध सहरमा सम्पूर्ण इच्छापूर्ति गर्ने सबै कर्मको फल दिने पशुपति भनिने शिरोभागरूपी शिवलिङ्ग रहेको छ भनिएको छ ।

त्यसैले विश्वका समस्त सनातनी हिन्दू धर्मावलम्बीहरू श्री पशुपतिमा ठूलो श्रद्धा, विश्वास र आस्था राख्ने गर्दछन् र हरेक वर्ष लाखौंका संख्यामा श्री पशुपतिको अर्चनाका लागि आउने गर्दछन् । भारतका विशिष्ट व्यक्तिहरू नेपाल भ्रमण गर्दा श्री पशुपतिको दर्शन अनिवार्यत: गर्ने गर्दछन् । राजनेता, उद्योगपति, अभिनेता, शंकराचार्य, जोगी सन्यासी सबै श्री पशुपतिको ठूलो श्रद्धा आस्था राखी दर्शन पूजन गर्ने गरेका छन् । नेपालीले मात्र नभई श्री पशुपतिलाई विश्वकै हिन्दूहरूको इष्टदेवकै रूपमा पुजिने गरेका छन् । तर वास्तवमा भन्नुपर्दा विश्व ब्रह्माण्ड र यसमा विचरण गर्ने सबैले प्राणीहरूको उनैका इच्छानुसार उत्पत्ति र विनाश हुने हुँदा श्री पशुपतिनाथ विश्व ब्रह्माण्डपति हुनुहुन्छ । भक्तिपूर्वक उहाँको दर्शन गर्न सबै धर्म, वर्ण, जात, लिङ्गलाई दिनुपर्दछ

भन्ने नै प्रभुको इच्छा हुन्छ । विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथका लागि देशीय, भाषीय, जातीय र लिङ्गीय कुनै पनि प्रकारको विभेद स्वीकार्य हुँदैन । श्री पशुपतिको नित्यपूजा विधिवत् भइरहेमा नेपालको कल्याण हुने र कुनै दैवी संकट आइपरेमा निश्चित विधिबाट श्री पशुपतिको पूजा गरेमा दैवी संकटसमेत समाधान हुने धार्मिक विश्वास रहिआएको छ । यस सम्बन्धमा प्रत्यक्ष अनुभव गरेका वृद्धहरूको भनाइ छ ।

राजतन्त्र छँदा राजाहरू श्री पशुपतिको दर्शन गर्न वर्षको धेरैपटक जाने गर्दथे भने हाल नेपालका राष्ट्रपति पनि महाशिवरात्रिजस्ता पर्वमा दर्शनका लागि जाने गरेका छन् ।

धार्मिक मान्यतानुसार मनुष्य जन्ममा शुद्ध मनले भगवान्प्रति पूर्ण समर्पित भई एकपटक मात्र दर्शन पूजन गरेमा मनुष्य जन्म सफल हुन्छ भन्ने धार्मिक विश्वास रहिआएको छ । अन्जानमै पनि मनुष्य जन्मको एकपटक मात्र भगवान् श्री पशुपतिको दर्शन पूजन गरेमा ठूलो पुण्यलाभ हुने कुरा शास्त्रमा उल्लेख छ ।

यसै मान्यतानुसार नेपालमा दैनिक हजारौं हजार सनातनी हिन्दूहरू नित्य श्री पशुपतिको दर्शन पूजन गर्छन् र वर्षको लाखौंको संख्यामा अन्य देशका सनातनी हिन्दूहरूले श्री पशुपतिको दर्शन पूजन गर्ने गरेका छन् । नेपालमा नित्य दर्शनार्थीहरूले श्री पशुपतिको नित्य दर्शन गर्दा प्रत्यक्ष लाभ भएको आफ्नो अनुभव यसरी व्यक्त गर्नुहुन्छ ।

धार्मिक शास्त्रहरूमा उल्लेख भएअनुसार परापूर्वकालमा ब्रह्मा र विष्णु आफू ठूलो भएको दाबी गर्दै थिए । छलफल टुँगिएको थिएन । यसैबीच एउटा लिङ्गको प्रादुर्भाव दुईबीच भयो, फेद वा टुप्पो जसले भेट्छ, त्यो ठूलो हुने निर्देशनपछि फेदतिर विष्णु र टुप्पोतिर ब्रह्मा पत्ता लाउने हिसाबले हिँडे । दुवैले नभेटेपछि तत्त्वको उपदेश भगवान् शिवबाट भएको छ । मुखलिङ्ग, वेरलिङ्ग उपासनाबारेको यो उपदेश हो । लिङ्गको फेद र टुप्पो नभेटी फर्केपछि एकै ठाउँमा जम्मा भए । त्यसैबेला आफ्नोसामु एउटा ठूलो ज्योति पुन्ज देखे ।

पछाडि-अगाडि दायाँबायाँ चारैतिर परमेश्वर लिङ्ग देखे तर तथ्य बुझ्न सकेनन् । के होला यो भनेर उनीहरूले (ब्रह्मा-विष्णुहरूले) विचार गरे अनि लगत्तै त्यहींभित्रबाट केवल नाद स्वर सुनियो, ब्रह्मा र विष्णुले नाद हुँदै विस्तारै लामो स्वरमा 'ओम ओम'को सुयुक्त स्वर सुनियो । फेरि दुवैले के होला यो भनी विचार गरे ।

त्यही लिङ्गको दक्षिण भागमा सनातन पुरुष देखियो । निर्मल स्फटिकजस्तै स्वच्छ थियो । अ-उ-म नाद थियो । दक्षिण उत्तरका ऊ बीचमा म अन्तिममा नाद मिलेर ओम् भएको थियो । दक्षिणपट्टिको अ सूर्यमण्डलजस्तो, उत्तरपट्टिको उ आगो जस्तो, बीचको म चन्द्रमाजस्तो देखिन्थ्यो । त्यसभन्दा माथि शुद्ध स्फटिकजस्तै प्रभु विराजमान थिए । जाग्रत, स्वप्न र सुषुप्तिभन्दा माथिको तुरिय चौथो र त्योभन्दा पनि माथि तुरियातीत अनि कहिल्यै नमर्ने, कला उपद्रोले नछोएका अरू केही नमिसिएका, शुद्ध आखिर बीचमा केही नभएका आनन्दैआनन्दका कारण थिए । अथवा ओमभित्रका अ उ म मात्राले तीनै वेदलाई बुझाएको रहेछ । तीनै वेदको अर्थ विचार मात्र बुझ्ने कुरा ब्रह्म यो रहेछ भनेर ब्रह्मा र विष्णुले बुझे ।

कुनै पनि इन्द्रियले बुझ्न नसकिने आत्मतत्त्व वेदमात्र बुझिने हुँदोरहेछ भनेर सबैले जाने । श्रवण, मनन र निधिध्यासनबाट विश्वरूप भएका शिव बुझ्न नियम विधि पनि रहेको छ । ओम एकाक्षरले शिवलाई जान्न सकिन्छ, वचनले नभेटे पनि ओमले भेट्न वा बुझ्न सकिन्छ । सत्य, आनन्द, परब्रह्म परमात्मा परात्पर त्यही हो भन्ने तथ्य जान्न सकिन्छ ।

अ- ब्रह्म, **उ-** हरि परम कारण, **म-** नीलोहित
अ- सर्गकर्ता, **उ-** मोहक, **म-** ती दुईको अनुग्राहक (कृपा गर्ने)
अ- बीज, **उ-** योनि, **म-** विभुविजी

महेश्वर विजी हो नाद पनि त्यही हो, विजीले आफूलाई बाँडी आफ्नै इच्छाले रहेको छ । प्रस्तुत लिङ्गबाट आकाररूप बीज उदय भई उकार योनिमा निक्षिप्त हुँदा चारैतिर एकनासले वृद्धि हुँदै गयो अनि पहिलो अक्षर बीजसम्म आकारबाट आवेरित भयो अर्थात् बेरियो र सुनको अन्डा निर्मित भएको छ ।

त्यही अन्डा दुई भागमा बाँडिएको र त्यसपछि द्यु र पृथ्वी भएको हो । अर्थको अर्थ रूप चतुर्मुख ब्रह्माण्ड भोग विग्रह रूपको सृष्टिकर्ता भएर आएका छन् । यसैकारण त्यही पहिलाको तैजस लिङ्गको उद्देश्य गर्दै यजुर्वेद ओम ओम भन्ने गरे र विस्तारै ऋक र सामवेद पनि तिनकै पछि लागे ।

यसरी परमेश्वरको ज्ञान ब्रह्मा-विष्णुलाई भएपछि वेदको मार्गबाट ब्रह्मा-विष्णुले उनै परमात्मा विश्व ब्रह्माण्डपति श्री पशुपतिको स्तुति गरे ।

वेदमयी स्तुतिबाट प्रसन्न पशुपतिले आफ्नो भित्री तत्त्वको उपदेश गर्नुभयो । पूर्णतः वेदमयी मूर्ति चारैतिर र उर्द्ध वेदस्वरूप प्रणवमूर्तिको उपदेश भयो ।

यजुरवेद- सद्योजात, सेतो वस्त्र, सेतो वर्ण, शान्ति गर्ने पृथ्वीमा रहने ।

सामवेदरूप-वामदेव, मुँगाजस्तो वर्ण रातो वस्त्र सृष्टि संहार गर्ने अहं सर्व पाप नास गर्ने ।

ऋगवेद - तत्त्वपुरुष - पहेंलो वस्त्र, हरियो वर्ण, रुद्री-गायत्री उद्‌गमस्थल, हात्ती वाहन चन्द्रको जस्तो कान्ति उनको उपासकको वशमा सबै हुन्छन् ।

अथर्वेदरूप - अधोर - कालोबस्त्र, नीलोबाहेकको वर्ण रुद्रगायत्रीबाट अघोअर्चाले सबै पापको प्रायश्चित सामान्यत: सम्पूर्ण पापको नाश गर्ने ।

प्रणवात्मा इसान- आकाश तत्त्व शुद्धस्फटिक जस्तो सर्वधर्म साधन ।

प्रणवात्मा-इसान संसारै बस्त्र भएको बुद्धि बढाउने, सदाशिव स्वरूप आकाश तत्त्व शिवको अविरभाव भयो ।

उक्त ज्योतिर्लिङ्गको चारैतिर ती देवता निर्देश भएकाले त्यस्तो **लिङ्ग र लिङ्ग र वेर** उभयात्मक हो अर्थात् दुवै हो । लिङ्ग पूजाबाट मुक्ति र वेद पूजाबाट भोग पाउने कुरा सामान्य देखिन्छ । उभयात्मक अर्चाबाट भुक्तिमुक्ति र वेद पूजाबाट भोग कामना साधनाअनुसार सिद्ध हुन्छन् । लिङ्ग र वेद र दुवै एउटैमा भएको दुर्लभ छ । तिनै दुर्लभमध्ये नेपाल पाशुपत क्षेत्रस्थित श्री पशुपति लिङ्ग हो । जसलाई मुखलिङ्ग भन्ने चलन छ ।

मुखलिङ्गभित्र पर्ने पाँच मुख पाँच ब्रह्म पनि भनिन्छन्, ती पाँचैको मिलेको फैलोट सम्पूर्ण संसार हो । संसार मात्र होइन, हरेक प्राणीको शरीर हुन्, एउटा-एउटाका पाँचै ब्रह्म अनेक रूपमा रहेको हो, एउटै हुँदाहुँदै अनेक रूपमा अनेक काम त्यसबाट हुन्छन् । अनेक रूप र काम यस प्रकार छ ।

इसान = पहिलो मूर्ति क्षेत्र (हरेक प्राणीभित्रको आत्मा) पृथ्वी, जल, अन्न सबैको भोग त्यसले गर्छ । सनातन ब्रह्म पनि त्यही हो । सबै प्राणीको कानसम्बन्धी इन्द्रिय पनि त्यही हो । यो ज्ञानेन्द्रिय हो, कर्मेन्द्रियमध्ये वचन इन्द्रिय त्यही हो, शब्दको कारण र आकाश त्यही हो ।

तत्पुरुष = परमात्माको दोस्रो मूर्ति हो, ज्ञानेन्द्रियमा छालासम्बन्धी इन्द्रिय हो, कर्मेन्द्रियमा हात इन्द्रिय, हो, स्पर्शतन्मात्रा र वायु हो ।

अघोर = परमेश्वरको तेस्रो मूर्ति अरूभन्दा विशिष्ट हो, धर्मादि आठ-(धर्म-अधर्म, ज्ञान-अज्ञान, वैराग्य-अवैराग्य, ऐश्वर्य-अनैश्वर्य) सहित बुद्धि हो, ज्ञानेन्द्रियमा चक्षु-आँखा) हो, कर्मेन्द्रियमा गोडा, रूपतन्मात्रा र तेज हो ।

वामदेव = परमेश्वरको चौथो मूर्ति हो, अहम् (म) कारात्मक हो, ज्ञानेन्द्रियमा जिब्रो हो, कर्मेन्द्रियमा पाद (गुहा) हो, रसतन्मात्रा र पानी त्यही हो ।

सद्योजात = परमेश्वरको पाँचौं मूर्ति हो । प्राणीमात्रको मन हो, ज्ञानेन्द्रियमा घ्राण (नाक) हो, कर्मेन्द्रियमा उपस्थ (जनेन्द्रिय) हो, गन्धतन्मात्रा र पृथ्वी उही हो । अब एक ठाउँमा-इसान-आंकाश, तत्पुरुष-वायु, अघोर र तेज, वामदेव-जल र विश्वलाई नै अड्याउने पृथ्वी सद्योजात हुन् ।

ती पाँचैलाई एकै रूपमा बुझ्दा इसानको अर्थ ऐश्वर्य पनि हुन्छ । ऐश्वर्ययुक्त मुकुट तत्पुरुष मुख, अघोर हृदय, वामदेव गुह्य र सद्योजात पाद (गोडा) स्थानमा छन् भन्ने ठान्नुपर्छ । अत: यी पाँच एकै शरीरका अङ्गजस्तै हुन् । टुक्रिने वस्तु होइनन्, पाँच प्रकारले भावना गर्न सकिने हो । सही रूपमा एउटै तत्त्व हो ।

यसरी चर-अचर (हिंडडुल गर्ने र नगर्ने) स्थावर (जंगम) स्थिर र अस्थिर) जे जति जस्तो संसार छ, पञ्च ब्रह्मबाहेक केही छैन । यसप्रकारको भाव आफूमा राख्न सक्नुपर्छ । यी सबै कुरा पशुपतिका पाँच मुख लिङ्गमा छन् । अत: यसको चिन्तनबाट भोग वैभव चाहनेलाई त्यही पुग्छ, मुक्ति चाहनेलाई मुक्ति नै मिल्छ ।

पशुपति सबैले मान्नुपर्ने आत्मा नै हो । आफूभन्दा फरक होइन, तैपनि त्यो कुरा राम्ररी थाहा नभएसम्म पशुपतिबाहिरकै हो भन्ने लागिरहन्छ । जुन कुरा बुझेर गरेको हुन्छ, त्यसलाई छुटेको फल थोरै हुन्छ । अब यहाँ पशुपति के हो ? उसलाई किन मान्नुपर्ने भन्ने कुरा बुझेर उपासना गर्नुपर्ने हुन्छ ।

उपासना विधि

पशुपति शब्दमा दुई पद छन्– पशु र पति, देखिनेजति सबै एकछत्तले देख्ने पशु हो, पश्यतीतिशु: । त्यसलाई छुट्याएर बुझ्न नसक्ने पशु हो । अज्ञानले गर्दा छुट्याउन नसकेको हो, रोक्नेवाला अज्ञानलाई शैवशास्त्रमा पाश भनिएकै छ । पाशवाला जुन हुन्छ, त्यही पशु हुन्छ । त्यही पाशलाई अविद्या, अस्मिता, राग, द्वेष । अभिनिवेश पाँच नाम दिइन्छ । शरीरलाई आत्मा ठान्नु अविद्या, म छु हुँ अथवा कुनै परम्पराको आफूलाई ठान्नु अस्मिता, भोगका लागि मेरो शरीर सधैं रहिरहोस् वा भोग सामग्री सबै पाए हुन्थ्यो भन्ने ठान्नु राग, आफूलाई मन नपर्ने नभए हुन्थ्यो वा भएका आ-आफ्ना सामान कुनै कारणले छुट्न आँट्यो भने त्यसमा रिस, द्वेष, मर्नदेखि डर भएर शरीर राखिछोड्ने इच्छा अभिनिवेश हो ।

पृथ्वी, जल, जेत, वायु, आकाश, महत्त्व, प्रकृति र अहम् यी आठलाई

अज्ञानै भन्दछन् । यिनै आठभन्दा भिन्न आत्मा वा पशुपति छ, त्यो बुझ्न यिनैले रोक्छन् ।

तम, मोह, महामोह, तामिस्र, अन्धतामिस्र पनि अज्ञानै भनिन्छन् । यिनको अर्थ प्रायः अविद्यादिजस्तै हो । यी सबै पाश हुन् । यस्ता अनेक पाशले बाँधिएको आत्मा पशु हो । त्यसैले भनिन्छ, ब्रह्मादेखि रूख वृक्षादिसम्म सबै पशु हुन् । यस्ता पशुको मालिक जुन हो, त्यो पति हो ।

पति शब्दले रक्षा गर्ने भन्ने अर्थ दिन्छ । रक्षामा दिने र लिने दुवै मानिन्छन् । जस्तै– नन्दी मार्कण्डेय आदिलाई दिएर रक्षा गरे, लिएर रक्षा गर्ने पनि हुन्छ । जस्तै– भीमेश्वरले ऋषिहरूको आत्मपरता अर्थात् समर्पणभाव लिएर उनीहरूको रक्षा गरे । धन-दौलत दिएर होइन, भीम नामको राक्षसलाई मारेर भय हरण गरेर उक्त दुईमध्ये दिएरभन्दा लिएर रक्षा गर्नु वास्तविक पतिभाव हो । यहाँको प्रसङ्गमा पशु नजिकको पतिपद भएकाले दिने भन्ने अर्थभन्दा लिने अर्थ प्रभावकारी हुन्छ । यसै अनुसार पतिले पशुका आज्ञानुरूप पाश छिनाइदिन्छ; आफूले लिन्छ र पशु अज्ञानरहित भएर स्वयं पति हुन्छ, पशु रहँदैन ।

पशुले पति हुन आफैं मिहिनेत गर्नुपर्छ । मिहिनेतबिना सम्भव छैन । अज्ञान नाश भए त्यो वस्तु प्राप्त हुन्छ, नत्र हुँदैन । वस्तु छुट्याउन सक्नु ज्ञान हो, वस्तु दुई किसिमका हुन्छन्– जड र अजड । यी दुवैको नियन्त्रण गर्ने यिनै तीनवटालाई क्रमैसित पशु, पाश र पति भनिएको हो ।

यसरी हेर्दा अक्षर, क्षर, क्षराक्षर यी तीन कुरा आउँछन् । यीमध्ये अक्षर पशु हो, क्षर पाश हो, जसलाई पति भनिन्छ, त्यो क्षराक्षर हो । यसलाई अझ यसरी स्पष्ट गर्नुपर्छ । प्रकृत क्षर हो, पुरुष अक्षर हो, यी दुवैलाई चलाउने अर्कै पति हो । परमेश्वर त्यही हो, लिङ्गमा पूजा आराधना त्यसैको हुन्छ । त्यो लिङ्गी हो अर्थात् लिङ्गकल्पनाको आधार हो, लिङ्ग त ब्रह्मको उत्तम शरीर हो ।

क्षेत्रमहिमा

केदारेश्वरमध्येबाट नै नेपालमा आउनुपर्ने कथा पुराणमा प्राप्त छ, त्यसैले अवश्य पनि केदारमण्डलको भन्दा यसको उत्कृष्टता अर्थात् ठूलोपन सूचना गरेकै छ, उत्कृष्ट नभई शिरोभाग आउनुपर्ने कुरा पनि असङ्गत हुन्छ । के छ त यहाँको विशेषता ?

अहिलेको पाशुपत क्षेत्र धर्मारण्यभित्रको हो, धर्मारण्यको सीमा अलि ठूलै छ । धर्मारण्यअन्तर्गत श्लेष्मान्तक वन छ, जुन वनलाई शिवले कहिल्यै छोड्दैनन् । त्यही वनमा उग्र तपद्वारा नन्दीले भगवान्‌को पार्षद् हुने वर पाए

अहिले नन्दी नित्य भगवान्भन्दा टाढा रहँदैनन् । नन्दीलाई वर दिइसकेपछि भगवान्को अन्तर्ध्यान भयो । नन्दीको उत्कर्ष देखेर देवतालाई डाह भयो र नन्दी भएको ठाउँमा आएर भगवान्लाई देखाउन नन्दीलाई अनुरोध गरे । भगवान्को आदेश नभएकाले नन्दीले देखाएनन्, बरु खोज्न सल्लाह दिएर आफूसमेत इन्द्रादिवेतासँग खोज्न हिंडे, कहीं फेला पर्न नसकेपछि श्लेष्मान्तक वनमा भेट्न सकिन्छ कि भन्ने ठाने, त्यहाँ मात्र खोज्न बाँकी थियो ।

श्लेष्मान्तकमा खोज्ने भनेर पर्वत-शिखर-शिखर हिंड्न थाले । माथिबाटै मृगको ठूलो बथान देखे । बथानभित्र एउटा सुन्दर एक सिङ भएको मृग थियो । त्यसलाई देखेपछि झट्ट ओर्लेर इन्द्रले सिङको टुप्पो समाते, माझमा ब्रह्माले र फेदमा विष्णुले समाते । उत्तिखेरै त्यो मृग अलप भयो । यस घटनाका साक्षी सारा देवता, नदी आदि थिए । सबै यहीं आएका थिए । यस घटनाले चकित भए, भगवान्को दर्शन गर्न सकेनन् अनि लगत्तै आकाशवाणी भयो– तिमीहरूले पाएको सिङ मेरै हो । म त्यसैमा छु, म जति ठाउँमा मृगरूपले घुमे त्यो सबै पुण्यभन्दा पुण्यभूमि हो । देवताहरू आएकाले देवपतन क्षेत्र हो । केही कालान्तरमा चतुर्मुख लिङ्ग त्यही हुनेछ, वाग्मती नदी हुनेछिन् ।

वाग्मतीमा स्नान गरेर चतुर्मुख लिङ्गको दर्शन जसले विधिपूर्वक गर्छ, त्यो मुक्त हुन्छ, जसले एक घडा मात्र पानी वाग्मतीको जलले श्रद्धापूर्वक भगवान्लाई स्नान गराउँछ, उसले अनेक यज्ञको फल पाउँछ । जसले वाग्मतीमा नित्य स्नान गरी पञ्चमुख शिव भगवान्को पूजा र आराधना भक्ति श्रद्धाले गर्छ, त्यसले प्राप्त नगर्ने केही हुँदैन ।

यसैले स्वयं भगवान् शिवले नै सिद्ध क्षेत्र रूपमा स्थापना गरेको पाशुपत क्षेत्र धन्य छ, दुर्लभ छ, सर्वकामना सिद्धि गर्न समर्थ छ । त्यसै हुनाले पहिलेदखि सिद्ध क्षेत्रमा केदारेश्वर शिरोभाग यहाँ आएको सङ्गति मिल्न जान्छ । यसको मूल क्षेत्र स्वयं रुद्रद्वारा अधिष्ठित छ, यसको प्रमुख रक्षा गर्ने जिम्मा वासुकिको छ । नन्दी र महाकाल भगवान्का अन्तर्द्वार रक्षक अर्थात् भित्री ढोकामा बसेर रक्षा गर्ने हुन् । यहाँ भगवती उमाको नित्य बास हुन्छ । यहाँ पूजा रुद्री होम आदि कार्य अर्चना प्रदक्षिणा आदिका अनन्त फलको चर्चा पुराणादिमा पाइन्छ ।

गुह्येश्वरी वा गुह्यकाली

रूद्र अधिष्ठित मूल क्षेत्रअन्तर्गत अद्भुत शक्तिपीठ रहेको छ, गुह्येश्वरी वा गुह्यकाली आदि नामबाट पनि प्रसिद्ध छ । यो पीठ पशुपति

ज्योर्तिलिङ्ग स्थानदेखि इसान कोण वाग्मतीपारि अवस्थित छ । सतिदेवीको योनिपतनको भाग कामाक्षपीठ भएको र घुँडा र गुह्य भागको पतन नेपालमा भएको चर्चा देखिंदा घुँडाभन्दा माथि गुह्य भागसम्म पतनको कल्पना गर्न सकिन्छ । जे होस्, गुह्येश्वरी सिद्धपीठ विशिष्ट पीठ हो । यसलाई नेपालपीठ भनिन्छ, महास्थानको नाम यो ठाउँको छ ।

श्री पशुपतिमा श्रीविद्याको पूजा

श्री पशुपति मन्दिरमा श्रीपशुपतिको मुखलिङ्गमाथि श्रीविद्याको पनि तान्त्रिक विधि विधानबाट पूजा हुने गर्छ । काली, तारा, षोड्शी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला यी दसवटा महाविद्याहरू हुन् । यीमध्येको तेस्रो महाविद्या षोडशी नै श्रीविद्या हुन् । यिनैका अर्का नाम त्रिपुरा, त्रिपुरासुन्दरी, ललिता र राजराजेश्वरी आदि हुन् । यिनैलाई कामेश्वरी पनि भन्दछन् ।

षोड्शीको पूजा श्रीयन्त्रमा गरिन्छ । श्री पशुपतिका मुखलिङ्गका मस्तक भागमा श्रीखण्ड चन्दनले श्रीयन्त्र लेखेर त्यसैमा नित्य श्रीयन्त्रको पूजन तान्त्रिक विधि-विधानले गरिने गरिन्छ । श्रीयन्त्रको स्पष्ट रूप पशुपति प्राङ्गणको पूर्वपट्टि रहेको मुक्ति मण्डपबाट वाग्मतीतर्फ हेर्दा पूर्वबाट श्री पशुपति प्राङ्गणभित्र उक्लने सिंढी नजिकै गङ्गाको मन्दिरमाथि देखिन्छ र भक्तहरू त्यहींबाट उनको दर्शन पूजन गर्ने गर्छन् । श्रीयन्त्रमा षोडशी त्रिपुरासुन्दरी भगवतीको पूजन-पद्धति ज्यादै गोपनीय छ । तिनैको दीक्षा प्राप्त भएका पूजारीहरूले मात्र विधिपूर्वक गर्दछन् । त्यो पूजा गर्दा श्री पशुपति मन्दिरको दक्षिण-पूर्व र उत्तरतर्फको ढोकाहरू बन्द गरिन्छन् र समाप्त भएपछि मात्र खुल्दछन् । श्री पशुपति एउटा शिवमन्दिर हुनुका साथसाथै यहाँ माथि बताइएसरह श्रीविद्याको पूजा हुने हुँदा यो एउटा महत्त्वपूर्ण शक्तिपीठ पनि हो । त्यति भईकन पनि नेपालमा अरू शक्तिपीठमा हुने पूजनभन्दा यहाँको पूजन फरक छ । अन्यत्र वामाचार पद्धतिबाट वीरभावले धेरैजसो मत्स्य, माँस, मदिरा, मुद्रा चढाएर पूजन हुने गर्छ भने यहाँ यिनीहरूको प्रयोग हुँदैन । शुद्ध सात्विक उपचार चढाएर दक्षिणाचारबाट यहाँ श्रीपशुपति र श्रीविद्या षोडशी श्रीत्रिपुरासुन्दरीको अर्चना गरिन्छ ।

पशुपतिमा नित्य पूजनदेखिबाहेक पनि प्रत्येक पूर्णिमामा महापूजा हुन्छ । त्यसबेला उहाँलाई पञ्चामृतले स्नान गराई विशेष उपचारहरूले पूजा गरिन्छ । त्यसदिन श्री पशुपतिको दक्षिणामुख अघोरमूर्ति श्री भैरव स्वरूप भएकाले वाम उपचारले पनि उहाँको अप्रत्यक्ष पूजन हुन्छ तर प्रत्यक्ष रूपमा

साक्षात् तिनीहरूको मूर्तिमा समर्पण गरिँदैन । त्यसभन्दा अतिरिक्त श्री पशुपतिको महाशिवरात्रि पर्वमा प्रत्येक प्रहरको विशेष पूजन गरिन्छ । बालाचतुर्दशीमा विशेष पूजा हुन्छ र पवित्रारोहण, दमनारोहण, छायाँ दर्शन आदि विभिन्न पूजाहरू वर्षका पर्वपर्वमा गरिने विधान छ ।

श्री पशुपतिका पूजकहरू

श्री पशुपतिका पूजकहरू मित्रराष्ट्र भारतका महाराष्ट्र, कर्नाटक, आन्ध्र प्रदेशका, श्रीपाशुपत र श्रीविद्याका उपासनाको परम्परा रहेको, निरामिष, सजातीय एक पत्नीव्रती, घाउ-चोट नलागेका-निर्मल संस्कार भएका द्रविड जातिका दाक्षिणात्य शुद्ध ब्राह्मणहरू दीक्षित हुन्छन् । उनीहरूले मात्र श्री पशुपतिका मूर्तिको स्पर्श गरेर नित्य-नैमित्तिक र काम्य पूजा वैदिक, पौराणिक एवं तान्त्रिक मन्त्रहरूको प्रयोग गरी विधिविधानपूर्वक गर्ने गर्दछन् । अरूलाई श्री पशुपतिको मूर्ति स्पर्श गर्ने र प्रत्यक्ष पूजन गर्न दिइँदैन । सर्वसाधारणले स्वेच्छापूर्वक गर्न चाहेको पूजा उनै पूजकहरूबाट मात्र गराउनुपर्ने हुन्छ । श्री पशुपतिको मन्दिरभित्र देवताको पूजा गर्ने जम्मा चार जना भट्ट ब्राह्मणहरू हुन्छन् । तीमध्ये एक जना मूलपूजक हुन्छन् । तिनलाई रावल अथवा मूलभट्ट भनिन्छ । अरू भट्टलाई पञ्चदशी र मूल अर्चकलाई षोडशी श्रीविद्याको दीक्षा हुन्छ । मूल अर्चक विवाहित हुनैपर्दछ र अरू विवाहित वा अविवाहित दुवै स्थितिका हुन सक्तछन् । उनीहरू शुद्ध वैदिक आचरणमा रहनुपर्ने व्यवस्था छ ।

श्री पशुपति प्राङ्गणबाहिर यसैको परिसरमै तान्त्रिक विधिबाट पूजा हुने केही देवताहरू छन् । तीमध्ये कसैलाई सर्वसाधारणले आफ्नै हातले छोएर पूजा गर्न पाउँछन् भने कसैलाई स्पर्श गर्न पाउँदैनन् र केही खास पुजारीबाटै पूजा गराउनुपर्ने हुन्छ ।

कल्पान्तरमा यसै सन्दर्भमा पुनः प्रलयपछि पृथ्वी जलमग्न भएका बेला ब्रह्मा र विष्णुबाहेक अरू कोही थिएन । सबै शून्य भएकाले ब्रह्मा र विष्णुमा रज र तमले ढाकेर विवाद भई म ठूलो लोकपति सर्वेसर्वा भन्ने पदका लागि झगडा हानाथाप हुन थाल्यो । यस्तो देखी दुवैको अभिमान तोड्न महाप्रभु महादेव, सृष्टिकर्ता, विश्व ब्रह्माण्डपति, चराचरपति ईश्वरबाट दुवै ब्रह्मा र विष्णुका बीचमा ज्योतिर्लिङ्गका रूपमा प्रकट हुनुभयो । उक्त ज्योतिको तापले पोली भाग्दै अँध्यारोतर्फ जान लागे । यो देखी ईश्वरबाट आज्ञा भयो– यस्तो घमण्ड नगर तिमीहरू, दुवै ठूला हौ तर संसारका अधिपति तिमीहरू होइनौ ।

जसले यो लिङ्गको उर्द्ध र अन्त फेला पार्छ, त्यो नै ठूलो हुनेछ भनेपछि दुवैलाई आफूभन्दा ठूलो अरू नै कोही भएको ज्ञान भई लिङ्ग ज्योतिलाई नाप्दै तल र माथितिर जान लागे । ब्रह्माजी उक्त लिङ्गको माथितिर र विष्णु मूलतिर लागे । जाँदा-जाँदा सात लोकपछि ब्रह्माजीलाई कामधेनुले देखी सोध्नुभयो । प्रभु यो चराचरको सृष्टिकर्ता होइबक्सेर पनि के का लागि यहाँसम्म कष्ट गरिबक्सियो । पृथ्वी तलमा र अन्य लोकमा समेत के भइरहेको छ, बुझ्ने दिव्य दृष्टिद्वारा देख्ने हजुर बताइबक्सियोस् । कामधेनुले यति भनेपछि ब्रह्माजी आज्ञा गर्नुहुन्छ । "पतिव्रता कामधेनु अरू खास काम केही छैन । म यो शिवलिङ्गको टुप्पो पत्ता लगाउन आएको हुँ ।" ब्रह्माजीका यस्ता वचन सुनी कामधेनु भन्छिन्– "हे प्रभु ! यो महान् ज्योतिर्लिङ्गको आदि-अन्त स्वयम् प्रभु जगत्पति देवादीदेव, महादेव महेश, शंकरबाहेक अरूले जान्दैनन् । अरू सूक्ष्म लिङ्गहरूमा म दूध चढाउँछु र त्यस लिङ्गमाथि केतकी र बन्धुक जवापुष्पहरू देख्छु, उनीहरूलाई पनि केही थाहा होला तर यस ज्योतिर्लिङ्गमाथि पाशुपत, अश्र रहेको हुन्छ, जसले जो त्यस नजिक पुग्दछन्, त्यसलाई टुक्रा-टुक्रा पारिदिन्छन् । यसैले यसको आदि अन्त पत्ता लगाउन कसैको सामर्थ्य देखिदैन । यस्ता कामधेनुका वचन सुनेपछि ब्रह्माजीले केतुकी र जवापुष्पलाई सोधनी गर्दा यस्तै उत्तर पाई आफू विष्णुभन्दा ठूलो भनिने अभिलाषाले कामधेनु केतुकी बन्धुक र जवापुष्पसमेतलाई मैले ब्रह्माजीलाई ज्योतिलिङ्गको अन्त टुप्पोमा देखेको हो भन्ने साछी बनाई पृथ्वीमा जान आग्रह गरे । झूटा कुरालाई सत्य हो भनी साक्षी वक्ता सूर्यचन्द्र रहेसम्म तल गिर्नुपर्ने हुन्छ । ठूलो पाप लाग्छ भनी भन्दा पनि ब्रह्माले सुख नदिई पृथ्वीतलमा ल्याइछाडे ।

उता विष्णु ज्योतिलिङ्गको मूल खोज्न लोकहरूलाई पार गर्दै आएको अनन्त नागले देखी स्वागत गरी संसारको सृष्टिका पालनकर्ता विश्वलाई जान्ने भएर आज के कामले हामीलाई दर्शन दिन यहाँ कष्ट गर्नुभयो भनेर सोधे । यो कुरा सुनेर श्री भगवान् विष्णु आज्ञा गर्नुहुन्छ, हे अनन्त ब्रह्मा र मेरोबीचमा प्रकट भएको ज्योतिर्लिङ्गको जसले आदि-अन्त पत्ता लगाउँछ, उही ठूलो हुन्छ भन्ने आदेश भएकाले हामी दुवै उर्द्ध र अन्ततिर हिंडेका छौं भनी ज्योतिर्लिङ्गको मूलको विषयमा अनन्तसँग सोध्दा यस लिङ्गको मूल त स्वयं श्री उमामहेश्वर, शिवशक्ति रूप आदि अन्त सृष्टि, स्थिति संहारका मालिकका पनि मालिक महादेवबाहेक अरूलाई थाहा छैन । यसभन्दा तल ज्योतिर्लिङ्गलाई एकदम विषालु सर्प र नागहरूले बेरिरहेका छन्, त्यसमा जान कसैको शक्ति चल्ने

छैन । हे प्रभु बरू फर्किबक्सियोस् । यस्ता वचन सुनी विष्णु पृथ्वी तलमा आउँदा ब्रह्मलाई कामधेनु, केतुकी, बन्धुक र जवापुष्पहरूलाई साक्षीका रूपमा साथ लिई बसिरहेको देख्नुभयो । भगवान् विष्णु आज्ञा हुन्छ । "पात्र सत्य असल भएमा साक्षीको जरूरत पर्दैन ।" यसरी ब्रह्मा आफूभन्दा ठूलो भएको देखी विष्णु लज्जित भई शोकाकुल भएको देखी पहिलेजस्तै आकाशवाणी भयो कि हे कामधेनु, केतकी, बन्धुक र जवापुष्पहरू हो, तिमीहरूले झूटा साक्षी बक्यौ, त्यसैले तिमीहरू मेरा सबैभन्दा प्यारा भए तापनि अब मलाई चढिने छैनौ र कामधेनु तिम्रो जुन मुखले झूटा बोल्यो, त्यसैले तिम्रो मुख अपवित्र होस् ।

यस्तो देखी ब्रह्मा, विष्णु दुवैले भगवान् शंकर ज्योति स्वरूप शिवको स्तुति गरे । त्यसपछि प्रसन्न भई शिवशक्ति रूप प्रभु आज्ञा हुन्छ– "ब्रह्मालाई सृष्टिकर्ता पितामह र विष्णुलाई पालनकर्ता पालक भन्ने छन्, तिमीहरू र ममा केही अन्तर हुने छैन तर त्यस्तो घमण्ड भने गर्नु हुँदैन ।" ब्रह्मा तिमीले सृष्टि र विष्णुले पालन गर्नू भन्ने भएपछि बह्मा बिन्ती गर्दछन्– "हे प्रभु, देवताको सय वर्षसम्म त यो पृथ्वी पानी पानी भयो, जलमग्न भयो । जलमा कसरी सृष्टि गर्ने ? ब्रह्माजीको यस्तो बिन्ती सुनेर शंकर भगवान्ले आफ्नो अङ्गबाट दुई नेत्र लामो, हात्तीको जस्तो सुँढ, एक हातमा बन्चरो र एक हातमा लड्डु लिएका विभिन्न आभूषणहरूले सोभित श्री गणेशजीको सृष्टि गर्नुभयो । यिनै आदि गणेश हुन् । त्यसपछि सूर्य र चन्द्रमाको सृष्टि गर्नुभयो, त्यसपछि अग्निको सृष्टि गर्नुभयो । यसरी सृष्टि गरिसकेपछि अग्निलाई जलमग्न पृथ्वीलाई फेरि प्रलय नभएसम्म सुकाइराख्न, बचेको पानी श्री गणेशजीलाई पिइदिन, सूर्यलाई दिनमा उज्यालो दिन र चन्द्रमालाई रातमा उज्यालो र शान्ति दिन आज्ञा दिई, ब्रह्मालाई सृष्टि र विष्णुलाई पालन गर्नू, म देवताको हजारौं करोड वर्षतक, ज्योतिर्लिङ्ग देवपूज्य भएर रहन्छु । सुवर्णमय, मुक्तिदायक, यो नेपाल पुरीमा प्राणीमा हामी नै औषधि हुनेछौं । त्यसपछि अधर्मीहरू बढ्ने छन् र हिन्दु आर्यहरू पनि वैदिक धर्म छाडी म्लेच्छजस्तै हुनेछन् । गुप्त रूपले रहेको मलाई त्यस बखत कसैले पत्तो पाउने छैनन् । जब म्लेच्छहरू नाश भइसक्दछन्, त्यसपछि कैयौं वर्षतक वनैवन हुनेछ । त्यसपछि म पशु रूपले कैयौं वर्षसम्म वन विहार गरी यही श्लेषमान्तक वनमा बस्नेछु । त्यसपछि देवता, दैत्य, दानव, ब्राह्मण, साधु सिद्धहरूले मलाई पशुपति भन्ने नाम राख्नेछन् र सो लिङ्ग जमिनमै धसिनेछ । कामधेनु आई दूध चढाई पुनः मलाई देखाइदिनेछिन् । देवताको हजारौं वर्षको सत्ययुग बितेपछि मेरो पाँच मुख भएको मूर्ति हुनेछ ।" ब्रह्मा र विष्णुलाई यति बताएर पुनः त्यही लिङ्ग रूप भई लीन हुनुभयो ।

यो सुवर्णपुरीलाई महेश्वरीपुरी पनि भनिन्छ । यो पुरी द्वापरमा आई माटो र काठको पुरीमा परिणत भयो । पहिले सुर्वण, स्फटिक, हीरा जुहारतले सजिसजाउ पुरी थियो । त्यसपछि ब्रह्मा र विष्णुले सृष्टि पालन गर्न थाल्नुभयो । जब कलियुग आयो फेरि उक्त लिङ्ग जमिनमै गुप्त भयो । त्यसपछि ब्रह्मा गोकर्णतर्फ र विष्णु चाँगु (दोलागिरी) तर्फ लागी शंकरका वचनअनुसार तपस्या गर्न थाले वाग्मतीको पानीले लिङ्ग पनि ढाक्यो, कामधेनु र गणेश पनि कोही गुफामा, कोही नैऋत्य दिशामा गएर द्वारपाल भई महादेवको आराधना गर्न लागे । एक दिन कामधेनु आई दूध चुहाइरहेको देखेर एक म्लेच्छले त्यहाँको माटो कोट्याई चाख्यो । खुबै मीठो भएकाले के रहेछ भनी खन्न लाग्यो । सबै यस्तो के होला भन्दै हेर्न आए । खन्दै जाँदा तेजिलो ज्योति भएको महालिङ्ग देखा पऱ्यो । जसको तेजले धेरै म्लेच्छहरू डढी मरेर शिवमै लीन भए ।

यस्ता धर्मकर्ममा चेष्टा नभएका म्लेच्छहरू पनि प्रभुमा लीन भएको खबर पाई ब्रह्मा र विष्णु त्यहाँ आई तेजोमय लिङ्गमाथि ढुङ्गाको उमा महेश्वर लिङ्ग बनाई स्थापना गर्नुभयो । जो तेजोमय लिङ्ग थियो, त्योचाहिँ जोकोहीले नदेख्ने खाली भगवान् विष्णुले स्थापना गरेको लिङ्ग मात्र देखियो । ब्रह्मा, विष्णु, शिवमय पाँच मुख भएको पशुपति ढुङ्गाको लिङ्ग प्रख्यात छ । यस्तो उमामहेश्वर लिङ्ग ब्रह्म जान्ने ब्राह्मणहरू स्थापना गरी पन्चो पचारले पूजा गर्दछन् । यहाँ धर्म र दानले रहित यस क्षेत्रमा फैलिएका म्लेच्छहरू पनि हे इसान भनी जात्रा चलाउने गर्दछन् । जुन मानिसले यस्ता पशुपति महालिङ्गको पूजा गर्दछ, सफा र शुद्ध भएका बखत वाग्मती स्नान गर्दछ र पशुपति पशुका रूप लिएका महादेवलाई भक्तिपूर्वक दर्शन गर्दछ भने त्यसको फल मुक्ति-भुक्ति हुन्छ भनिएको छ । श्री पशुपतिनाथ, केदारनाथको शिर हो । केदारनाथको मात्र दर्शन गरेर पूरा फल मिल्दैन । पशुपतिनाथको पनि दर्शन गर्नुपर्दछ । अनि मात्र पूरा फल मिल्छ ।

दिव्य हजारौं वर्ष (१२ हजार वर्ष) बितेपछि अधर्मीहरू धेरै भए । अधर्मी धेरै हुन लागेपछि ज्योतिर्लिङ्ग जमिनमै गुप्त भयो । देवताहरू स्वर्ग गए । पछि फेरि अधर्मीहरू कम हुँदै गएपछि देवताहरूको र सज्जन भक्तहरूको प्रेम हेर्न भगवान् भोलेबाबा शिवजी मृग रूप लिएर श्लेषमान्तक वनमा बिहार गर्न लाग्नुभयो । अधर्मी कम हुन लागेपछि देवताहरू पशुपतिनाथ ज्योतिर्लिङ्ग नदेखी खोज्दै गुहचेश्वरी कुण्ड नजिकै पुगेपछि एक परम् सुन्दरी कन्या देखी उनको तेजिलो मुखले यी पक्कै गुह्येकाली हुन् भनी उनको स्तुतिपाठ गरी शिवजीको

विषयमा सोधपुछ गर्न लागे । श्री गुहचेश्वरी प्रसन्न भई गुप्त रूप श्री पशुपतिनाथको ठेगाना भनिदिनुभयो । देवताले सत्विज वृष्टि गरे । यसबाट शिवजी खुसी हुनुभयो । यसपछि देवताहरूले मृगस्थलीमा पशुको बीचमा रहेका मृगरूप मृगेश्वरको दर्शन पाई प्रणाम स्तुति गरे ।

नेपालको देवपाटनस्थित श्री पशुपतिनाथ मन्दिर र यसको परिसरसमेतलाई अथर्ववेदमा धेरै मन्त्रहरूद्वारा वर्णन गरिएको छ भने यस क्षेत्रलाई महेश्वरपुर, उत्तरकाशी, पशुपतिपुरी, पशुपतिक्षेत्र भनी वेदपुराण, इतिहासमा पनि उल्लेख छ । सन् १९७८ मा विश्व सम्पदा सूचीमा प्राकृतिक तथा सांस्कृतिक संरक्षणसम्बन्धी युनेस्को महासन्धिअनुसार नेपालका ७ स्थानमध्ये श्री पशुपतिनाथ पनि प्रमुख एक हो ।

साहित्यिक प्रमाणले गोपालवंशका पालामा पशुपतिनाथको स्थापना भएको मानिन्छ तर अन्य धर्मग्रन्थ र पुराण प्रमाणका आधारमा यसको स्थापना ईसापूर्व भएको पाइन्छ ।

श्री पशुपतिनाथ नेपालको मात्र नभई विश्वभरिका हिन्दूहरूको एक मात्र पवित्र तीर्थस्थलका रूपमा रहिआएको छ । कालो मन लिएर आउनेले पनि श्री पशुपतिनाथको दर्शन गरी आफ्नो मनमा भएको कालो, फोहोर पखाली सफा बनाई फर्किन्छ । यसैले यहाँ दर्शनार्थीहरूको ठूलो भीड लाग्ने गर्दछ । महाशिवरात्रिमा नेपाल र भारतबाट असंख्य दर्शनार्थीहरू यस तीर्थस्थल पुण्य भूमिमा आई पुण्य कमाई फर्किन्छन् । २०३८ सालमा लिइएको तथ्याङ्कअनुसार महाशिवरात्रि, सत्विज वृष्टि गर्ने औंशी, तीज र जनै पूर्णिमामा पुण्य र मुक्तिका लागि मानिसहरूको सबैभन्दा बढी भीड लाग्दछ । जसमा लाखौंलाख मानिसहरू भीडका साथ दर्शन गर्न आउने-जाने भइरहने हुँदा सही तथ्याङ्क लिन मुस्किल पर्दछ । तर साधारणतया शनिबार १०,८७३ दर्शनार्थीहरूमा पुरूष ८,२५१ र महिला २,६२२ देखिन्छ भने प्रत्येक सोमबार ८,७३९ दर्शनार्थीमा पुरूष ५,०७० र महिला ३,६६९ देखिन्छ । यसैगरी एकादशीमा ९,७०५ दर्शनार्थीहरूमा पुरुष ६,२४५ र महिला ३,४६० ले दर्शन गरेको देखिन्छ । यसरी लिइएको तथ्याङ्कमा बढी संख्याले दर्शन शनिबार, सोमबार र एकादशीमा गर्दा रहेछन् भन्ने प्रस्ट हुन्छ । साधारणतया अन्य दिनहरूमा ३,५१५ दर्शनार्थीहरूमा पुरूष २,२७६ र महिला १,२३९ ले दर्शन गर्ने गर्दा रहेछन् । यसरी दर्शन गर्न आउने कत्ति मानिसहरूले कार्यालयको काम र घरायसी काममा समेत लाग्नुपर्ने भएकाले मनमा ईश्वरप्रति भक्तिभाव हुँदाहुँदै पनि मन्दिरमा आउन

नपाए तापनि मनले ईश्वरलाई सम्भिऋएकै हुन्छन् । यसैले दिनानुदिन बढ्दो जनसंख्याका आधारमा श्री पशुपतिनाथका भक्तहरूको संख्या पनि दिन-प्रतिदिन बढ्दैछ । श्री पशुपतिनाथको सत्य चित्त लिई दर्शन गर्दा ७ जन्ममा गरेको पाप नाश हुन्छ र ७ कुल अघिपछिसम्मका पुस्ताहरूसमेत शिवलोक जान्छन् भने यस जन्मको त के कुरा ?

धर्म भन्नाले ईश्वरको पूजा गर्नु, मन्दिर जानु मात्र गरेर पनि हुँदैन । यसका साथसाथै ईश्वरका सन्तान हामी नै हौं हामीहरूले प्राणी भएर प्राणीहरूको नै हित, सुख र शान्तिको कामना गर्न सक्दो प्रयत्न गरिदिनु नै धर्म हो । ईश्वर त साक्षी मात्र हुन् । कुनै पनि समाज प्रचलित ऐन-कानुनभन्दा धर्म, कर्तव्य, सत्यतारूपी कानुनदेखि बढ्ता डराई आफ्नो अनुशासनलाई कायम राख्दछन् । सबैलाई पाप लाग्छ भन्ने डर हुन्छ । धर्म नहुँदो हो त आज हामी संसारमा स्वतन्त्रतापूर्वक हाँसी-हाँसी बाँच्न नै कहाँ पाउँथ्यौं र ? त्यसैले सत्य नै शिवलाई सुन्दर लाग्छ र त्यसैअनुरूप हाम्रो दैनिकी बनाउनु नै शिवपूजा गर्नु र जीवन शिवमय कल्याणमय बनाउनु हो ।

हाम्रो प्रारब्धमा भएको भए सबै कुराहरू आफैं आइलाग्दछन् । अझ नीतिमा यो पनि भनिएको छ कि जसको घरमा उल्टो काम भएको हुँदैन, सनातन धर्म र नीतिअनुरूप नै चलेको हुन्छ, चुकेको हुँदैन, त्यस्तो घरमा कहिले पनि उल्टो हुँदैन । यो पनि उदाहरण दिन सकिन्छ कि जो स्थितप्रज्ञ पुरुष छ, उसलाई विषयभोग, लोभ, लालच र अन्य कुकृत्यहरूले समेत अलिकति पनि असर गर्न सक्तैन । कयौं उर्लने धमिला खहरेहरूले पनि त समुद्रको निश्चलता र निर्मलतालाई धमिल्याउन र हल्लाउन पनि सक्तैनन् । फेरि जोसुकैले, जुनसुकै, जतिसुकै गोप्य रूपमा गरेको आपराधिक कार्य किन नहोस्, सबैबाट छिपे तापनि हाम्रो आफ्नै अन्तरआत्मामा रहेको ज्योतिरूप आत्मा ईश्वरबाट छिप्न सक्तैन । अनि अन्तमा त्यही आत्मारूपी ईश्वरले सधैंभरि झस्काई, झस्काई दु:खको अनुभव गराई सन्तोषी र सुखी बन्न दिंदैन । यसैले हाम्रो चञ्चल मनलाई विषयभोग र अन्य कुकृत्यहरूमा समेत खर्च नगरी भागवत् भक्तिरूपी ईश्वर, परमेश्वरको भजन-कीर्तन र दु:खीहरूको सेवामा लगाई यस जन्ममा सधैंभरिको सन्तोष र सुखलाई जितौं र मोक्ष प्राप्त गरी स्वर्गभन्दा माथि शिव (ईश्वर)कै चरण कमलमा रहन सकौं । यही नै हाम्रो जीवनको कर्तव्य र जन्मनु जन्माउनुको उद्देश्य हो ।

ॐ

काठमाडौं, यहाँका राजा र बुद्ध धर्मको प्रभाव

समुद्र सतहबाट ४,७०० फिट अग्लो उपत्यकालाई ५ देखि ८ हजार फिटसम्म अग्ला मणिचूड, चन्द्रागिरी, शिवपुरी र फूलचोकीजस्ता पर्वतमालाले वेष्ठित गरेर राखेको छ । वंशावलीअनुसार विपश्वी बुद्ध आई गुह्येश्वरीमा कमल रोपेका थिए भन्ने छ । मञ्जुश्री र उनका चेलाहरू यस उपत्यकामा चीनबाट आएका थिए । विपश्री बुद्ध सत्य युगमा यहाँ आए । यिनैले रोपेका कमलमा स्वयम्भूको अलौकिक ज्योति प्रादुर्भाव भयो । वैशाख पूर्णिमाको दिन शिखिबुद्ध यहाँ आएर स्वयम्भूको ध्यान गरी त्यसै ज्योतिमा लिन भए । त्यस्तैगरी विश्व भू-बुद्ध अनुपम नाउँको नगरबाट आएर स्वयम्भूको दर्शन गरी फूलचोकी पर्वतमा गई बसे । त्रेतायुगमा महाचीनबाट आएका मञ्जुश्री बोधिसत्वले चोभारबाट उपत्यकाको नागदहबाट जल बगाइदिए । उहिल्यै स्वयम्भूदेखि गुह्येश्वरीसम्म सहर बसाएर धर्माकर भन्ने क्षेत्रीयलाई राजा बनाई सहरको "नाम मञ्जुपतन" राखेका थिए । त्रेतायुगमा नै मञ्जुश्रीपछि ऋकुच्छन्द बुद्ध आई फूलचोकीमा बसे, यहाँ उनका गुणध्वज, ब्राह्मण र अभ्यन्दन क्षेत्रीयसहित ७०० शिष्य थिए ।

द्वापर युगमा शोभावतीबाट कङ्कमुनि बुद्ध स्वयम्भू तथा गुह्येश्वरीको दर्शन गर्न नेपाल आए । यिनैले स्वयम्भूको विशाल चैत्य निर्माण गराएका हुन् भनिन्छ । साथै वसपुर, अग्निपुर, वायुपुर, नागपुर तथा शान्तिपुर नाउँका महत्त्वपूर्ण कुटीहरू स्वयम्भूका नजिकै यिनैले निर्माण गराएका हुन् ।

यसपछि काशीबाट काश्यप बुद्ध स्वयम्भू र गुह्येश्वरीको दर्शन गर्नका लागि नेपाल आएका थिए । राजा धर्माकर नि:सन्तान भएपछि नेपालमा ऋकुच्छन्द बुद्धसँग आएका धर्मपाल मञ्जुपतन (नेपालका) राजा भए । उनीपछि उनैका

वंशज सुन्धवाले राज्य गरे । त्रेतायुगमा पनि यिनको राज्य रहेको र इक्षुमतीका किनारमा संकास्य नामको सहर बसाएका थिए । यी राजा जनकपुरको सीता स्वयम्वरमा गई त्यहीं युद्धमा मारिएका थिए । त्यसपछि राजा जनकले आफ्ना भाइ कुशध्वजलाई नेपाल (काठमाडौंमा) राजा हुन पठाएका थिए । तिनका तीन पुस्ताले यहाँ राज्य गरे । त्यसपछि गौडका राजा प्रचण्डदेवका पुत्र शक्तिदेव गौड बंगालबाट आई शासन गरे । यिनैका वंशमा गुणकामदेव तथा सिंहकेतु राजा भए । त्यसपछि सिंहलदीप लङ्काबाट आएका व्यापारी सिंहलको शासन उपत्यकामा रहेको पाइन्छ । त्यसपछि सर्वानन्द भन्ने व्यक्ति बाहिरबाट आई राज्य गरेका थिए । त्यसपछि किराँतीहरूले राज्य गरेका थिए । किराँतहरू शैव थिए तर त्यसबेला भारतमा बौद्धहरूको प्रबलता थियो । राजा अशोकले बुद्ध धर्मको प्रचार-प्रसारमा ठूलो प्रयत्न गरेका थिए । उनैले बुद्ध जन्मेको ठाउँ नेपालमा आई बुद्धको जन्मस्थलो लुम्बिनीमा “अशोकस्तम्भ” पनि खडा गरे ।

यो सहरमा ज्ञान आर्जनका लागि आर्य, श्रृषि, मुनि, सिद्ध, साधु र बौद्ध मुनिहरूका साथै देश भ्रमणको इच्छा गर्ने ब्राह्मण, क्षेत्रीय, वैश्य, व्यापारी, शिल्पी विभिन्न प्रकारका जाति र भक्तहरूको आवागमन र बसोबास भएको पाइन्छ । यो सहर एक समयमा बुद्ध धर्मद्वारा निकै प्रभावित थियो ।

पशुपतिमा बौद्धप्रभाव

यस अवधिमा नेपालमा तान्त्रिक मतको प्रभाव बढिरहेको थियो, बौद्ध शैव शक्ति तान्त्रिक मतको प्रचार पनि कम थिएन । पठनपाठन लेखन पनि तन्त्रशास्त्रकै अधिक थियो । त्यसैले सामान्यतः उमामहेश्वरका (सपरिवार) मूर्ति बने, बौद्धविहार शक्तिपीठहरूमा विभिन्न खालका चित्र-विचित्रका तान्त्रिक देवदेवीका मन्दिर मूर्तिहरू बनिरहे, पशुपतिमा पनि बौद्धाचार्यहरूको वामाचार अनुसारको पूजाविधिले पनि प्रश्रय पायो । पछि आमर्द्दक मठका शङ्कराचार्यहरूको आगमन भएपछि पशुपतिको पूजामा पुनः शैवसम्प्रदायको प्रभाव बढ्यो । पाशुपताचार्यहरूको श्रीयन्त्र त्रिपुरासुन्दरीसहितको सात्विक पूजाविधि कायम भएपछि पनि चलिसकेको बौद्ध प्रभाव वामाचारी विधि कुनै रूपले रहिरहेको छ भने पशुपतिको नाममा चलेको वामाचारविधिको तामसी पूजा प्रत्येक पूर्णिमाको साँझ कीर्तिमुख भैरव मूर्तिमा सीमित गरिएको छ ।

किंवदन्तीमा देवपत्तन काठमाडौं

आदिकालमा नेपाल जङ्गलले ढाकिएको वन उपवन उद्यानहरूले सुशोभित थियो । त्यसवेला यहाँ मनुष्यहरू थिएनन् । यहाँ ऋषि र राक्षस दुई जाति मात्र रहन्थे । ऋषिहरू तपश्चर्या गर्दै फलफूल, कन्दमूल खाई दिन बिताउँथे भने राक्षसहरू, ऋषिलगायत अन्य जलथलका प्राणीहरूलाई मारेर खान्थे । यसैबाट जीविका चलाउँथे । राक्षसहरूको राजाले सिकार गर्न र आहारा जुटाउनका लागि नोकरहरू तैनाथ गर्दथे । एवंक्रमले चल्दै जाँदा एउटा नोकरलाई राक्षस राजाको यो हिंस्रक चाल मन परेन र ऊ विरक्त भई आर्यघाटमा तपश्चर्या गर्न थाल्यो । केही दिनपछि नोकरले सिकार गर्न छाडी तपस्यारत रहेको खबर राक्षस राजाकहाँ पुग्यो, राजाले धेरै सम्झाइबुझाइ हिंसा गर्ने पुरानो काममा प्रवृत्त गराउन प्रयत्न गर्दा नोकरले मानेन ।

राक्षस राजाले सो अवज्ञा गर्नेलाई मार्ने प्रयत्न गऱ्यो । तर तपस्याका प्रभावले नोकर धेरै बलशाली भइसकेकाले दुवैवीच भयानक युद्ध भयो, एकअर्काका घात प्रतिघातले गर्दा दुवै त्यहीं मरे । तत्पश्चात् आर्यघाट पशुपतिका मरणका पुण्य फलले गर्दा नोकर राक्षस मणिचूडको मुखिया भयो भने मालिक राक्षस कान्चीपुरमको राजा भयो । यसरी राक्षसको मृत्यु भई सबै पाताल गएपछि यस पुण्यभूमिमा देवताहरू राज्य गर्न लागे र कालक्रमले मनुष्यहरू पनि बसोबास गर्न थाले त्यो पुण्यात्मा राक्षस राजाले तपोवृत्तिका कारण गुह्येश्वरीको तपस्या गर्न थाल्यो । उसका तपका प्रभावले गुह्येश्वरी प्रसन्न भई पशुपतिक्षेत्रको राजा हुन पाउने वरदान दिनुभयो । गुह्येश्वरीका वर प्रसादले दानवले राज गर्ने हुँदा सबै देवता काशी बास गए । त्यहाँ र पशुपतिमा मन्दिरहरूको स्थापना र मन्दिरहरूको बनावट एकै प्रकारको छ । उक्त राजा तपस्या र गुह्येश्वरीको भक्त भएकाले राज्य संचालन गर्दा पनि देवस्व हरण गरे कि भनी पछुतो लागेर काशी गई देवताहरूलाई ल्याई राज्य गर्न अनुरोध

गरे तर त्यहाँका जनताले देवराज्यभन्दा मनुष्यराज्य नै हाम्रा लागि सुखकर, शान्तिजनक छ भनी राजालाई नै देवता विष्णुका रूपमा मानी राजालाई यथावत् राखेका थिए । मनुष्य जसले प्रजालाई देवताबाट अपेक्षा गरिएका अभावहरू हटाई सुख-शान्ति-समृद्धि प्रदान गरेका थिए । यस्ता देवताहरू अग्निमुख भई होमहोमादिबाट राजाले ईश्वरलाई तृप्ति गर्ने काम भयो । यसरी देवताहरूको पराजय भई यहाँबाट विस्थापित भई काँशी गएकाले देवपत्तन नाम रहेको भन्ने भनाइ छ ।

ॐ

श्री पशुपतिनाथको पूजा-अर्चना

श्री पशुपतिनाथको दर्शनक्रम

दर्शन गर्ने आफ्नै नियमहरू हुन्छन् । नियमबमोजिम नै परिक्रमा दर्शन गर्नु उचित हुन्छ । पशुपति दर्शन गर्दा दुई कुराको विशेष ध्यान पुऱ्याउनु पर्दछ । ती हुन्, **शिवस्यार्ध परिक्रमा** र यसको अर्थ शिवको पूरा परिक्रमा नगरी आधा परिक्रमा गर्नु भनेको हो । शास्त्रको अर्को निर्देशन **सोमसूत्र न लङ्घयेत** अर्थात् शिवनिर्माल्य जल खस्ने स्थललाई ननाघ्नु भन्ने छ । पूरा परिक्रमा गर्दा उत्तरपट्टिको जलहरिबाट जल खस्ने निर्माल्य नाघिने हुँदा नै मन्दिरको अर्ध परिक्रमाको निर्देशन भएको हो । पशुपति मन्दिरको परिक्रमा दर्शन आफ्नो शक्ति, सामर्थ्य र समयअनुसार क्रमशः पशुपतिको लिङ्ग, मन्दिर, प्राङ्गण मात्रको र वरपरको क्षेत्रसहितको दर्शन गर्न सकिन्छ ।

रूद्राक्ष र बेलपत्रको महात्म्य

भगवान् शिवलाई बेलपत्र र रूद्राक्ष अत्यन्त प्यारो हुनाले बिल्वपत्र (बेलपत्र) चढाउनु उत्तम मानिन्छ । त्यस्तै शिवको अनन्य भक्ति कृपा पाउन सबै शिवभक्तहरूले रुद्राक्ष धारण गर्नुपर्छ । रुद्राक्ष धारण गरेर रुद्राक्ष नै चढाई गरेको शिवपूजा पूर्ण मानिन्छ । भगवान्‌लाई अर्पण गरेर लगाएको रुद्राक्षको मालाले सबै पाप नाश गरेर व्यक्तिविशेषलाई नै शिव रूप बनाउँछ भन्ने शास्त्रीय वचनहरू पाइन्छन् । सबै शिवभक्तहरूले एक वा सोभन्दा बढी रुद्राक्ष धारण गर्छन् । नेपालमा हाल इन्डोनेसिया र भारतको आसाम प्रान्तबाट पनि सानासाना काला दानका रुद्राक्षहरू आयात गरिन्छन् । कसैकसैले त्यसलाई रुद्राक्ष नभनी भद्राक्ष भन्ने गरेको पनि पाइन्छ । पूर्वी नेपालको धरान, विजयपुर, भोजपुर, दिङला, संखुवासभामा रुद्राक्षका दानाहरू केही ठूला र फुस्रो, खैरो, रातो रङ्गका हुन्छन् । एक मुखदेखि चौध मुखसम्मका रुद्राक्षको विशेष महात्म्य पुराणहरूमा वर्णन गरिएको छ । यदाकदा एउटै दानामा दुई दान जोडिएको पनि पाइन्छ । गौरीशङ्करको संयुक्त रूपमा यसको

विशेष महत्त्व छ । पशुपतिनाथलाई रुद्राक्षको माला चढाई अर्पण गरी सो माला धारण गर्नु, घरमा राख्नु र त्यसैबाट शिव पञ्चाक्षरी मन्त्र जप्नु सबै शिवभक्तहरूका लागि शास्त्रीय निर्देशहरू पाइन्छन् । रुद्राक्षमा नेपालमा उत्पादन भएको रुद्राक्षलाई सर्वश्रेष्ठ मानिन्छ । रूद्राक्ष सम्बन्धमा तल छुट्टै चर्चा गरिनेछ ।

शिवलिङ्गको वा पशुपतिको उपासनापद्धति प्रागैतिहासिक कालदेखि चल्दै आएको देखिन्छ । अहिले पाकिस्तानको सिन्धमा अवस्थित मोहेन्जोदडो नामक स्थानमा पुरातात्त्विक उत्खननद्वारा पाइएका धेरै पुरातात्त्विक वस्तुहरूमा शिवलिङ्ग पशुपतिको आकारका चिन्ह तथा पशुचित्र अङ्कित मुद्रा मूर्तिहरू फेला परेका छन् । यसबाट पुरातात्त्विकहरूले अन्दाजी पाँच हजार वर्ष पहिलेदेखि नै शिवलिङ्ग, पशुपति र शक्तिस्वरूप देवीको उपासनापद्धति चलेको थियो भन्ने ठहऱ्याएका छन् ।

नेपालमा शैव वैष्णव शक्ति बौद्धधर्म मान्ने मानिसहरू पहिले पनि थिए, अहिलेसम्म पनि छन् । लिच्छविकालमा त ब्रह्मा व्यास वैशम्पायन आदि ऋषिमुनिलाई मान्ने धर्मात्मा वैदिक विद्वान् पनि केही मात्रामा थिए । तर यहाँ धर्ममा विभेद, धार्मिक कलह कहिल्यै पनि भएन । यद्यपि शास्त्रमा वादविवाद चर्चा-परिचर्चा भए पनि विधि विधानमा पृथक्पृथक् भए पनि धर्मलाई लिएर व्यवहारमा जनस्तरमा धार्मिक कलहचाहिँ कहिल्यै भएन ।

वि.सं. ९३६ मा पशुपतिको नाममा नयाँ संवत् प्रचलनमा आयो (पशुपतिभट्टारकसंवत्सर प्रवृत्तिकृता) यसरी राष्ट्रदेव पशुपति भट्टारकको नाममा संवत्सर चलेको यो नेपालको इतिहासमा भएको विशिष्ट नौलो घटना थियो । यसरी नै अहिलेभन्दा २०६७ वर्षपहिले मालवगणल कृत (सत्ययुग) संवत् चलाएका थिए । पछि आएर सो विक्रम संवत् कहलायो, त्यस्तै पहिलेको पशुपति संवत् पनि पछि आएर नेपाल संवत् कहलायो ।

श्री पशुपतिको पहिलो दर्शन र दर्शनक्रम

पहिलो मन्दिर प्राङ्गणबाहिरको पश्चिम ढोकाबाट मन्दिरमा प्रवेश गरिन्छ । पश्चिम ढोका मुख्य प्रवेशद्वारको दायाँ-बायाँ गणेशकुमारको दर्शन गरी सर्वप्रथम पश्चिम नै गजुरको दर्शन गरी ठूलो बसाहालाई दायाँ पारी, पूर्व बढ्दै त्रिशूल, अन्नपूर्ण, ज्वरहरेश्वर दायाँ पारी सानो मन्दिरभित्र रहेको चण्डेश्वरको दर्शन गरी केही सिँढी उक्ली गोसाइँस्थान महादेवलाई दायाँ पारेर वासुकीनारायणको दर्शन गर्नुपर्दछ । हिमवत्खण्डमा वासुकीनारायणको

दर्शन नगरी श्री पशुपतिको दर्शन गर्दा निष्फल हुने वर्णन पाइन्छ। त्यसैले उक्त मन्दिरलाई प्रदक्षिणा गरी गुप्तेश्वर, सिद्धेश्वरको दर्शन गरी जलशायी नारायणको दर्शन गर्ने र लालगणेशको दर्शन गरेर सँगैको मन्दिरमा रहनुभएको कृष्णजीको दर्शन गर्ने गरिन्छ। त्यसपछि चाँगुनारायण र सरस्वतीको दर्शन गरेर मुक्तिमण्डप अगाडिको पर्खालबाट पूर्वतर्फ तल श्री वाग्मती र श्रीयन्त्रसहितको गंगामाईको मन्दिर, मृगेश्वर बिरुपाक्ष मन्दिर दर्शन गरेर मुक्तिमण्डपमा व्यासासनतर्फ फर्की एकाध क्षणमात्र भए पनि बसी व्यासासनलाई प्रणाम गरेर मुक्ति मण्डपकै श्री सन्तापहरेश्वरको दर्शन गर्नुपर्छ। त्यसपछि कृष्णको दर्शन गरी कीर्तिमुख भैरव र शीतालाको दर्शन गरेर उन्मत्त भैरवको पेटीमा बस्दै मन्दिरको गजुरको दर्शन गरी उन्मत्त भैरवको दर्शन गरेपछि अनि श्री सप्तमातृका दर्शन गरेर बाहिर निस्की नवग्रहको प्रदक्षिणा गर्ने चलन छ। त्यसपछि धर्मशिला (तामाको पाताले ढाकेको) को दर्शन गरेर मात्र मुख्य मन्दिरको सिँढी चढ्नुपर्छ। त्यसपछि मन्दिरभित्र प्रवेश गर्नुपर्छ र भित्र दक्षिण-पश्चिम (नैर्ऋत्य) कोणबाट भगवान् ईसान शिवको ऊर्ध्वमुखको दर्शन गर्ने, ईसान शिवको दर्शन गर्दा वेदको पुस्तक, अभय वरद मुद्रा, अंकुश, पाश, टंक (छिनो), कपाल ढक्का (डमरू), अक्षमाला, त्रिशूल हातमा लिएका, उज्ज्वल वर्णका, पाँच मुख भएका, परम प्रकाशमान इसान रूपको ध्यान गर्दै दर्शन गर्ने।

प्रार्थना :

"वेदाभयेष्टाङ्कुशपाशटङ्ककपालढक्काक्षकशूलपाणिः।
सितद्युतिःपञ्चमुखोऽवतान्मामीशान-मूर्ध्व परमप्रकाशः॥"

यसपछि भित्रैबाट पूर्व ढोकामा गई पूर्व मुहारको दर्शन गर्ने।

पूर्व मुहारमा तीन आँखा शिरमा जटा, घाँटीमा रुद्राक्षको माला, चम्केको बिजुलीको जस्तो सुनौलो वर्ण, वेदको पुस्तक वर र अभय मुद्रा, परशु अर्थात् बन्चरो लिएका चार मुख र तीन आँखा भएका तत्पुरूष शिवको ध्यान गर्दै दर्शन गर्नुपर्छ।

प्रार्थना :

"प्रदीपविद्युत्कनकावभासो विद्यावराभीतिकुठारपाणिः।
चतुरर्मुखस्तत्पुरुषस्त्रिनेत्रः प्राच्यां स्थितो रक्षतु मामजस्रम्॥"

पूर्व ढोकाबाट पूर्व मुहारको ध्यान, दर्शन सकेर पुनः दक्षिण ढोकाबाट भगवान् अघोर शिवको दर्शन गर्नुपर्छ।

यिनलाई श्रीभैरवको प्रतीक मानिन्छ । यिनलाई गुरूवक्त्र पनि भनिन्छ । यसमा शान्त एवं अघोर दुवै भावको सम्मिश्रण हुन्छ । यिनी कल्याणकारी तथा विनाशकारी दुवै हुन् । यिनका हातमा बञ्चरो, वेदको पुस्तक, अंकुश, पाश, त्रिशूल, कपाल, ढक्का, अक्षमाला लिएका चार मुखवाला नीलो वर्णको अघोर मूर्तिको दर्शन गर्ने ।

प्रार्थना :

"कुठारवेदाङकुशपाशशूलकपालढक्काक्षगुणान् दधानः ।
चतुर्मुखो नीलरुचिस्त्रिनेत्रः पायादघोरो दिशि दक्षिणाम्याम् ॥

तत्पश्चात् यसै मुहारको तल नाभीमा देवताहरूद्वारा वन्दना गरिएका, समस्त देवीदेवता, नाग आदिबाट पुंनागबकुलादी पुष्पले पूजित, हजारौं सूर्यको समान, तेजस्वी संहारकारी, पातालवासी कालग्निंरुद्र हाटकेश्वरको ध्यान, चिन्तन, मनन गरी दर्शन गर्नुपर्छ ।

प्रार्थना :

यं वेदान्तनितान्तसत्तमगुणैः संपूजितं चामरैः
पुंनागाम्बुजनागपुष्पबकुलैर्नागासुराद्यर्चितम् ।
नित्यं भानुसहस्रदीप्तकिरणैः कालाग्निरुद्रोपमम्
तत्संहारकरं नमामी सततं पालालसंस्थ मुखम् ॥

तत्पश्चात् दक्षिण ढोकाबाट बाहिर निस्की उत्तर ढोकाबाट, भित्र पस्नुपर्दछ । पशुपतिको उत्तर मुख वामदेव हो । यो अर्धनारीश्वर रूप पनि हुनाले बायाँ कानमा नाग, कुण्डल र दायाँ कानमा कमलाकार गहना अर्थात् नारीरूप देखाइन्छ अर्थात् वामदेवको दाहिने भाग पुरुषको र देब्रे भाग स्त्रीको हुन्छ । यिनका हातमा वरद मुद्रा, अक्षमाला, अभय मुद्रा, टंक र कमलको केशरजस्तो वर्ण भएका तीन आँखा चार मुख भएका यस्ता वामदेवको चिन्तन, मनन, ध्यान गर्दै दर्शन गर्नुपर्छ ।

प्रार्थना :

"वराक्षमालाभयटंकहस्तःसरोजकिंजल्कसमानवर्णः ।
त्रिलोचनश्चारु चतुर्मुखो मां पायादुदीच्यां दिशि वामदेमः ॥"

यसरी उत्तर ढोकाको ध्यान गरिसकेपछि उत्तरबाट पश्चिममा आउने । पश्चिमपट्टिको पशुपतिका मुहारलाई सद्योजात भनिन्छ । अर्थात् भर्खर जन्मिएको बालकको जस्तो तेज र सौम्यता यस मुहारमा हुन्छ । यिनी तीन नेत्र भएका र मुकुट धारण गरेका हुन्छन् । कुन्द, इन्दु, शङ्ख र स्फटिकजस्तै

उज्ज्वल वर्ण भएका हातमा वेद, अक्षमाला, वरद, अभय धारण र मुद्रा भएका तीन आँखा र चार मुख भएका सद्योजातको ध्यान गरी पश्चिम मुहारको दर्शन गर्नुपर्छ । कसैकसैको मतमा सद्योजातको पहिले दर्शन गर्ने विधान पाइन्छ ।

प्रार्थना :

कुन्देदुशंखस्फटिकावभासो वेदाक्षमालावरदाभयाङ्क ।
यक्षश्चतुर्वक्त्र उरुप्रभावः सद्योऽवतु मां प्रतीच्याम् ॥"

पशुपतिको जल श्रद्धापूर्वक शिरमा धारण गर्ने तर प्रसादस्वरूप बेलपत्र शिरमा धारण गर्न हुँदैन । यसरी दर्शन गरी तल ओर्ली हनुमानको दर्शन गरेर । श्री सत्यनारायणको परिक्रमा दर्शन गरी पश्चिम ढोकाबाट पुनः एकपटक गजुर दर्शन गरेर क्षमायाचना गर्दै बाहिर निस्केका खण्डमा पशुपतिको परिक्रमा, दर्शन पूरा मानिन्छ । चारै ढोका खुला नभएको बखतमा भक्तजनहरू दर्शनार्थ जानुभएको छ भने पनि पहिलेकै क्रमले दक्षिण, पूर्व, उत्तर, पश्चिम ढोकाबाटै श्री पशुपतिको दर्शन गर्ने र मन्दिरको चारै ढोकाको दायाँ-बायाँ तल रहेका आठ भैरवमाथिका अष्टमातृकाहरूको पनि दर्शन गर्नु शास्त्रोक्त विधियुक्त हुनेछ ।

शंकराचार्य :

भगवान् शंकराचार्यको जन्म ई.सं. ७८८ (वि.सं. ८५५) मा दक्षिण भारतको तामिलनाडूमा एउटा अलौकिक व्यक्तित्वका रूपमा भएको थियो । जसले १२ वर्षमा सम्पूर्ण वेद र शास्त्रहरूको अध्यायन सकेर वैदिक धर्मको पुनरोत्थानका लागि स्वदेश र विदेशका विभिन्न ठाउँमा भ्रमण गर्दै मठहरूको स्थापना र वैदिक हिन्दू धर्मको संरक्षण तथा सम्वर्द्धन गर्नुभयो । नेपालमा त्यतिबेला पशुपतिको पूजासमेत बन्द भएको अवस्थामा शंकराचार्यले थाहा पाई योगबलले आकाशमार्गबाट श्री गुह्येश्वरीमा आई पूजा-वन्दना गरी तत्पश्चात् जुठ्यान बनाई पूजा बन्द भएको श्री पशुपतिनाथमा फोहोरमैला सफा गराई अवरोधहरूलाई बल, बुद्धि, विद्याले जिती पहिले श्री पशुपतिनाथमा नित्य अर्चना गरी पछि दक्षिण भारतबाट सिद्ध विज्ञ भट्ट ब्राह्मणबाट दैनिक पूजा सञ्चालन गर्ने व्यवस्था गरी मठसमेत स्थापना गर्नुभएको थियो ।

शङ्कराचार्य र शैवधर्म :

बाह्रौं शताब्दीको उत्तरार्द्धतिर आमर्दक मठका महन्त शङ्कराचार्य शिष्य प्रशिष्यका साथ काशीबाट दुईपल्ट नेपाल आएपछि शैवमतको प्रचार शैव आगमको जोडतोडसँग अभ्यास हुनथाल्यो । शैवतन्त्र जान्ने पाशुपताचार्यहरूको पनि प्रभाव बढ्यो । त्यसबेला शिवदेवराज सबै धर्म मान्ने भए पनि उनले

विशेष परमशैव भन्ने उपाधि लिन लागे । उनका उत्तराधिकारी र छोराहरू पनि शिवदीक्षा लिएर परमशैव कहलाए । सिम्रौनगढ़, काठमाडौं र बनेपाका राजकुमारहरूले शिवदीक्षा लिए, राजपरिवार अन्य प्रजाजनको पनि शिवदीक्षा लिन घुइँचो लाग्यो । स्वामीहरू पशुपतिमा तथा विष्णुमतीमा अखडा जमाएर अनेक तन्त्रशास्त्रहरूको व्याख्या दिन लागे । यिनीहरू ब्रह्मयामल उत्पलयामल रुद्रयामल वंशलयामलहरूको गफ गर्थे । शिष्यहरूलाई मुद्रामन्त्र आगम शैवशास्त्र सिकाउँदै दीक्षा मन्त्र सुनाउँथे । पशुपतिको पूजामा अब पहिलेजस्तै पाशुपताचार्य रहन लागे, शिवालयहरूमा पाशुपतधर्मीले नै ब्राह्मणले प्रश्रय पाउन लागे ।

वि.सं. १४०६ मंसिरमा बङ्गाली समसुद्दिन ठूलो मुस्लिम सैन्यसाथ आएर पशुपतिलगायत ती सहर ध्वस्त पारे ।

श्री पशुपतिको दर्शन समय-तालिका

श्री पशुपतिको नित्य पूजा हरेक दिन बिहान ९:३० बजे प्रारम्भ भई ९:३० बजे चारै ढोका खुल्ने भए तापनि श्री पशुपति मन्दिरको पश्चिम ढोका बिहान ४:०० बजे नै खुल्ने गर्दछ । सामान्यत: गर्मी महिनामा बिहान ४:०० बजे, हिउँद महिनामा बिहान ४:३० बजे पशुपति मन्दिरको पश्चिम ढोका खुल्दछ । यसरी बिहान ४:०० बजे ढोका खोल्नुभन्दा अगाडि ढोका खोल्ने भण्डारीले शुद्धताका केही निश्चित नियम पूरा गर्नुपर्ने हुन्छ । उनीहरूले बिहान दर्शनका लागि आएका भक्तजनहरूको पूजा गर्ने, प्रसाद वितरण गर्ने गर्छन् । हरेक दिन हुने पूजालाई समयको हिसाबले तीन भाग वा चार भागमा बाँड्न सकिन्छ । बिहान ४:०० बजेदेखि ९:०० बजेसम्म पूजाको तयारी, बिहान ९:०० बजेदेखि १२:०० बजेसम्म अभिषेक, रूद्री, स्नान र पञ्चामृत पूजा, १२ बजेदेखि २:०० वा २:०० वा २:३० बजेसम्म शृङ्गार, नित्यपूजा र २:३० बजे सामान्यत: मन्दिर बन्द हुने गर्दछ । यसरी २:३० बजे मन्दिर बन्द भएपछि साँझ पुन: आरतीका लागि हिउँद महिनामा ५:०० बजे, गर्मी महिनामा ५:३० बजे पशुपति मन्दिरको पश्चिम ढोका खुल्दछ । हिउँद महिनामा ६:०० देखि ७:०० र गर्मी महिनामा ६:३० देखी ७:३० बजेसम्म आरती हुने गर्दछ । आरती हुँदा चारै ढोका खुला रहन्छ ।

श्री पशुपतिको नित्यपूजा

बिहान ८:३० बजे भट्टजीहरू मन्दिर प्रवेश गरेपछि अघिल्लो दिनको शृङ्गारलाई उतारी आदिकलश स्नानबाट नित्यपूजाको सुरुवात हुन्छ । आदि

कलशको अभिषेक सामान्यत: ९:१५ बजे हुन्छ र ९:३० मा चारै ढोका खुल्दछ । यसरी ९:३० बजे चारै ढोका खुलेपछि अभिषेक स्नान र भट्टजीहरूले रुद्री पाठ गर्ने गर्दछन् । भट्टजीहरूले एघार आवृत्ति रूद्री पाठ गरेपछि करिब १२:०० बजे स्नानको काम पूरा भई धूप र पञ्चामृत चढाउने काम हुन्छ । त्यसपछि भगवान्लाई तेलाहारी भनी तोरीको तेल लगाइन्छ र उक्त तोरीको तेललाई पुन: जलले पखालेपछि पूर्ण कलशको जल चढाइन्छ अनि स्नानको काम पूरा हुन्छ र त्यसपछि मन्दिरको गर्भगृह, जलहरि सबै राम्रोसँग सफा गरी नित्यपूजाको काम सुरु हुन्छ ।

नित्यपूजा भगवान्को शृङ्गारबाट सुरु हुन्छ । जस्तै– चारै मुहारमा श्रीखण्ड चन्दन लगाउने, दृष्टि लगाउने, गहना पहिर्‍याउने, चाँदीको कवच पहिर्‍याउने आदि कुरा भएपछि शिरो भागमा श्रीखण्ड राखी त्यसमा श्रीयन्त्र लेखी तान्त्रिक विधिबाट पूजा गरिन्छ । यसरी श्रीयन्त्रको पूजापछि शिर भागलाई मुकुटले छोपी चारैतर्फ सुनका छाता लगाई भगवान्को पूर्ण शृङ्गार गरिन्छ र शृङ्गारको लगत्तै बिहानको धूप-आरती गरी बालभोग चढाइन्छ । बालभोगमा शुद्ध हलुवा मुख्य हुन्छन् र अन्य मिठाई र फलफूल पनि हुन्छन् । यसरी बालभोगको काम पूरा भएपछि मुख्य भोगको तयारी हुन्छ । मुख्य भोगमा भगवान्मा चामलकै भोग चढाइन्छ । यो भोग चार जना भट्टजीहरूमध्ये एक जना भट्टजीबाट श्रीपशुपति भण्डारमा पकाउने गरिन्छ र यो भोग कसैले नछुने गरी भट्टजीहरूले नै पशुपति मन्दिरभित्र चढाउँछन् । यसरी भोग चढाउँदा चारैतर्फको बाहिर र भित्री ढोका बन्द गरिन्छ र यसरी चढाउने भोग सातवटा चाँदीको थाल राखी भोग सँगै दाल, खीर, तरकारी, दही, घ्यू चढाइन्छ । विधिवत् उक्त भोग भगवान्लाई अर्पण गरिसकेपछि करिब १० मिनेटजति मूलभट्ट पनि पश्चिमतर्फ भण्डारी बस्ने ठाउँमा निस्की भित्र खाली गरिन्छ । यसरी भोग सकिएपछि मन्दिरभित्रैबाट एक थाली भोग नवग्रहलाई चढाइन्छ । प्रत्येक भोग र बालभोगपछि भगवान्लाई चढाएको भोगमध्येबाट एक टुक्रा उत्तरतर्फ रहेको चण्डेश्वरलाई भगवान्को जूठो चढाउनुपर्ने परम्परा छ । यसरी भोग चढाइसकेपछि भोगका लागि बाहिर गएर तीनै जना भट्टजीहरू मन्दिर प्रवेश गर्दछन् । र, भोगपछि भगवान्लाई बाँकी शृङ्गारको काम पूरा गरी चमर पंखाले हम्की ऐनासमेत देखाइन्छ र त्यसपछि शंख जल सबै भक्तहरूलाई छर्कीदिई भट्ट, भण्डारी र भक्तहरू सबैलाई प्रसाद वितरण गरेपछि नित्यपूजा सकिन्छ । यसरी नित्यपूजा सकिएपछि मन्दिर बन्द हुन्छ ।

प्रार्थना :

साँझ दर्शनका लागि पुन: हिउँदमा साँझ ५:०० बजे र गर्मी महिनामा ५:३० बजे पश्चिम ढोका खुल्दछ । हिउँदमा ६:०० बजे गर्मी महिनामा ६:३० बजे आरती सुरु भई ७:३० बजेसम्ममा समाप्त हुन्छ । आरतीमा पञ्च-आरती र कपूर आरतीका साथ बालभोग चढाइन्छ । आरतीपछि मन्दिरलाई पूरा सफा गरी ढोका बन्द हुन्छ ।

नैमित्तिक पूजा :

माथि उल्लिखित नित्यपूजाबाहेक श्री पशुपतिमा नैमित्तिक पूजा पनि हुने गर्दछ । नैमितिक पूजामा निम्न नैमित्तिक पूजा विशेष उल्लेखनीय छ ।

वैशाख महिना - दमनारोहण

जेष्ठ महिना - दसहरा

साउन महिना - पवित्रारोहण

मंसिर महिना - बालाचतुर्दशीका विशेष किसिमको मुकुट पहिरन

पुस महिना - धनुर्मास

माघ महिना - धनुर्मास

माघ महिना - वसन्त पञ्चमीका दिन अबिर चढाउने र टिकिन्छा बुद्धको प्रतिमूर्ति भगवान्‌को शिरमा राखी छायाँदर्शन ।

धनुर्मास :

पुस महिनामा धनुर्मास भनेर मध्यराती नै भगवान्‌को पूजा गर्ने परम्परा छ । धनुर्मासमा सामान्यत: रातको १२:०० बजे पश्चिम ढोका भण्डारीले खोली पूजाका लागि तयारी गरिन्छ । रातको करिब २:०० बजे भट्टजीहरू मन्दिर प्रवेश गर्नुहुन्छ र रातको २:३० बजे अभिषेक, रुद्री आदिका काम सुरु भई रातको करिब ४:३० बजे पञ्चामृत पूर्णकलशको अभिषेक भई ४:३० बजेदेखि नै नित्यपूजा सुरु हुन्छ र बिहान करिब ६:०० अथवा ६:३० बजे नित्यपूजा सकिन्छ र मन्दिर बन्द हुन्छ । भगवान्‌लाई मासको बारासहित खीर, भुजा, तरकारी, दही आदि भोग लगाइन्छ र सो प्रसादका रूपमा खीर श्री पशुपतिमा काम गर्ने रैरकमीले बाँडेर लिन्छन् । भक्तहरूले इच्छा गरेमा भक्तहरूलाई पनि बाँडिन्छ ।

श्रीपञ्चमी :

माघ महिनाको श्रीपञ्चमीको दिन श्री पशुपतिलाई अबिर चढाइन्छ । यसरी अबिर चढाउँदा भट्टजीले एउटा थालीमा राखी नित्यपूजा सकिनासाथ अबिर चढाइन्छ ।

टिकिन्छा :

टिकिन्छा भनी माघ शुक्ल चतुर्दशीका दिन श्री पशुपतिनाथको मस्तकमा एउटा छुट्टै प्रकारको मुकुट लाउने गरिन्छ । यसलाई नेवारी भाषामा टिकिन्छा भनिएको हो । यसरी सो मुकुट तयारी चढाउन केही दिनअगाडिदेखि नै श्री पशुपति भण्डार तहबिल कार्यालयका नाइकेले केही व्यक्तिहरूको मद्दत लिई उक्त मुकुट बनाउने काम गर्दछन् । यसरी माघ शुक्ल चतुर्दशीका दिन सो मुकुट मन्दिरभित्र दिएपछि भट्टजीले सो मुकुट भगवान्को मस्तकमा लगाउँदछन् । यसरी भगवान्को मस्तकमा राख्नुलाई भगवान् बुद्ध मस्तकमा राखेको भन्ने चलन छ । विशेष किसिमको मुकुट शिरमा राखेपछि दक्षिणतर्फ भुईंमा सफा पानी राखी छायाँदर्शन गर्ने गरिन्छ । दक्षिणतर्फ यसैका लागि पानी राख्न हुने र पानी अड्ने हिसाबले ठाउँ बनाइएको छ । चतुर्दशीका दिन यो गुठी सम्पन्न भएपछि यसै गुठीको निरन्तरताका रूपमा पशुपति भण्डारको नाइकेले श्रीगुह्येश्वरी र चाबहिल गणेशका बलिसहित पूजा गर्ने गर्दछन् ।

पवित्रारोहण :

यो पवित्रारोहण साउन महिनाको शुक्ल चतुर्दशीको दिन गरिन्छ । यस दिन भगवान्लाई पूरा जनैको पोसाक मात्र लगाइन्छ । यसरी जनैको पोसाक मात्र लगाउनका लागि पूर्वतयारीका निम्ति साउन कृष्ण पञ्चमीकै दिन पशुपतिका रकमीहरू जस्तै मूलभण्डारी, नाइके, विशेट आदिलाई काँचो धागो बाँडिन्छ । रकमीले सो काँचो धागो शुद्ध पानीमा पखाली शुद्ध गरी नौसुताको धागो बनाउँछन् र सोही नौसुताको धागोबाट जनै बनाउने काम हुन्छ । साउन शुक्ल चतुर्दशीको दिन भगवान्लाई जनैको मात्र पोसाक पहिऱ्याइन्छ र जनैकै मुकुट पहिऱ्याइन्छ । साउन शुक्ल चतुर्दशीका दिन मन्दिर तथा जलहरिमा पनि विधिपूर्व काँचो धागोले बेरिन्छ । यो पवित्रारोहण सामान्यत: सबै शिवमन्दिरमा गर्ने चलन छ । यसरी पवित्रांरोहण गर्दा वर्षभरिका मन्दिरमा पूजामा केही गरी अशुद्धि वा त्रुटि भएको भए पनि शुद्ध हुन्छ, दोष लाग्दैन भन्ने मान्यता छ । यस पवित्रारोहणको दिन श्री पशुपतिको शिरमा गाईको गोबरले घेरेर पञ्चगव्य चढाइन्छ । यसरी चढाएको पञ्चगव्य र गोबर निकै पवित्र कार्यमा प्रयोग गरिन्छ । भगवान्को शिरमा चढाउने गोबर पाएसम्म दूध मात्र खाएको बाछी अथवा घाँस नखाएको गाईको गोबर र गोमूत्र हुनुपर्दछ । यस्तै साउन महिनामा श्री जयवागेश्वरीमा पनि अष्टमीदेखि दशमीसम्म पवित्रारोहण गर्ने गर्दछन् । यहाँ गरिने पवित्रारोहणमा बलि पनि चढाइने परम्परा छ ।

गुरुपूर्णिमा :

गुरुपूर्णिमाको दिन श्री पशुपतिबाट पूजासहित चारै जना भट्टजीहरूले बाजागाजासहित गुरुदक्षिणा मूर्तिमा गई पूजा गर्ने गर्दछन् । गुरूपूर्णिमा दक्षिणा मूर्ति पूजाले विशेष महत्त्व राख्दछ । गुरू दक्षिणामूर्तिका पुजारीका भनाइ अनुसार दक्षिणामूर्तिमा शिवजीले सप्तऋषिहरूलाई तत्त्वज्ञान प्रदान गर्नुभएको हो । त्यसैले जङ्गलको बीचमा सात जना ऋषि र शिवजीको आकृर्ति सो मूर्तिमा देखिन्छ ।

शिवरात्रि :

महाशिवरात्रिमा शिवजीको विशेष उत्सवसहित पूजा गर्ने परम्परा छ । यस दिन श्री पशुपतिमा मात्र नभई सबै शिवलिङ्गहरूमा पूजा-आजा हुन्छ र शिवरात्रिको दिन श्री पशुपतिमा विशेष मेला लाग्दछ । यस दिन श्री पशुपति र अन्य शिवलिङ्गको दर्शन गरेमा विशेष पुण्य लाभ भुक्ति मुक्ति मिल्ने हुन्छ भन्ने धार्मिक मान्यता छ । यसै दिन श्री पशुपतिमा दिनमा मात्रै नभईकन रातभरि चारै प्रहरमा विशिष्ट पूजा हुन्छ र रातभरि ढोका खुला हुन्छ । शिवरात्रिमा खासगरी दिनमा भन्दा रात्रीको पूजाको विशेष महत्त्व भएकाले रातभरि पूजा हुने गरेको हो । यस दिन अहोरात्र चार प्रहर गरिने पूजा विशेष महत्त्वको छ । यस दिन राती पशुपति मन्दिरको दक्षिणतर्फ आगो बाली धुनी पनि बालिन्छ । महाशिवरात्रिमा श्री पशुपतिमा ठूलो मेला पनि लाग्दछ । देशविदेशका धेरै भक्तहरू श्री पशुपतिको दर्शन पूजन गर्न त्यसबेला यहाँ आउँदछन् । यसै मौकामा विभिन्न सम्प्रदायका जोगी महात्माहरू पनि यहाँ आउँदछन् । उनीहरूलाई यहाँ सम्मान गरी भोजन गराई दक्षिणासहित बिदावारी गरिन्छ ।

फागु :

त्यस्तै फागुन महिनामा होलीको सुरुवात पशुपतिबाटै हुन्छ । होली सुरू हुने दिन गुरूजुको पल्टनले रूखका दुई हाँगा ल्याई पशुपतिको पश्चिम ढोकामा राखी दिई होली सुरु भएको घोषणा गरिन्छ । होली सकिएपछि रूखका ती हाँगालाई लगी जलाएर होली सकिएको घोषणा गरिन्छ, यसलाई चिरदाह पनि भनिन्छ ।

नवरात्रि :

असोज महिनामा बडादसैं सुरु भएपछि घटस्थापनाको दिनदेखि नवमीसम्म श्री पशुपतिबाट श्रीगुह्येश्वरीमा पूजा गर्नुपर्दछ । घटस्थापनाको

दिनदेखि नवमीसम्म श्री पशुपतिको पूजा लिई चारै जना भट्टजीहरू श्री पशुपतिको नित्यपूजा सकिएपछि श्रीगुह्येश्वरीमा गई पूजा गर्न जाने गर्दछन् ।

महास्नान :

यस महास्नानमा नित्य पूजा सकिएपछि अगाडि लगाएको सिंगारलाई उतारी दूध, दही, घिउ, मह, चिनी, पञ्चामृतले महास्नान गराउने सो महास्नानका लागि २७ वटा हन्डीमा पञ्चामृत (महाबलि) चढाइन्छ । राती महाभोग लाग्दछ । महाभोगको समयमा कीर्तिमुख भैरवमा पञ्चबलि पनि चढाइन्छ ।

इच्छापूजा :

श्री पशुपतिमा व्यक्तिविशेषले आफू चाहेमुताबिकको इच्छापूजा गर्ने परम्परा छ । यसरी गरिने इच्छापूजामा भोग चढाउने गरिन्छ भोग चढाउने भन्नाले दिनभरको श्री पशुपतिमा पूजा गर्न जेजति सामान लाग्छ, साँझ आरतीसम्मको खर्च सबै भोग चढाउने व्यक्तिले बेहोरी गरिने पूजालाई जनाउँछ । त्यस्तै लाखबत्ती बाल्ने, पञ्चामृत चढाउने, महारुद्री र हवन गर्ने र पुस महिनामा धनुर्मास गर्नेसम्मको इच्छापूजा हुने गर्दछ । यसरी शुद्ध मनले श्री पशुपतिलाई पूजा गर्दा मनोकामना पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । यसैले श्री पशुपतिमा दैनिक लाखबत्ती बाल्ने पञ्चामृत चढाउने रुद्री पाठ गराउने काम भइरहेको हुन्छ । त्यस्तै व्यक्तिविशेषले भोग चढाउने काम पनि भइरहन्छ । महारुद्री पनि यदाकदा हुने गर्दछ । धनुर्मास केवल पुस महिनामा मात्र हुने भएकाले कसैलाई धनुर्मास गर्ने मन भए अगाडि नै मूलभट्टसँग सम्पर्क गरी गराउनुपर्ने हुन्छ ।

बालाचतुर्दशी :

मंसिर महिनाका चतुर्दशीका दिन भगवान्‌लाई विशेष किसिमको पोसाक, हीरा, मोती, जवाहरात, एकमुखी रुद्राक्षसहित नागमणि भएको विशेष किसिमको चाँदीको मुकुट पहिऱ्याइन्छ । सो मुकुट अन्य बेलामा पशुपतिकै मूल ढुकुटीमा राखिने भएकाले बालाचतुर्दशीको दुई दिनअगाडि मुकुट मूल ढुकुटीबाट झिकी बालाचतुर्दशीको एक दिनअगाडि भक्तहरूको दर्शनका लागि राखिन्छ र दोस्रो दिन सोही मुकुट श्री पशुपतिनाथलाई पहिऱ्याइन्छ ।

तीज :

भदौ महिनाको शुक्ल पक्ष तृतीयाका दिन खासगरी तीजको व्रत गर्ने गर्दछन् । यसरी तीजको दिन व्रत बस्दा आफ्ना श्रीमान् चिरायु हुने र

श्रीमान्‌को कल्याण हुने धार्मिक मान्यता छ । यसरी व्रत बसेको दिन दिनभर भोको बस्ने मात्र नभई रातभर जाग्राम बसेर बत्ती बाल्ने गर्दछन् । भोलिपल्ट श्री पशुपतिनाथको दर्शन गरेर मात्र खाने गर्दछन् । त्यस्तै असार महिनाको ठूलो एकादशी, बैकुण्ठ चतुर्दशी, जनैपूर्णिमा, प्रत्येक महिनाको एकादशी, साउन महिनाको सोमबारका दिनहरूमा श्री पशुपतिमा मेला लागि भीड हुने गर्दछ । हिजोआज सामान्यत: प्रत्येक शनिबार बिदाको दिन श्री पशुपतिमा भीडै हुने गर्दछ ।

श्री पशुपतिमा हुने जात्राहरू

१) शिवपार्वती नाच - (नागचा प्याँख) यो नाच आश्विन कृष्णपक्षको प्रतिपदाका दिन हुने गर्दछ ।
२) गंगामाई जात्रा - यो जात्रा असारको गंगा अष्टमीका दिन हुन्छ ।
३) दुँ: दुँ:च्याँ च्याँ - चैत महिनामा हुन्छ ।
४) चाबहिल गणेश जात्रा
५) त्रिशूल यात्रा - असार महिनाको भलभला अष्टमीका दिन हुन्छ ।
६) वत्शलेश्वरी जात्रा - चैत पिशाच चतुर्दशीका दिनदेखि तीन दिनसम्म हुन्छ ।
७) बज्रेश्वरी जात्रा - चैत महिनामा हुन्छ ।
८) गुह्येश्वरी जात्रा - यो मार्ग महिनाको शुक्लपक्षको दशमीको दिन हुन्छ ।
९) टिकिन्छा जात्रा - यो जात्रा माघ शुक्ल चतुर्दशीका दिन हुन्छ ।

श्री पशुपतिमा ल्याइने जात्रा र नाचहरू :

१) भक्तपुरबाट नवदुर्गा नाच - मार्ग अष्टमी
२) हरिसिद्धि नाच - १२ वर्षमा एकचोटि
३) साँखुबाट माधवनारायण - माघ औंशीका दिन
४) नक्साल भगवती - चैत महिनामा

श्री पशुपतिनाथको पूजा

श्री पशुपतिनाथका पश्चिम मुख-इसान दक्षिणमुख-ओघर, पूर्वमुख-तत्पुरूष र उत्तरमुखलाई वामदेव भनिन्छ। चार मुखका चार पुजारी र मूलभट्टले दक्षिण मुखको पूजा गर्दछन्। पुजारीका लागि विन्ध्याचल दक्षिणका कर्णाटक, द्रविड र महाराष्ट्रका योग्य ब्राह्मणहरूमध्येबाट छानिन्छ।

श्री पशुपतिनाथ नेपालका राष्ट्रिय इष्ट देवताका रूपमा रहेको कुरा लिच्छवि राजा, मल्ल राजासमेतले विशेष रूपमा मान्दै चढावा चढाउँदै आएको बाट प्रस्ट हुन्छ। पशुपतिनाथको चारैतिर ढोका भए पनि मुख्य ढोका भने पश्चिम नै मानिन्छ।

श्री पशुपतिनाथलाई चामल छ मुरी, दाल-मास, केराउ, मुग, मटर, मुसुरो, रहर, रातोमास आदि गरी एकएक पाथी र ८४ किसिमका सागपात, तरकारीसहित चौरासी व्यञ्जन नामक जडीबुडी जम्मा गरी महाभोग लगाइन्छ।

सद्योजात, तत्पुरूष, वामदेव, अघोर र इसानको आह्वान, मुद्रादर्शन षोड्षोपचार पूजा, धूप, दीप आदि गरिसकेपछि पशुपतिनाथको शिरमा श्रीखण्डद्वारा श्रीयन्त्र लेखिन्छ र पूजा गरिन्छ।

पशुपतिमा वैशाख शुक्ल अष्टमीदेखि विशेष पर्वहरू सुरु हुन्छन्। दमना नामको पुष्प तान्त्रिक विधिले चढाइन्छ। चैत शुक्ल पूर्णिमादेखि वैशाख शुक्ल पूर्णिमासम्म एक महिनाभरि १२५ घडा वाग्मतीको शुद्ध जलले नित्य स्नान गराइन्छ। प्रत्येक पूर्णिमामा पञ्च स्नान गराइन्छ। यसैगरी दसहरा पर्व, अचला सप्तमी पर्व, आषाढ शुक्ल पूर्णिमा (गुरू पूर्णिमा), पवित्रारोहण पर्व, वैकुण्ठ चतुर्दशी, महापूजा पर्व, बालाचतुर्दशी पर्व, माघ कृष्ण औंसी, खिचडी भोज पर्व, माघ शुक्ल चतुर्दशी, छायाँ दर्शन पर्व, फागुन कृष्ण चतुदर्शी (शिवरात्रि) र महास्नान आदि पर्वहरू पर्दछन्। जो माथि वर्णन भइसकेका छन्।

शिव :

भारतका प्राचीन देवता शिव हुन् । त्यसैगरी शैव धर्म प्राचीन धर्म हो । ऋग्वैदिक कालमा रूद्रलाई पशुप्राणीका रक्षक, धनुषधारी, वज्र हातमा लिने, पार्थिव र अपार्थिव दुवै रूपका दिव्य शक्तिसम्पन्न, बिजुली, पानी, मरूत (वायु)का अधिनायक, रोगव्याधि हरण गर्ने महौषधिका ज्ञाता, समाजका पालक र पोषणकर्ता, अकाल मृत्युका कारण, खुसी भएमा रक्षा गर्ने, शत्रु विजय गरिदिने, सुवृष्टि, सुभिक्ष गरिदिने देवताका रूपमा सम्मानित थिए ।

यजुर्वेदकालमा रूद्र वा शिवलाई आँधीव्याधि हरण गर्ने, औषधिका दाता, धर्नुधारी, स्वर्ग र मर्त्यलोकमा बिजुलीरूपी वाण वर्षाउने समस्त भुवनका मालिक तथा विश्वव्यापक सत्ताधारीका रूपमा महिमा गाइएको छ । त्यस्तै समस्त जगत्का प्राणीलाई निरोगी, स्वस्थ मनका बनाउनु प्रार्थना गरिएको धन, अग्नि, जल, वायु, आकाश पृथ्वीका अधिष्ठाता सबै प्राणीका प्राणस्वरूप भनी प्रार्थना गरिएको छ ।

भगवान् शिव मानवजातिका कल्याणकारी देवताका रूपमा रहेका छन् । शिव उपासकहरूलाई वर दिने, चाँडै रिझिने र दयानिधिका रूपमा चर्चित छन् । सुमेरू पुगी मेनका र हिमालयको सङ्गमबाट जेठी छोरी गङ्गा र कान्छी छोरी उमा भएको पाइन्छ । उमाले उग्र तपस्या गरी भगवान् रूद्रसँग विवाह भएको हो ।

संसार नै दग्ध गर्न सक्ने क्षमताको विष लोककल्याणका लागि शिवले नै पान गरेर नीलकण्ठ कहलाएका हुन् । वेदकालमा अग्निरूप, विद्युत्रूप तथा सूर्यरूपमा परिभाषित शिव-पार्वतीसँगको विवाहपश्चात् देवताको मानवीकरण भएको पुष्टि हुन्छ ।

पशुपतिको व्रतबाट मानिस मोक्ष हुन्छ भन्ने कुराको विश्वास वेद र महाभारत कालदेखि नै निरन्तर चलिरहेको छ । अमोघ अस्त्रशस्त्र प्राप्तिका निम्ति पनि शिवको अनुग्रह आवश्यक छ । शिवलाई सृष्टि, स्थिति र संहारको मालिक भनिन्छ । उनी योगेश्वर पनि हुन् । योगका वेत्ता योगका ज्ञाता पनि शिव नै हुन् । शिवकै आराधना र ध्यान-जपबाट धर्म, अर्थ, काम, मोक्ष चारै पुरूषार्थ प्राप्त गर्न सकिन्छ । शिवको मूर्तिका साथै लिङ्गको पूजा पनि व्यापक रूपमा वेद-काल, महाभारत काल हुँदै हालसम्म नै चल्दै आएको पाइन्छ ।

भगवान् शिव जो अक्षर, अव्यक्त, असीम छन् र पनि सांसारिक, सीमित, वल, बुद्धि र तर्कशक्ति भएका साधारण मनुष्यका कल्याणका लागि

भगवान् शिवले आफू जगत्पति, जगत्गुरु, विश्व ब्रह्माण्डपति सृष्टिको अधिष्ठाता तथा सबै भूत प्राणीको ईश्वर भएर पनि विभिन्न लीला गर्दै आफ्ना सामान्य लीला र विभूति, अनेक नाम र स्वरूपले जनकल्याणको मार्गदर्शन गर्नुभएको छ ।

प्रभुलाई गौरी-शङ्कर, अर्ध नारीश्वर आदि विविध नामले पुकारिन्छ भने अष्टमूर्ति शिवमा शर्व, भव, इन्द्र, उग्र, भीम, पशुपति, महादेव र इसान नामले प्रसिद्ध होइबक्सन्छ । भगवान् शिवका मन्त्रहरूमा "**ॐ नमः शिवायः**" पञ्चाक्षर मन्त्र नै सर्व कल्याणकारक छ । उपरोक्त अष्ठमूर्तिले पृथ्वी, जल, अग्नि, वायु, आकाश, सूर्य, चन्द्र र यजमान (पशुपतिनाथ) ज्ञानलाई क्रमशः पञ्चतत्त्वबाट शरीर निर्माण, शरीरको पालन-पोषण र सृष्टि व्यवस्थापनमा सूर्य-चन्द्रको महत्त्वका साथै जन्म, कर्म र अन्तमा ज्ञानबाट मोक्ष प्राप्ति गर्ने सद्मार्गलाई संकेत गर्दछ ।

भगवान् शिवको नाम लीला वर्णन र कार्यक्षेत्र (सीमाङ्कन) परिभाषित गर्न खोज्नु केवल मूर्खतासिवाय केही ठहरिंदैन । ससीमले असीमको, अल्पले बहुलको, सानोले ठूलोको सम्बन्धमा शक्ति र हितका बारेको मूल्याङ्कन-मूल्याङ्कन नभई अनुमान मात्र हुन्छ, जुन सत्य मान्न सकिंदैन । त्यसैले वेद, शारदा, शेषसमेतले जसको परिभाषा र वर्णनलाई असाध्य असम्भव मानी आ-आफ्ना प्रभुकै आशीर्वादस्वरूपको सामर्थ्यअनुसार वर्णन गरी यतिमात्र हो, अरू थाहा छैन सकियो । तर यतिमात्र होइन, अरू धेरै बाँकी छ टुङ्गो लाउन सकिनँ, सकिंदैन भनी घुँडा टेकेको गूढ रहस्यको विषयलाई मजस्तो सामान्य मनुष्यले वर्णन गर्न खोज्नु के बालहठ मात्र हो । तैपनि यस बालकले परमपिता प्रभुकै कृपा, आशीर्वादले बक्सेको ज्ञान-विवेकले नियाल्दा भगवान् शिव नै सम्पूर्ण ज्ञात-अज्ञात, विश्व ब्रह्माण्डको स्रष्टा, ईश्वर भगवान्का विभिन्न विविध रूपका पनि मूलरूप, शक्ति स्वरूपमा, अनन्त र असीम होइबक्सन्छ । प्रभुका विषयमा प्रभुकै अनन्य कृपाबाट प्राप्त ज्ञानबाहेक अन्य तर्क र प्रमाणहरू यथार्थ होइनन्, हुन सक्तैनन् । ती त केवल संसार संचालनार्थ गरिएका विविध क्रियाकलापमध्ये सामान्य चेष्टा मात्र हुन् ।

भगवान् शिवका द्वादश ज्योतिर्लिङ्ग अति प्रसिद्ध छन् । यथार्थमा भगवान् शिव, सर्वशक्तिवान्, असीम, सर्वसमर्थ सर्वज्ञ हुनुभएकाले प्रभुको नाम र स्थान सर्वसमयमा, सर्वत्र भक्तिभावपूर्वकको प्रेमले प्राप्त गर्न सकिने शाश्वत सत्यलाई भने कसैले पनि सक्दैन सक्तैनन् ।

पुस्तकालय १६५५

तैत्तिरीय उपनिषद्मा शिवलाई ब्रह्म रूपमा र सत्य, ज्ञान अनन्त छ भनिएको छ । यिनै भगवान् शिवको आराधना, ध्यान, जप र पूजाले प्रभुकै आशीर्वादस्वरूप प्राप्त ज्ञानले श्रुतिले बताएको ब्रह्मविद्याको सार्थकता प्राप्त मुक्तात्मा देख्न नसकिने, शरीररहित, वर्णन गर्न नसक्ने, कसैको पनि आश्रय नलिने, परब्रह्म परमात्माको निर्भय स्थितिलाई प्राप्त गर्दछ त्यसपछि जीव स्वयं ब्रह्म स्वरूप बन्दछ । ॐ नमः शिवाय: ।

चाँदीको पर्वत समान जसको सेतो तेजरूप शरीर छ, जसले सुन्दर चन्द्रमालाई आफ्नो आभूषण बनाउनुभएको छ । रत्नमय अलंकारले जसको शरीर उज्ज्वल छ, जसका हातमा परशु, मृग, वर र अभय मुद्रा छ । जो प्रसन्न छन् । जो कमलका आसनमा विराजमान छन् । देवताहरू चारैतिर बसेर जसको स्तुति गरिरहेका छन् । जसले बाघको छालाको पोसाक लगाएका छन् । जो विश्वका आदि कारण जगत् उत्पत्तिका बीज रूप र समस्त भयलाई हरण गरिदिन्छन् । जसका पाँच मुख र तीन नेत्र छन् । यस्ता विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ महेश्वर भगवान् शिवको सधैं निरन्तर ध्यान गरौं ।

ॐ

परिक्रमा र दर्शन

शिव :

परमात्मा एक जगत्का आदि कारण जो इच्छारहित छ, निराकार छ, जसबाट संसारको उत्पत्ति, पालन र पछि सबै उनैमा लीन हुन्छन् । जो भगवान् न पृथ्वी हुन्, न जल हुन्, न अग्नि हुन्, न वायु हुन्, न आकाशै हुन्, ननिदाएका छन्, न ब्यूँझैछन्, न गर्मीमा छन्, न सर्दीमा छन्, न जसको देश, न भेष नै छ, उनै तीन मूर्ति प्रभुलाई नमस्कार छ । जो जन्मिएका छैनन्, नित्य छन् र कारणका पनि कारण छन् । न उनको आदि छ, न अन्त्य नै छ । यस्ता भगवान् शिवलाई प्रणाम स्तुति गर्दछु । शिवको उपासनाबाट पूर्ण शान्ति मिल्दछ । श्रीकृष्ण भगवान् राधाजीसँग भन्नुहुन्छ, "जो महादेवको नाम लिन्छ वा पूजा गर्छ, म उसको पछिपछि महादेवको पूजा हेर्ने र नाम सुन्ने प्रलोभनमा दौडन्छु ।"

भगवान् पशुपतिनाथको आकाश-इसान मन्त्र - उनको मस्तक शिर हो । पूर्व- तत्पुरुषमन्त्र-मुख हो, दक्षिण-अघोरमन्त्र-हृदय हो, पश्चिम वामदेव मन्त्र-गुह्य हो, उत्तर सद्योजात मन्त्र-खुट्टा (पाद) हो ।

मूर्तिपूजा :

निर्गुण निराकार सच्चिदानन्द भगवान् परमात्माको नै यो सृष्टि हो र भगवान्को उपासना र भागवत् तत्त्वको ज्ञानका लागि एक आधारभूत चीजको आवश्यकता पर्दछ । हुन त कत्ति मूर्तिपूजाविरोधी धर्महरू छन्, जसमा एक निश्चित भगवान् ईश्वर वा विश्वासलाई चीज आकृति, वस्तुको लक्ष्य गरेर प्रार्थना, एकाग्र भएर वा कल्पनाबाट भए पनि ध्यान, मनन गर्दछन् । हाम्रो धर्मअनुसार भगवान्लाई भक्तको निष्ठाअनुसार मनलाई एकाग्र गर्न ईश्वरको स्वरूपलाई प्राण प्रतिष्ठा स्थापना गरी पूजा, ध्यान, जप र उपासना गर्ने उच्चतम सरल भगवत तत्त्व प्राप्त गर्ने बाटो हो । यसैलाई मूर्तिपूजा भनिन्छ ।

पशुपतिनाथ क्षेत्रको चार किल्ला

पूर्व : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो धावनमार्गको पूर्व सिमाना ।

पश्चिम : धोबीखोलाको रातोपुल, कालोपुल, हाँडीगाउँबाट चाबहिल गणेशस्थान जोड्ने बाटोमा पर्ने धोबीखोलाको पुल हुँदै धुम्बाराही चक्रपथमा रहेको धोबीखोलाको पुल ।

उत्तर : धुम्बाराही चक्रपथमा रहेको धोबीखोलाको पुलबाट चक्रपथ चाबहिल चोक, भगवानस्थानबाट गौरीघाट जाने कच्ची बाटो हुँदै गौरीघाटबाट बौद्ध जाने बाटो अनि गौरीघाटको उत्तरतर्फको सत्तल पछाडिबाट घाटको पछाडि वाग्मती हुँदै गुह्येश्वरी घाटको उत्तरतर्फको वाग्मतीबाट कालीप्रसाद गणको उत्तर सिमाना हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो धावनमार्ग । हाल थप भएको खण्डबाहेक ।

दक्षिण : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो धावनमार्गको कुनाबाट सीधै अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन हुँदै विमानस्थलको सवारी पार्किङ्गसँगैबाट दुई सय साठी मिटर दक्षिण-पश्चिम हुँदै त्यहाँबाट चार सय मिटर पश्चिम भई चक्रपथसम्म र चक्रपथदेखि कालिमाटी-डोल र हरिजन टोलको बीचको खोंच हुँदै वाग्मती नदी भई राजराजेश्वरी निस्कने गोरेटो हुँदै चक्रपथको ग्रिनबेल्ट गौशालाचौक हुँदै धोबीखोलाको रातोपुल । तर **संरक्षित क्षेत्रको चार किल्ला** यसप्रकार छ :

१. **पूर्व** : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पश्चिम शिवपुरीबाबाको आश्रमसहित जंगल ।

२. **पश्चिम** : भण्डारखालको पश्चिमपट्टिको पर्खालबाहिरको कच्ची बाटोसहित जङ्गल र जयबागेश्वरी मन्दिर पश्चिमको सत्तललाई भित्र पारी चक्रपथ हुँदै मित्रपार्क चोक ।

३. **उत्तर** : मित्रपार्कबाट गौरीघाट जाने सडक हुँदै गौरीघाट बाल मसानदेखि वाग्मती नदी किनारको उत्तर २० मिटर र गुह्येश्वरी-माथि उत्तर बाहिनीसम्म पशुपति क्षेत्रको अन्तिम सिमाना ।

४. **दक्षिण** : गौशाला-रातोपुल पक्की सडकबाट पनिको टोल जाने बाटो सम्म (का.म.पा. वडा नं. ८ को दक्षिण-पश्चिमको अन्तिम सिमाना) र गौशालाचोकबाट चक्रपथ हुँदै तिलगङ्गाबाट ब्यारेक जाने बाटो ।

परिक्रमा र दर्शन

श्री पशुपतिनाथको दर्शन दुई प्रकारले गरिन्छ । एक सरासर मन्दिरभित्र प्रवेश गरी श्री पशुपतिनाथको क्षेत्रभित्र विराजमान भएका विभिन्न शक्तिपीठ र अन्य देवीदेवता गणहरूको समेत क्रमैसँग गरिने दर्शन । श्री पशुपतिनाथको पूरा क्षेत्र घुमी दर्शन गर्न नसक्ने अवस्थामा पश्चिम ढोकाबाट प्रवेश गरी तल वर्णन गरेअनुसार मन्दिरभित्र दर्शन गरी श्री पशुपतिनाथको दर्शन गर्नुपर्दछ । श्री पशुपतिनाथको मन्दिर परिसरको मध्यभागमा करिब साढे तीन फिट उचाइको आधारबाट निर्माण गराइएको छ । यो मन्दिर प्यागोडा शैलीमा दुई तलाको छ र छानामा सुनको जलप लगाइएको छ । यसको गजुर त्यत्तिकै आकर्षक छ । मन्दिरमा चार ढोका छन्, जुन मूलभट्ट पूजारी आएपछि मात्र खोलिन्छ । पशुपतिलाई पूर्ण परिक्रमा गरिदैन । अर्ध परिक्रमा गरिन्छ ।

यदि यति पनि गर्न नसक्ने अवस्था छ भने शुद्ध र सत्य चित्तले दक्षिण उन्मत्त भैरव अगाडिबाट श्री पशुपतिनाथको गजुरको मात्र दर्शन गर्नाले पनि सम्पूर्ण पशुपति दर्शनको फल मिल्छ । श्री पशुपतिनाथको पूरा क्षेत्रभित्र रहेका देवीदेवता गणहरूको र गुह्येश्वरीमाई समेतको दर्शन यस प्रकारले गरिन्छ । गौशालाबाट चाबहिल जाँदा पहिलो चौबाटो आउँछ, त्यसका बायाँपट्टिकै कच्ची बाटो हुँदै सिफलतर्फ जाँदा दायाँपट्टि ताम्रेश्वर महादेव विराजमान छन् । त्यहाँ दर्शन गरी फर्की श्री जयबागेश्वरी आइन्छ ।

श्री जयबागेश्वरी :

उहिल्यै देवपतन काठमाडौंका जनतामा शिक्षाको चेतनास्तर कम भएका बखत श्री पशुपतिनाथसँग प्रार्थना गर्दा खुसी भई कैलाश मानसरोवरमा गई नील सरस्वतीलाई प्रार्थना गरी खुसी तुल्याइल्याउ भनी शिक्षा, बुद्धि ज्ञानको चेतना पनि अभिवृद्धि होला भन्दा यहाँबाट भक्तहरू गई नीलसरस्वतीलाई खोजी गरे । भेट्न नसकी पुन: शिवजीकै ध्यान गरेपछि प्रसन्न भई उत्तरपूर्व कुनामा गई हेर नीलसरस्वतीको दर्शन हुनेछ भनी मनाई खुसी तुल्याई लैजानू भन्ने स्वप्न भयो । भक्तहरूले त्यसैगरी नीलसरस्वतीको ध्यान पाठ गरी खुसी तुल्याएपछि यी जयबागेश्वरी नेपाल, काठमाडौंको देवपत्तन आई श्रीलाई श्रीयन्त्रको आकारमा मन्दिर बनाई छाना पनि त्यसैअनुसार लगाई स्थापना गरियो । यहाँ तान्त्रिक विधिले पूजा हुन्छ । श्रीलाई महाकाली र महासरस्वतीको समेत रूपमा श्री यन्त्ररूपले पुजिन्छ । श्रीको श्री सरस्वतीका रूपमा

श्रीपञ्चमीका दिन पूजा गरी अक्षरारम्भ गराइन्छ । यहाँ पूजा गरेको १, ३, ५ र ७ दाना अक्षता नचपाई निल्दा विद्या, ज्ञान, सिद्ध हुन्छ भन्ने मान्यता छ र यो सिद्धपीठ पनि हो । यस पीठमा आदि गणेश पनि छन्, जसको सुँड छैन र पूर्ण शरीर छ ।

श्री जयबागेश्वरीको पूजा गर्नुपर्दछ । यी देवी कैलाशबाट पशुपतिका प्रीतिले यहाँ आई बसेकी हुन् । यिनीसँग वर्षको एकपटक श्री पशुपतिनाथले भेट र उपहारसमेत दिने गर्दछन् ।

जयबागेश्वरी हुँदै आर्यघाट जाने चार दोबाटो निस्किंदा चौबाटोको बायाँपट्टि माता भुवनेश्वरीको मन्दिर छ । यो मन्दिर सातौं शताब्दीमा लिच्छवि राजा शिवदेवले बनाएका हुन् । मन्दिरभित्र पुजारी मात्र प्रवेश गर्दछन् । त्यहाँ दर्शन गर्नुपर्दछ ।

त्यसपछि कैलाश पर्वत दायाँबायाँपट्टि श्री पशुपतिनाथका गुरू दक्षिणा मूर्तिको मन्दिर छ, यसको स्थापना राजा नृपेन्द्र मल्लका पालामा पशुपतिका मूल पुजारी स्वामी विमलानन्दले गरेका हुन् ।

श्री हेमन्तभैरव :

श्री पशुपतिको प्राङ्गणबाट पश्चिम ढोकाबाट निस्की उत्तरतर्फ श्रीगुह्येश्वरी जाने बाटोमा उमाकुण्ड अगाडि एउटा रूखमुनि श्री हेमन्तभैरवको प्रस्तर खण्डको आकृतिविहीन मूर्ति छ । ती भैरवको पनि तान्त्रिक विधिपूर्वक पूजन हुन्छ । ती भैरवको दर्शन पूजन श्री पशुपति दर्शनार्थीले प्रायः गर्ने गर्दछन् । तिनको दर्शन नगरेमा विघ्न पर्दछ भन्ने किंवदन्ती छ ।

त्यसबाट फेरि अलिकति अगाडि बढेपछि दायाँपट्टि माथि उमाकुण्ड छ ।

उमाकुण्डबाट पर गएपछि बीच बाटोबाट पूर्वतर्फ वाग्मती किनारामा गौरीघाट आउँछ । त्यहाँ हनुमानको मूर्ति पनि छ ।

श्री किराँतेश्वर :

यो घाटमा दर्शन स्नान गरी गौरी प्रिया किराँत रूपधारी शिव किराँतेश्वरमा दर्शन, पूजा-आजा गरेमा कैलाश पदवी प्राप्त हुन्छ भन्ने देवादीदेव महादेवको वरदान छ, जहाँ शिव किराँत रूप हुँदा पार्वतीले तपस्या गरेकी थिइन् । त्यहाँबाट पुल तरी अलिकति पर गएपछि खुड्किलाहरू भेटिन्छ । ती खुड्किलाहरू चढ्दै गएपछि किराँतेश्वर पुगिन्छ ।

जहाँ शिवजीले किराँत रूप गरी वन विहार गर्नुभएको थियो र यहीं नै अर्जुनले तपस्या गरी पाशुपत अस्त्र पाएका थिए । यहाँ भजन-कीर्तन गर्न श्रद्धालु भक्तहरूको घुइँचो नै लाग्छ ।

यहाँभन्दा केही माथि थुम्कोमा हाल किराँतहरूले साधनास्थल बनाई ध्यान र जप गर्ने गर्दछन् । यस पर्वतलाई इन्द्रकिल पर्वत भनिन्छ ।

यहाँ दर्शन, पूजा-आजा गरी यसको ठीक पश्चिम दक्षिण तल नदीमा ओर्लिंदा सूर्यघाट छ । जहाँ सूर्यको विम्ब पनि छ ।

श्रीमाता गुह्येकाली :

त्यहाँबाट पुन: माथि चढी ओरालो झरी पक्की सडकको अन्तमा गुह्येश्वरीघाट छ । यहाँ नवरात्रमा ठूलो मेला लागदछ । गुह्येकालीको मन्दिर १६५४ मा राजा प्रताप मल्लले बनाएका हुन् । यहाँ स्नान गरी श्री गुह्येकाली माईको दर्शन गर्नुपर्दछ । यी नेपालकी अधिष्ठात्री देवी हुन् । यो मन्दिरमा छत छैन । यसको गजुरलाई चारवटा नागहरूले रक्षा गरिरहेका छन् । मन्दिरभित्र एक गहिरो कुण्ड छ । जहाँ कालीले गुप्त भई तपस्या गरेकी छन् । यी कुण्डमा जल घट्ने र बढ्ने हुँदैन । यो मन्दिरको ढोका पश्चिमतर्फ छ । ढोकाबाट भित्र पसी तल सुन-चाँदीको कमलाकारको बीचमा कलश राखिएको छ । त्यसलाई माता गुह्येकालीको प्रतीकका रूपमा लिइन्छ । यस कलशले कुण्डलाई छोपिराखेको हुन्छ । कलशपूजा सकिएपछि पुजारीले कलश हटाई भक्तहरूलाई कुण्डको दर्शन गराइदिन्छन् ।

यहाँ भैरवलाई बलि चढाइन्छ । यहाँ मन्दिरभित्र श्री गणेशा छिन्नमस्ता अष्टमात्रिकाहरू आठ भैरव पनि छन् । गुह्येश्वरीको बायाँ दिशामा गुहेश्वर महादेव छन् । जसलाई सिद्धेश्वर महादेव पनि भनिन्छ । मंसिर कृष्ण दशमीको राती गुह्येश्वरीको रथयात्रा हुन्छ । श्री गुह्येश्वरीलाई भगवान् श्री पशुपतिनाथको मुख्य शक्तिपीठका रूपमा मानिन्छ ।

श्री गोरखनाथ :

श्री गुह्येश्वरीको मन्दिरका पश्चिमपट्टिबाट लामो सिंढी उक्लँदै माथि श्लेष्मान्तक वनका शिखरमा पुगेपछि त्यहाँ श्रीगुरू गोरखनाथको मन्दिर छ । त्यहाँ श्री गोरखनाथले तपस्या गरेको भनी पादुकाको प्रतिमा स्थापित गरी मन्दिर बनाइएको छ र सँगै गोरखधुनी पनि छ । तन्त्रमा गोरखनाथ र गोरखनाथ पूजित भैरव आदिको पूजन विधान प्रसिद्ध छ ।

गोरक्ष पादुका गोरक्ष धर्मको मात्र नभई सम्पूर्ण धर्ममार्गको रक्षा गर्ने गोरक्षनाथको दर्शन गर्दा लाखौं गाई दान गरेको फल मिल्छ । गुप्तविद्या

साधनाका लागि यो पीठ प्रसिद्ध छ । यो नाथहरूको मठ हो । गोरखनाथको मन्दिर राजा जयस्थिति मल्लले १३८५-१३९५ मा बनाएका हुन् ।

मठअगाडि मनकामनाको मन्दिर छ । यहाँ दर्शन गर्दा कुनै पनि सुहाउँदो एक वरदान मागेमा पाइन्छ भन्ने भनाइ छ ।

यहाँबाट अगाडिपट्टिको सम्पूर्ण वन मृगस्थली हो, जहाँ श्री पशुपतिनाथले मृगरूप धारणा गरी वन बिहार गर्नुभएको थियो । यहाँ देवता र ऋषिहरू रूख वृक्षका रूपमा पनि तपस्या गरिरहेका हुन्छन् ।

मृगस्थलीमै गोरखनाथको केही पूर्वमा विश्वरूपको मन्दिर छ ।

श्री विश्वरूप :

श्लेष्मान्तक वनमै दक्षिणपट्टि श्री विश्वरूप नामले प्रसिद्ध मन्दिर छ । मन्दिरको आफ्नै प्राङ्गण छ र त्यहाँ श्रीभैरव र अन्य देवदेवताका मन्दिर पनि छन् । मुख्य मन्दिरभित्र धातुले बनेका अनेकौं मस्तक भएका श्रीभैरवको विश्वरूप प्रतिमा र तिनको अंकमालमा रहेकी श्रीदेवीको प्रतिमा छ । यो मूर्ति मैथुनावस्थामा रहेकाले आधा भाग कपडाले ढाकेर राखिने गर्छ । यो प्रतिमा श्री कामेश्वर र श्री कामेश्वरीको मैथुनावस्थाको हो भन्ने प्रसिद्धि छ । श्री विश्वरूपको यस प्रतिमाको पूजन तान्त्रिक उपचार र पद्धतिबाट हुने प्रावधान छ । यहाँ पशुबलि पनि श्री भैरवको मूर्तिमा दिई अर्चना गर्ने परम्परा छ ।

यहाँ विश्वविराट भगवान्को दर्शन गरी बहिरा गणेशलाई दाहिना पारी केही पूर्व गएपछि जङ्गलतिर मोटर जाने दायाँतर्फ कच्ची बाटो आउँछ । त्यो कच्ची बाटोबाट तल झरी फेरि उक्ली सीधै गएपछि शिवपुरीबाबाको समाधिस्थलमा पुगिन्छ ।

त्यो ठाउँ बडो शान्तिदायक छ । तर हाल बाटोसमेत भत्केर जान नसक्ने असजिलो भएको छ । त्यहाँबाट फर्किँदा तारेकाँडाको बारनजिकै ढोकाबाट निस्की १५ पाइलाजति अघि बढेपछि दायाँपट्टि ३५–४० गजजति गएपछि ध्रुवस्थली आउँछ । जहाँ ध्रुवले तपस्या गरेका थिए । जब श्री हरिबाट वरदान पाई ध्रुव जान लाग्नुभयो, त्यतिखेर जगत् जननी उमाले जमिनमा दुई स्तन प्रकट गराइदिइन् । जसमा ध्रुवले दूध खानुभएको थियो । त्यहाँ यद्यपि पत्थरका दुई स्तन छँदैछन् । यो स्थान हाल नेपाली सेनाको क्षेत्रभित्र पर्दछ । साधारणतया दर्शन पाइँदैन । यसलाई सैनिकक्षेत्रबाट बाहिर राख्नुपर्ने देखिन्छ ।

स्तन भएको ठाउँबाट अलिकति पूर्व दक्षिणमा एक कुण्ड छ । त्यस कुण्डको पानीमा दूधको स्वाद आउँछ । यहाँ हाल इनार बनाई यसैबाट शिवपुरी

बाबाको आश्रमका लागि पानीको व्यवस्था मिलाइएको छ । शिवपुरी बाबाको समाधिस्थल पनि काँडे तारले बेरिएको छ । जहाँ जानका लागि हाल माथि वर्णन गरिएको बाहेक रिङ्रोड गल्फ ग्राउन्डबाट पनि जान-आउन बाटो छ ।

यहाँबाट गएकै बाटो फर्किंदा श्लेष्मान्तक वन हुँदै फेरि ढुङ्गाका खुड्किलाहरू सुरु हुनुअघि योग साधनापीठ छ, जहाँ डा. स्वामी प्रपन्नाचार्यज्यू बस्नुहुन्छ ।

यहीं नजिकै लाल गणेशको मूर्ति पनि छ । यहाँबाट खुड्किलाहरू हुँदै पश्चिमतर्फ तल ओर्लिई बायाँपट्टि राममन्दिर पुगिन्छ । यो वैरागी मठ हो । पहिलो मन्दिर रामचन्द्र, लवकुशको हो, दोस्रो मन्दिर रामपरिवारको हो र तेस्रो मन्दिर श्री लक्ष्मीनारायणको हो । रामचन्द्र, लवकुश मन्दिरको बायाँ दुधारी बाबाको आश्रम छ । उहाँ दूधबाहेक केही पनि ग्रहण गर्नु हुँदैन । यी सबै मन्दिरहरूमा दर्शन गरिसकेपछि रामचन्द्र-लवकुश मन्दिरको अगाडि एउटा फलामको घपानो लगाइएको ठाउँ छ । पहिले-पहिले सती जाने प्रथा हुँदा यहीबाट सती जाने आइमाईलाई सिङ्गारी ओरालिन्थ्यो र यसलाई सतीद्वार भनिन्छ । यहाँबाट पश्चिमतर्फ जाँदा पुल तरेपछि दायाँपट्टि वत्सलाको मन्दिर छ ।

श्री वत्सलादेवी :

श्री वत्सलादेवीको मन्दिर श्री पशुपति प्राङ्गणबाहिर दक्षिण-पूर्वको कुनामा वाग्मतीबाहिरपट्टि रहेका मसान चिताहरू नजिक रहेको छ । यस मन्दिरमा कुनै प्रतिमा छैन तर एउटा यन्त्रपीठ मात्र विद्यमान छ । यसैलाई श्री वत्सलादेवी मानी पूजा गर्ने गरिन्छ । पिशाच चतुर्दशीका अवसरमा यसमाथि धातुको मूर्ति राखेर अर्चना गर्ने विधान छ ।

यहाँको नित्य र नैमित्तिक (पर्व) पूजा तान्त्रिक विधिबाट मत्स्य, मांस, मदिरा मुद्रा चढाई गरिने गरिन्छ । खासगरी पिशाच चतुर्दशी (चैत्रकृष्ण चतुर्दशी)का दिन र त्यसपछिका अरू दुई दिन यिनको पूजन पशुबलिका साथ मत्स्य, मदिरा आदि उपचारले हुन्छ र त्यसबेला यिनको खटजात्रा पनि चलाइन्छ । यहाँ स्मशानोचित पूजा शिवाबलि (स्याललाई दिने बलि) पनि दिएर हुन्छ । यिनलाई सर्वसाधारणले स्पर्श गरेर आफैंले पूजा गर्न सक्तछन् ।

यहाँ निराकार यन्त्रमा भगवतीको रूप छ । यी पार्वती शिवजीको प्रेमले बसेकीले शिवजीले वत्सला भनी वर दिएका छन् । मेरो प्रेमले बसेकीले तिम्रो नाम वत्सला हो र तिम्रो दर्शन गरी जो मेरो दर्शन गर्छ, ऊ, स्वत: कैलाशवासी हुन्छ । चैत्र शुल्क प्रतिपदा वा द्वितीयामा वत्सलाको रथयात्रा हुन्छ ।

यिनलाई पनि श्री पशुपतिनाथले वर्षको एकपटक भेट र उपहार दिनुहुन्छ।

वत्सलाको दक्षिण आँगनमा आकाश-भैरव छन्। वत्सलाको प्रदक्षिणा पूजा-आजा सकी आकाशभैरवको दर्शन गरी मङ्गला गौरीको दर्शन गर्नुपर्दछ। त्यसपछि नीलसरस्वतीको दर्शन गरी जम्बुदीप र कागेश्वरीलाई दायाँ पारी आर्यघाट गई स्नान तर्पणादि कार्य गर्नुपर्दछ।

यस आर्यघाटको पूर्वतर्फ खर्वरीका नाम गरिएको तीर्थ छ। जहाँ पार्वतीकी साथी खर्बरीकाले स्नान गरेकी थिइन्। पश्चिम किनारमा मृगेश्वरभन्दा भित्रबाट मृगोदक तीर्थ आएको छ। वाग्मती यी तीन तीर्थ आएर त्रिवेणी वाग्मती भएकाले यहाँ स्नान गर्नाले त्रिवेणी नुहाएको फल मिल्दछ र मृगोदक तीर्थको जल खाएमा पशुयोनिमा जन्मसमेत लिनुपर्दैन। तर हालको जल प्रदूषणले युक्त भएकाले उक्त जल खान योग्य छैन। मृगेश्वर महादेवको दर्शन र स्पर्शले शिवलोकमा बास हुन्छ। मृगेश्वरको नजिकै बिरुपाक्षको पत्थरको मूर्ति छ, यसलाई कलि पनि भन्दछन्। बिरूपाक्ष ब्राह्मण हुन्। जो पहिले दुराचारको पाप कट्टा गरी मोक्ष हुन यहाँ आइबसेका हुन्। मृगेश्वरको उत्तरपट्टि गङ्गामाईको मन्दिर छ। जहाँ गङ्गा र यमुनाका मूर्ति छन्, जुन राजा प्रताप मल्लले स्थापना गरी वार्षिक गंगामाईको जात्रा पनि यिनैले चलाएका थिए।

यहाँबाट सिंढी चढी श्री पशुपतिनाथको मन्दिरभित्र प्रवेश गरी पहिले लालगणेशको दर्शन गर्नु, त्यसपछि गुह्येश्वरी गएको छैन भने गुह्येश्वरी मातालाई सम्भी श्री पशुपतिनाथको छानामुनि माताको कलश र पाउको दर्शन गर्नू। बायाँपट्टि गई श्रीकृष्णजीको दर्शन गर्नु। त्यसपछि दायाँपट्टि सूर्यनारायणको मन्दिर छ, त्यहाँ दर्शन गरी गणेश, कोटेश्वर, भृङ्गी, ज्योरेश्वर (त्रिशिर) महादेवको दर्शन गरी बेलको बोटको पूर्व-उत्तरमा विराजमान हुनुभएको नृत्यनाथ भगवान्को दर्शन गरी अन्नपूर्ण, सूर्यनारायण दर्शन गरी अर्धनारेश्वरको दर्शन गर्नुपर्दछ। सिंढी चढिसकेपछि श्री पशुपतिनाथको गजुर दर्शन गरी त्रिपुरा-सुन्दरीदेवीको दर्शन गर्नुपर्दछ। वासुकीको उत्तरपट्टि ब्रह्मलीन सिद्ध श्री १००८ स्वामी श्याम चेतनबाबाको आश्रम छ, जहाँ हाल बाबा गौरवपुरीजी महाराज बस्नुहुन्छ। वासुकीलाई च्यापी गरूडले ल्याउँदा आदियुगमा गरूडको हातबाट फुतिकई श्री पशुपतिनाथको शरणमा आई तप गरिरहँदा श्री पशुपतिनाथ खुसी भई तिम्रो नामले सहर बसाइ तिमी यसै स्थानमा बस। तिम्रो दर्शन गरेर मात्र मेरो दर्शनको फल होला भनी वर पनि दिनुभयो। पछि (कलिगत ३८२५) गुणकामदेव राजाले विभिन्न देशसँग युद्ध गरी युद्धमा जिती (५२ करोड) करोडौं

करोड धन ल्याई यसै अचल पर्वतभित्र राखी त्यसैमाथि मन्दिर बनाई वासुकी नागको मूर्ति स्थापना गरी भण्डारी बनाइदिएका थिए । वासुकीनारायणको दर्शन गरिसकेपछि अलि तल सिंढी झरिसकेपछि झ्यालभित्र बायाँपट्टि सिद्धेश्वर महादेव विराजमान छन् । त्यहाँ दर्शन गरी बूढानीलकण्ठको दर्शन गर्नुपर्दछ । त्यसपछि चाँगुनारायण सरस्वती माताको दर्शन गरी मुक्ति मण्डप अगाडिबाट तल श्रीयन्त्र गङ्गाजीको दर्शन गर्नु र साथसाथै अन्त दर्शन नगरेको भए सम्पूर्ण देवीदेवताहरूलाई सम्झी मनमनले दर्शन गरी मुक्ति मण्डपमा बसी मुक्तिको वरको याचना गर्नुपर्दछ । यसपछि मुक्ति मण्डपमा विराजमान हुनुभएका सन्तानेश्वर महादेवको दर्शन गरी श्रीकृष्णजीको दर्शन गर्नुपर्दछ । तत्पश्चात् गणेशको दर्शन गरी कीर्तिमुख भैरवको दर्शन गर्नुपर्दछ ।

श्री कीर्तिमुख भैरव :

श्री पशुपतिको प्राङ्गणमा मुख्य मन्दिरको पूर्व-दक्षिण कुनामा श्री कीर्तिमुख भैरवको छाना नभएको खुला मन्दिर छ । त्यसमा श्री कीर्तिमुख भैरवको केवल मुखाकृति मात्र भएको भुइँमा प्रस्तर प्रतिमा छ । त्यही पूर्वपट्टिको भित्तामा श्री कीर्तिमुख भैरवकै धातुको प्रतिमा पनि टाँसिएको छ । त्यहाँ तान्त्रिक पद्धतिबाट मत्स्य, मुद्रा, मांस, मदिरा आदि उपचार चढाएर विशेष पर्वहरूमा पूर्णिमामा पशुबलि पनि दिएर पूजन गरिन्छ । श्री कीर्तिमुख भैरवको दर्शन गरेर मात्रै श्री पशुपतिको पूजन हुनुपर्ने निर्देश पुराणमा पाइन्छ । यो भैरवको पूजन अर्चकले स्पर्श गरेर आफैं गर्न पाउने व्यवस्था छ ।

यी भैरव जालन्धरले जगत् जननी पार्वतीको सुन्दरताको लोभमा राहुलाई कैलाश पठाउँदा शिवजीको आँखी भौंबाट नरसिंह रूप भयानक महापुरुषको रूपमा प्रकट भएर राहुलाई खान जाँदा राहुले अरू उपाय नदेखेर शिवजीकै स्तुति गरेकाले शिवजीले प्रसन्न भई अरूको दूत भएकाले नखाऊ भन्नुभयो । भैरवले शिवजीसँग मलाई साह्रै भोक लाग्यो, के खाउँभन्दा आफ्नै हात, पाउको मासु खाउँ भन्नुभएकाले खाँदा-खाँदा खालि गर्धनमाथिको भाग मात्र बाँकी छ ।

यी भैरवलाई तिम्रो दर्शन गरी मेरो दर्शन गर्दा मात्र मेरो दर्शनको पूर्ण फल प्राप्त होला भनी शिवजीले वर पनि दिनुभएको छ । यो भैरवको दर्शन गरिसकेपछि घोप्टो परिरहेका आकाशभैरवको पनि दर्शन गर्नुपर्दछ । यी भैरवले आकाशमार्गमा पर्ने सम्पूर्ण चीजहरूलाई ग्रास बनाउन थालेपछि तान्त्रिक विधिले घोप्टो पारिराखेको हो । त्यसपछि शीतला माताको दर्शन गर्नुपर्दछ । श्री पशुपतिनाथको मन्दिर दक्षिण ढोकाबाट बाहिर ६४ यन्त्रमा शिव लिङ्गहरू

स्थापित छन्। त्यहाँ परिक्रमा गर्नाले ८४ योनिमा जन्म लिनु पर्दैन। यहाँ ५५१ शिव लिङ्गहरू स्थापित छन्। त्यसपछि दक्षिणपट्टि उन्मत्त भैरव अगाडिबाट श्री पशुपतिनाथको दर्शन गर्न नसक्ने अवस्थामा गजुरको स्वचित्त र सत्यमनले दर्शन गर्दा बराबर फल मिल्दछ। त्यसपछि उन्मत्त भैरवको दर्शन गर्नुपर्दछ।

श्री उन्मत्त भैरव :

श्री पशुपतिको प्राङ्गणकै मुख्य मन्दिरको ठीक दक्षिणपट्टि एउटा छुट्टै मन्दिरमा तामाका पाताले बनेको श्री भैरवको विशाल मूर्ति उभिएका मुद्रामा रहेको विद्यमान छ। यो मूर्ति दिगम्बर (नग्न) स्वरूपको छ। यहाँ पनि तान्त्रिक उपचारले मत्स्य, मांस, मदिरा, मुद्रा चढाएर पूजा हुन्छ। यिनको दर्शन पूजन अर्चकले स्वयं स्पर्श गरेर गर्न सक्छ।

पशुपतिनाथको दक्षिण उग्ररूप भएको उक्त उग्ररूपको शान्ति र रक्षाको खातिर यी भैरव स्थापना गरिएका हुन्। त्यहाँबाट बायाँ अलि अगाडि कोठाभित्र व्यास आसन, यज्ञशाला, घुमी झँकेश्वर महादेवको दर्शन गर्नुपर्दछ।

श्री सप्तमातृका :

श्री पशुपति प्राङ्गणमै मुख्य मन्दिरको दक्षिण, पश्चिम कुनापट्टि यज्ञमण्डपभित्र श्री सप्तमातृका ब्राह्मी, दाहिनेपट्टि श्री वीरेश र देब्रेपट्टि श्रीगणेशको मूर्ति एवं श्री सूर्य आदिका पनि मूर्ति छन्। यी सप्तमातृकाको दर्शन, पूजन तान्त्रिक उपचारहरू चढाएर पूजन हुन्छ। अर्चकहरूले यिनको पूजा स्वयं स्पर्श गरेर गर्न पाउने व्यवस्था छ। त्यसपछि नवग्रह एवं श्री हनुमानजी, सत्यनारायणसमेतको दर्शन गरी श्री पशुपतिनाथलाई अर्ध परिक्रमा गर्दै चारै ढोका खुला नभए पश्चिम ढोकाबाट दर्शन गर्ने र चारै ढोका खुला भएको भए पहिले दक्षिण ढोकाबाट प्रवेश गरी दर्शन गरी पूर्वतर्फ गई पूर्व ढोकामा दर्शन गरी पुनः दक्षिण ढोका हुँदै पश्चिम ढोकामा आई दर्शन गरी उत्तरतर्फ गई उत्तर ढोकाबाट दर्शन गरी उत्तरै ढोकाबाट निस्की नन्दीलाई दायाँ पारी मन्दिरको पश्चिम मूल ढोकामा आई ढोकाको पूर्व फर्किंदा दायाँपट्टिबाट श्री पशुपतिनाथको दर्शन गर्दा गल्तीले भएका त्रुटिहरूप्रति क्षमा माग्दै पशुपतिनाथ र गजुरसमेतको दर्शन गरी बाहिर निस्कनुपर्दछ। बाहिर निस्की दायाँपट्टि केही खुड्किला चढी फेरि दायाँपट्टि ठूलो वृक्षको फेदमा रूद्रगारेश्वर भगवान्को दर्शन गरी पुनः फर्की आई मुख्य ढोकाबाट पश्चिमतर्फ २०/२५ कदम पर पुगेपछि दायाँपट्टि शंकराचार्यको मन्दिर छ।

त्यहाँ दर्शन गरी अलि पर बायाँ हुँदै क्षेत्रपाल झंकेश्वरी दर्शन गरी आर्यघाटतर्फ नै गई दायाँपट्टि भस्मेश्वर महादेवको दर्शन गर्नुपर्दछ । यहाँदेखि पूर्वतर्फको चित्तामा सज्जन मानिसको लास जलाउँदा धूवाँ श्री भस्मेश्वर महादेवमा जाने हुनाले त्यस मृतकको आत्मशान्ति भई कैलाश बास हुन्छ । भस्मेश्वरलाई पहिले भद्रेश्वर भन्ने गरिन्थ्यो ।

श्री राजराजेश्वरी (झङ्केश्वरी) :

श्री राजराजेश्वरीको मण्डप शैलीको एकतले मन्दिर छ । त्यसमा श्री राज राजेश्वरीको ब्राह्मी आदि आठ मातृकासहितका प्रतिमाहरू छन् । त्यो उग्रपीठ हो । त्यहाँ पनि तान्त्रिक विधिअनुसार नै पूजा-आजा हुने गरेको छ । देवताहरूलाई स्पर्श गरेर सर्वसाधारणले आफैं पूजन गर्न पाउँदैनन् । त्यहींकै पुजारी कर्माचार्यहरूद्वारा समय मिलाएर पूजन गर्न सकिन्छ ।

यसपछि दक्षिण नदीको किनारैकिनार जाँदा राजराजेश्वरीको मन्दिर आउँछ । यहाँ पहिले पूर्वजन्मको छायाँ देखिने इनार थियो । पछि राजाहरूले आफ्नो छायाँ राम्रो नदेखेकाले मनमा कष्ट हुने भएको हुँदा उक्त इनारमाथि राजा शंकरदेवले विराटेश्वर शिवलिङ्ग स्थापना गरी घाटसमेत बनाइदिए । यसै नजिक राजा अंशुबर्माले जयबागेश्वरी रहस्य मूर्तिसमेत स्थापना गरी बलिदान गर्न नहुने भएकाले नवदुर्गाको रहस्य मूर्ति बलिदान गर्नका लागि स्थापना गरी यस ठाउँको नाउँ राजराजेश्वरी रह्यो । यी ईश्वरीअघि गुह्येश्वरी प्रकट हुँदा आवरण गरी राखेको पीठ मात्र थियो र पछि राजा विश्वगुप्तबाट श्री जयबागेश्वरी रहस्यमूर्ति प्रकाश गरी स्थापना गरेको र बलिदानका लागि प्रतिष्ठा कर्म गरिदिएका हुन् । यी ईश्वरी नवदुर्गा बहुतै प्रत्यक्षकी छन् ।

यहाँ दर्शन गरिसकेपछि केही दक्षिण जाँदा एउटा मोटर हिंड्ने कच्ची बाटो भेटिन्छ । त्यसै बाटोबाट पश्चिमतर्फ लाग्दा एक चौबाटो भेटिन्छ । त्यो चौबाटोबाट दक्षिणतर्फ जाँदा रिङ्रोड भेटिन्छ ।

श्री वज्रेश्वरी श्री पिङ्गलास्थान :

श्री पिङ्गलास्थान नामक श्री वज्रेश्वरीको मन्दिर छ । त्यस मन्दिरमा तीनवटा शिरोभाग मात्र रहेको सम्भवत: श्री महाकाली, श्री महालक्ष्मी र श्री महासरस्वतीका प्रतिमाहरू छन् । त्यसै परिसरमा अन्य सानासाना देव प्रतिमाहरू पनि छन् । श्री वज्रेश्वरी त्यस स्थानका प्रसिद्ध मान्यताप्राप्त देवी हुन् र यिनको पूजन पनि तान्त्रिक उपचारबाट हुने गर्दछ ।

यी पशुपतिनाथका नवशक्ति पीठमध्येको महालक्ष्मी पीठ हुन् । यो मन्दिरलाई पिङ्गलास्थान पनि भनिन्छ । यी देवी अति प्रत्यक्षकी छन् ।

यिनको दर्शन गरी वनकाली धर्मशाला हुँदै वनगणेशको दर्शन गर्नु पर्दछ । वनगणेशबाट केही पश्चिमदक्षिणतर्फ वनकाली माता विराजमान छिन् ।

श्री वनकाली :

श्री पशुपतिकै परिसरमा गौशाला प्रहरी प्रभाग कार्यालयबाट श्री पशुपति मन्दिर जाने बाटोमा, बाटोदेखि मुन्तिर प्रसिद्ध वनकाली मन्दिर छ । यिनको उत्थीत मुद्रामा रहेको मानवाकृति भएको प्रतिमा छ । यिनको नाम चम्पकदेवी भन्ने पनि प्रसिद्धि छ । यिनको पूजा उपासना पनि तान्त्रिक विधिबाट तान्त्रिकै उपचारले गर्ने गरिन्छ ।

यिनको दर्शन गरी श्री पशुपतिनाथको र प्रभुका नजिकै विराजमान देवीदेवता गणहरूको समेत दर्शन पूरा हुन्छ । यसरी दर्शन पूजाआजा गर्नाले शान्ति मिलेको अनुभव हुनुका साथै यस जन्ममा यश, कृति, सुख, समृद्धि र परलोकमा स्वर्ग र मोक्षसमेत प्राप्ति हुन्छ । यसरी श्री पशुपतिनाथ र परिसर परिक्रमा गर्दै पशुपति क्षेत्र र नजिकका नगर वडाहरूसमेतको सुरक्षाको जिम्मा लिएको तत्कालीन वडा प्रहरी कार्यालय, गौशाला हाल महानगरीय प्रहरी प्रभाग गौशालामा पुगिन्छ । प्रहरी प्रभाग अगाडि गौशाला चोकबाट उत्तरतर्फ जाँदा दायाँपट्टि पशुपति क्षेत्र विकास कोषको कार्यालय र वेदवेदाङ्ग विद्याश्रम अवस्थित छन् । बायाँपट्टि भण्डारखालको जंगल कम्पाउन्ड पर्दछ । यस भण्डारखाल बगैंचाबाट दैनिक ७२ वटा राम्रा फूलका माला श्री पशुपतिनाथमा चढाउनुपर्ने परम्परा थियो तर अहिले यहाँ एउटा फूलको बोट पनि देख्न पाइँदैन र जंगल पनि बर्सेनि मासिँदैछ । वृक्षरोपण कुनै पनि पक्षबाट भएको पाइँदैन । फूलबारी र वन संरक्षणमा सम्बन्धित निकायको ध्यानाकर्षण होस् भन्ने लेखकको अनुरोध छ ।

ॐ

विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ

नेपाल परापूर्वकालदेखि विश्वका सामु एकमात्र सनातन हिन्दू राज्यको रूपमा परिचित छ । जसका आदर्श, मानव मूल्य र मान्यतालाई उच्चतम् स्थान मात्र नदिई विश्वका कुनै पनि मनुष्य के नारी, के पुरुष, के काला, के गोरा बिनाविभेद सबै प्राणी जाति र लिङ्गका मनुष्यलाई स्वयं आफ्नो रूपमा अँगीकार गरेको छ । हिन्दू वेद र उपनिषद्हरूको सारतत्त्वका रूपमा रहेका निम्न कुराहरूलाई यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु ।

यतोधर्मस्ततो जय:
जहाँ धर्म त्यहाँ सदा सर्वदा विजय हुन्छ ।

ऋग्वेदीय - तैत्तिरीय उपनिषद्को = प्रज्ञानं ब्रह्म ।
यजुर्वेदीय - बृहदारण्यक उपनिषद्को = अहं ब्रह्मास्मि ।
समावेदीय - छान्दोग्य उपनिषद्को = तत्वमसि र
अथर्ववेदीय - मण्ड्कोपनिषद्को = अयमात्माब्रह्म ।

यी शाश्वत सत्यहरूले देश, भेष, वर्ण, जात, लिङ्ग र धर्मगत भेद अघि सारेका छैनन् । जोसुकैले वेद र उपनिषद्ले इङ्गित गरेका शाश्वत अकाट्य तथ्यहरूलाई कर्म ज्ञान, भक्ति जुनसुकै बाटोबाट भए पनि अवलम्बन गर्न सकेमा ऊ स्वयं ब्रह्म, शिव, ज्ञानरूप तत्त्वको सार हो, सत्य हो, अविनाशी परमपद हो भन्ने अनुभव हुन्छ, यो नै जीवनको परम लक्ष्य हो । यसरी विश्व ब्रह्माण्डलाई बिनाविभेद समेट्दै आएको सनातनी हिन्दू परम्परालाई हातले आँखा छोपेर सूर्य छोपी भनेजस्तै धर्म निरपेक्षको कुनै तुक छैन र नेपाल एक मात्र हिन्दू राष्ट्र हो, थियो र सृष्टि रहेसम्म हिन्दूराष्ट्र नै रहन्छ । ब्रह्मा, विष्णु, महेश, सूर्य र गणेश पाञ्चायन, अग्नि, जल, वायु, आकाश, पृथ्वी पञ्चतत्त्व-समेतलाई पशुपतिका पाँच मुखले प्रतिनिधित्व गर्दै अधीनस्थ गर्दै सारा विश्व ब्रह्माण्डका क्रिस्चियन, इस्लाम, बुद्धसहित विभिन्न मतमतान्तरसमेतलाई स्थान, परिस्थिति, समय, कालअनुसार समेट्दै आफ्नै इच्छाले उठान र बैठान गर्दै गराउँदा विभिन्न कल्पकल्पान्तर बितिरहेको कुरा घामझैं छर्लङ्ग छ । सनातनभित्रै

विश्व सञ्चालित छ, भिन्न छैन, भिन्न मान्नु अज्ञानता हो । भिन्नता कुनै विज्ञले देख्नुहुन्छ भने वेद, उपनिषद्, पुराण, बाइबल, कुरान, त्रिपिटक राम्रोसँग पढ्नुहोस् र पनि नबुझे उत्तर नमिले सर्वोच्च शिखर सगरमाथा विश्वको शिरका फेदीमा रहेका कन्दरामा गई आफैंसँग सोध्नुहोस्, उत्तर मिल्नेछ । हिम्मत छ, प्यारी श्रीमती, छोरी, छोरा, धन, सान, मान, छोड्ने, पाँचतारे होटल र विलासी भवनमा बसेर यस्तो चिन्तन गर्न कठिन हुन्छ, किनकि नत्र त बुद्धले रानी राजकुमार र श्रीपेचसँगै बुद्धत्त्व प्राप्त गर्नेथिए । श्री पशुपतिनाथ सारा सृष्टिका अधिष्ठात हुन् । उनैका इच्छामा देवी-देवता, धर्म, सम्प्रदायहरू जन्मि-रहन्छन्, अनन्तसम्म । तारा, ग्रह, नक्षत्र र ज्ञात-अज्ञात मानवलाई कति अचम्भित पार्ने तत्त्वहरू, रहस्यहरू उहाँका सृष्टिमा छन्, यस्ता अकल्पनीय, असाधारण, अनन्तशक्ति र सामर्थ्यवाला विश्व ब्रह्माण्डपति भगवान् शिवलाई मेरो, हाम्रो मात्र भन्नु अन्याय हो । उहाँ मान, नमान, जान-नजान, विश्व सारा सृष्टिका कारण र मालिक हुन्, यसमा सन्देह छैन । बुद्धले प्राप्त गरेको बुद्धत्व शिवकै सत्य हो, जिससले प्राप्त गरेको ज्ञान शिव गोरखनाथको प्रसाद शिवकै ज्योति हो भने अल्लाले प्रतिपादन गरेको इस्लाम सिद्धान्त इन्द्रको तेजको एक झिल्का हो । यसरी यहाँ कुनै धर्म, सम्प्रदाय र यसमाथि चर्चा/परिचर्चा विवाद गर्नुपर्ने केही छैन । कुँवरहरूले शक्तिशाली भएपछि राणा अझ शक्तिशाली भएपछि ज.ब.रा लेख्न थाले । सूर्यबहादुर थापा पटक-पटक प्रधानमन्त्री भएपछि केही थापाहरूले सुबथा लेख्न थालेका थिए । त्यसैगरी आ-आफ्नो सिद्धान्त र प्रयोगको सफलताको अनुपातमा प्रतिपादक र अनुशरणकर्ताको संख्या बढ्नु स्वाभाविक स्वागतयोग्य कुरा हो । हाल विश्वमा बहुसंख्यक रूपमा रहेका क्रिशिचयनहरूको डाहा र विरोध गर्नुको सट्टा तिनीहरूको संख्या किन बढिरहेको छ ? त्यस क्षेत्रका दानी, परोपकारी, प्रेमी भक्तहरूको संख्या बढी भएकाले नै हुनुपर्दछ । हामीले हाम्रा दुर्गुण, कमीकमजोरीलाई दूर गर्दै सद्गुणहरू सिक्न संकल्प गर्नुपर्दछ ।

संसारमा दोस्रो ठूलो संख्यामा रहेका इस्लामहरूको संख्या पनि दिनानुदिन कसरी बढिरहेको छ, हेर्नुपर्दछ । राम्रा कुराको सराहना गर्दै नराम्रा कुरा त्याग्दै हामीले आफूमा परिवर्तन गर्नुपर्दछ ।

शाश्वत सत्य एउटै छ । क्रिस्चियन, मुस्लिम, बौद्ध र हिन्दूले खाने पानी एउटै हो । रगतका समूहहरू पनि त्यति नै एकै प्रकारका हुन्छन्– A, AB, O आदि... आदि... । शारीरिक बनावट पनि अङ्ग-प्रत्यङ्ग एकैनासे हुन्छ, मात्र रङ्गरोगन, उचाइ फरक होला ।

फरक धर्म मान्नेहरूबीच विवाह हुँदा पनि सफल जीवन बितेकै छ राम्रा सन्तानको जायजन्म भएकै छ । अब प्रस्ट हुनुपर्ने के मात्र देखिन्छ भने विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालमा सगरमाथा अञ्चलमा पर्दछ । यो सत्य हो, सबैले मान्नैपर्दछ । त्यसैगरी शान्तिका अग्रदूत गौतम बुद्धको जन्मथलो नेपालको लुम्बिनीको तौलिहवा भएकाले हो, यो शाश्वत सत्य हो, सबैले मान्नैपर्दछ । सीता माताको उत्पत्ति स्थल देवताका पनि गुरु राजा जनकको जन्मभूमि राज्य पनि नेपालको जनकपुरमा नै हो । जीवनमुक्त ज्ञानपुञ्जका रूपमा प्रत्येक धार्मिक ग्रन्थमा राजा जनकलाई पढ्न पाइन्छ, हेर्न पाइन्छ । यो शाश्वत सत्य हो । यस्तै शाश्वत सत्य हिमवत् खण्ड नेपाल सनातनदेखि ॐकारको विन्दु र ब्रह्मा, विष्णु, महेश, काली, लक्ष्मी, सरस्वतीको क्रिडास्थलका रूपमा सनातनदेखि रहिआएको छ । सनातन हिन्दू धर्म र सभ्यताको सम्वाहकहरूका रूपमा यस भूमिलाई स्वीकार्नैपर्ने हुन्छ, चाहे कुनै अल्पज्ञानी धर्म निरपेक्ष भनोस् वा सापेक्ष नेपाल सनातनदेखि सबै युग र कल्पमासमेत सनातन हिन्दू राष्ट्र नै रहेको थियो, रहिरहेछ र रहिरहने छ । यदि नेपाल अहिले साँच्चिकै प्रजातान्त्रिक गणराज्य हो भने हिन्दू धर्मका सम्बन्धमा जनमत लिइनुपर्दछ । जनमतमा अन्य धर्मको सम्मान र मित्रभावका साथ एकै परिवारका रूपमा विकसित हुँदै आएको हाम्रो सामाजिक संरचना संसारमा भएको “एकमात्र सनातन हिन्दू राष्ट्र” प्रजातान्त्रिक गणतान्त्रिक नेपाल अनन्तसम्म रहिरहने छ ।

तर धर्म सम्प्रदायलाई लिएर प्रत्येक धर्म र सम्प्रदायमा कुरीति र कुसंस्कारको प्रवेश भई शाश्वत सत्यलाई पाखा पारेर धर्म सम्प्रदायको रूपरङ्गलाई नै परिवर्तन गरेका छन् । त्यसको विरूद्ध निष्पक्ष मान्छेहरू एक भई असत्यलाई संसारका धर्म संस्कृतिमा रहन दिनुहुन्न । तर स्वतन्त्र विचारका सत्यवादी मानिसलाई पक्षपाती मूर्खहरूले ज्यानैसमेत लिई दुःख दिने, मार्ने दुःखदायी घटनाहरू पनि नभएका होइनन् । त्यसैले हामी सबैले स्वतन्त्र, सत्य, निष्पक्ष विचारका मानिसहरूका सत्यवाणीलाई घोत्लिएर सोचिविचारी व्यवहारमा उतार्नैपर्ने हुन्छ ।

आत्माको तेज सबैभन्दा उत्तम छ अनि जब हामीहरू ध्यान गर्दछौं र यसैले हामीहरूको बुद्धि विचारलाई प्रेरित गर्दछ । ॐ को उच्चारण उचित आसनमा बसेर आँखा बन्द गरेर जप गर्दा अष्टाङ्गका योग पूर्ण भइ केही समयमै समाधिस्थ हुन सक्तछ । तर परमात्मा त बुद्धिको पहुँचभन्दा पर छन् । त्यसैले बुद्धिभन्दा भक्ति नै यिनलाई प्राप्त गर्ने अनुभव गर्ने उपाय हो ।

जो जन्मेको छ, त्यसका लागि मृत्यु अनिवार्य छ भने मर्नेको पुनःजन्म पनि निश्चित छ । यसैगरी अनादिकालदेखि जन्म-मृत्युको चक्र चल्दै आइरहेको छ ।

- जो मनुष्य कर्ममा लागेको छ, त्यसैले शाश्वत सत्यलाई साक्षात्कार गर्दछ । - *मत्स्य पुराण*
- धेरै भोजनले धेरै दुःख हुन्छ, त्यस्तै भोजनै नगर्दा पनि दुःख हुन्छ, त्यसैले ठीक्क भोजन गर्नुपर्दछ । - *भविष्यपुराण*
- तीनै लोकमा वेदको धर्म व्यवस्थाले नै अधर्मलाई नाश गर्दै विषयसक्तकामीलाई पनि भक्तिमार्गमा प्रवृत्त गराउँछ । असत्य झूट बोल्नेहरूको पुण्य तत्कालै क्षीण हुन्छ । - *शिवपुराण*
- मान्छेलाई पिता, माता, पुत्र, श्रीमती, दाज्युभाइ, कोही पनि आत्माको सहायक हुन सक्तैनन् । केवल, धर्म नै आत्माको सहायक हुन्छ । त्यसैले सदा धर्ममा अटल रहनुपर्दछ । जुन धर्मले घोर अन्धकारबाट पनि पार गराइदिन्छ । - *देवीभागवत पुराण*
- जो सावधान भएर ब्रह्मपरायण, प्रमादरहित, एकान्तबासी, जितेन्द्रीय भएर योगसाधना गर्दछ, उसैले आत्मालाई मिलाएर मोक्ष लाभ गर्दछ । - *मार्कण्ड्य पुराण*
- गृहस्थाश्रममा मनुष्यले सबै प्राणीलाई पालन गर्दछ र त्यसै पुण्यका प्रतापले इच्छित लोकहरूको प्राप्ति गर्दछ । - मार्कण्ड्य पुराण
- आफ्नै नामले विख्यात हुने पुरुष धन्य हो । - *मार्कण्ड्य पुराण*
- जो परम श्रद्धालु हुन्छ, उसैलाई मोक्षजस्तो परमपद प्राप्त हुन्छ । - *नारद पुराण*
- विद्याबिना आँखा भएको पनि अन्धो नै हुन्छ । - *स्कन्दपुराण*
- शरीर, मन र वाणीले कहिले पनि पाप कर्म गर्नुहुँदैन किनकि पुराण र वेदको रहस्य यही हो । - *कर्मपुराण*
- प्रभुको ज्ञान भएपछि मानिस समस्त पापबाट विमुक्त हुन्छ । - *सूर्यपुराण*
- जो योगको ज्ञाता छ र योगयुक्त आत्मावाला छ, ऊ परम निर्वाणलाई प्राप्त गर्दछ । - *सूर्यपुराण*
- कसैलाई द्रोह नगर्नु, सबैलाई अभय दिनु "दान" हो । कामनाहरूको त्याग गर्नु नै "तप" हो । आफ्ना वासनाहरूमाथि विजय प्राप्त गर्नु नै "सुरता" हो । जताततै समस्वरूप, सत्यस्वरूप परमात्मालाई दर्शन गर्नु नै "सत्य" हो । - *श्रीमद्भागवत् पुराण*

- सन्यासीले मनसहित पाँचै ज्ञानेन्द्रियलाई जित्नु, भोगको क्षुद्रता सम्झी त्यसतर्फबाट मुख मोड्नु र आफैंमा परमानन्दको अनुभव गर्नुपर्दछ । *- श्रीमद्भागवत् पुराण*
- मनुष्यले आफ्नो धर्ममार्गमा स्थित भएर अरूको मार्गको निन्दा गर्नुहुँदैन । *- श्रीमद्भागवत् पुराण*
- जो पुरुष ज्ञानवान भएर सदैव दुष्कर्मबाट बच्न सक्दछ, उनै परमगति प्राप्त गर्दछ । *- गरुड पुराण*
- जो मानिस व्रत, दान र सत्यव्रत पालन गर्दछ, उसैले स्वर्ग र मोक्ष प्राप्त गर्दछ । - गरुड पुराण

मानव जीवनमा गीताग्रन्थ अचुक पथप्रदर्शक हो । त्यसलाई सम्पूर्ण मन प्राणले अनुसरण गर । अवश्य नै तिमी अध्यात्ममार्गमा सफल हुन जान्छौं ।

शिवले भन्नुभयो– निदाउँदा, ब्यूझिँदा र स्वप्न देख्दासमेत आफूलाई प्रकाशजस्तै ठान्नू ।

संसारमा हिन्दू तेस्रो ठूलो धर्म हो । यसका प्रवर्तक १४% ९५० मिलियन संख्याका छन् । नेपाल, भारत, श्रीलंका, यू.एस.ए., क्यानाडा र अन्य देशमा समेत भएको पाइन्छ । तर ईश्वर एकमात्र छन्, नाम जेसुकै भनौं शिव, कृष्ण, जिसस, बुद्ध, अल्लाह, दुर्गा आदि आदि...सत्य नै शिव हो, सत्य नै ईश्वर हो ।

"जब-जब अधर्म बढ्छ र धर्म नाश हुन लाग्छ, त्यसबखत म धर्म रक्षा र मानव कल्याणका लागि प्रकट भइरहन्छु" भन्ने भगवान् श्रीकृष्णको वचनबद्धता अनुसार नै जिसस, महम्मद र बुद्धका साथै विभिन्न अवतारहरू भएको स्वत: अनुमान गर्न सकिन्छ । किनकि यी सबैमा अलौकिक शक्ति छ, मानवता र सत्यका लागि दुष्टहरूसँग, खराब विचारसँग संघर्ष गरेका छन् । यति हुँदाहुँदै पनि पण्डा, पुजारी, मुल्ला, फादरहरूले थोपरेका कसिङ्गरहरूले कुनै पनि दाग लाग्न दिएको छैन तापनि चर्च, मस्जिद, गुम्बा, मन्दिरलाई हेर्न निष्पक्ष आँखा र चोखो भाव चांहिन्छ । सबै ठाउँमा ईश्वरको दर्शन पाइन्छ, भोलेबाबालाई जहाँ तहीँ देख्न सकिन्छ, कृष्णलाई जहाँतहीं दर्शन गर्न सकिन्छ । अल्लाह र जिससलाई जहाँतहीं भेट्न र साक्षात्कार गर्न सकिन्छ । बुद्धको शान्ति सन्देश जहाँतहीं गुञ्जिन्छ । पवित्रमन, आत्मिक तृष्णा, अन्तर हृदयको श्रद्धाले अगाडि बढौं, उद्देश्य किञ्चित तलमाथि पर्नेछैन । त्यसैले विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ नै सम्पूर्ण धर्म, वर्ण, जात, लिङ्ग, भाषा, भेषका मालिक हुन् । उनैका शरणमा परौं, अन्य सबै धर्म सम्प्रदाय जात, जाति, वर्ण, लिङ्ग उनैमा समाविष्ट छन् । शम्भो भोलेनाथ कल्याण गर । 'ॐ नम: शिवाय:' ।

यसै सन्दर्भमा भगवान् कृष्ण भन्नुहुन्छ– "म कहिल्यै नजन्मने सबै प्राणीको ईश्वर र सचिदानन्दमय सबै प्राणीको मालिक भएर पनि युगयुगमा आफ्नी प्रवृत्तिलाई अधीनमा राखेर आफ्ना मायाका बलले उत्पन्न हुन्छु । हे भारत । जब-जब धर्म ओईलाई अधर्म मौलाउन लाग्दछ, त्यस-त्यस बखत म प्रकट हुन्छु । (अवतार लिन्छु) । भक्त र साधुहरूको रक्षा गर्न दुष्टको नाश गरी फेरि धर्मस्थापना गर्नलाई म युग-युगमा उत्पन्न हुन्छु । (प्रकट हुन्छु) । *- गीता ४-६,७,८ ।*

"ममा एकाग्रमन भएका योगीहरूलाई नि:सन्देह उत्तम सुखको प्राप्ति हुन्छ । उसले आफूलाई ब्रह्ममा एकाग्र गर्दा ब्रह्ममै लीन गराई मुक्ति प्राप्त गर्दछ । उसको चित्त शान्त रहन्छ, रिस, डाह, पाप, चञ्चलता निखिई, हराईसकेको हुन्छ ।" *- गीता ६-२७ ।*

"सच्चा योगीले सबै प्राणीमा आफूलाई र आफूमा सबै प्राणीलाई रहेको देख्दछ । उसले सबैलाई एकनास भगवानमय देख्दछ । जो मलाई सब प्राणीमा देख्छ र सबै प्राणी ममा रहेको देख्दछ, त्यस्तो देख्नेका लागि म कहिल्यै अदृश्य हुन्न, सधैं देखिएर उसँगै रहन्छु र ऊ पनि मेरा लागि नदेखिने हुँदैन । *- गीता ६-२९,३० ।*

"हे अर्जुन । तिमी यो कुरा निश्चय गरी जान कि मेरो भक्त कहिल्यै नष्ट हुँदैन । हे अर्जुन । स्वास्नीमानिस, शुद्र, वैश्य तथा नीचकुलमा जन्मेका पापी नै हुन्, तथापि मेरा शरणमा आउँछन् भने परमगति पाउँछन् । यो कुरा तिमी आफ्ना मनमा बज्रलेप गरिराख ।" *- गीता ९-३१,३२ ।*

यसरी समर्पण र शरणगतिपश्चात् कुनै धर्म, वर्ण, लिङ्ग, जाति, वंश विशेषको भेद नगरी आफैंमा आफैं मान्ने भगवान्का लागि को पराई र अछूत हुन सक्तछन् । हुन सक्तैन । हामीबीचका मान्छेले सिर्जना गरेका अवरोध नै बाधक हुन् । भगवान् सर्वव्यापक सबैमा समान रूपले हुनुहुन्छ मात्र आफ्नै अन्तरआत्मामा ध्यान गर्दै आफूलाई सही राखी आफैंलाई चिनौं । आफैंमा परमात्माको दर्शन मिल्छ ।

ॐनम: शिवाय:,

ॐ तत्सत् शान्ति । शान्ति ।। शान्ति ।।।

वेदले पनि यस्तो भनेका छन् :

ऋग्वेद :

दक्षिणावन्तोअमृत भजन्ते। (१।१२५।६)
दानी अमरपद प्राप्त गर्दछन्।

यजुर्वेद :

तस्मिन् ह तस्थुर्भुवनानि विश्वा। (३१।१९)
"उनै परमात्मामा नै सम्पूर्ण लोकस्थित छ।"

अथर्ववेद :

स एव एक एकवृदेक एव। (१३।५।२०)
"त्यो ईश्वर एक मात्र छ, साँच्चिकै एक मात्र छ।"

तमेव विद्वान् न बिभाय मृत्योः। (१०।८।४४)
"त्यो आत्मालाई जानेपछि नै मानिस मृत्युदेखि डराउँदैन।"

शहस्त समाहर सहस्रहस्त सं किर। (३।२४।५)
"सय हातले जम्मा गर र हजार हातले दान गर।"

हामी नेपालीहरू अहिले क्रिस्चियनहरूले धर्म प्रचार गरे, नेपालीहरू बथानका बथान क्रिस्चियन बने भन्ने चिन्ता गरिरहेका छौं। तर किन हिन्दूहरू वा धर्म भन्ने कुरा बुझ्दै नबुझेकाहरू क्रिस्चियन बने सोचेका छैनौ। मन्दिर प्रवेशमा जात, लिङ्गगत विभेद, अनपढ र सामान्य लेखपढ गर्नेहरूका लागि सरल भाषामा धर्मसम्बन्धी पुस्तक नहुनु र जानकारी गराउन प्रयत्नै नगर्नु पनि त एउटा कारण हो। अर्कोतर्फ शिक्षा, स्वास्थ्यसेवा र विभिन्न सामाजिक क्रियाकलापलाई आधार बनाएर धर्म परिवर्तन भइरहेको देखिन्छ तर त्यही सेवा नेपाल सरकार राजाका पालामा राजा र हिन्दू र सनातनीहरूले किन त्यो

नबुझेको पिछडिएको ठाउँमा पुऱ्याउने प्रयत्न भएन, गम्भीर भएर सोच्नुपर्दछ। प्रत्येक क्रान्ति र परिवर्तनका कारक तत्त्वहरू हुन्छन्, त्यसलाई जिम्मेवार व्यक्तिहरूले समयमा सोची निराकरण नगरेमा समाज वा राष्ट्रमा ठूला विस्फोटहरू हुन्छन्, यसलाई पनि मनन् गर्नुपर्ने हुन्छ । धर्म कुनै समूह वा व्यक्तिको पेवा होइन, मानव जन्मँदै सनातनी हुन्छ, पवित्र हुन्छ । हामी त्यसलाई विशेषणहरू थप्दै संकीर्ण संस्कारहरू थोपर्दै दूषित बनाउँछौं । वेद, पुराण, उपनिषद्, गीता आदि ग्रन्थलाई सरलीकृत गरी विश्वका सहर-सहर, गाउँ-गाउँसम्म पुऱ्याउन सकेमा विश्व नै सनातन राष्ट्र हुनेछ । विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथकै इच्छाले सारा सृष्टि, स्थिति र संहार भइरहेको छ, भइरहनेछ । धर्म, संस्कृति, संस्कार पनि उनैका खटनमा भइरहेको शास्वत सत्य हो ।

"मत परतरं नान्यत्किञ्चिदस्ति" (गीता ७।७)

अर्थात्, सबलाई परमात्मा सम्झिएर मन, वाणी र शरीरसमेतले सबैलाई सम्मान गर्नुपर्दछ ।

खँ वायुमग्निं सलिलं महीं च
ज्योतीषि सत्त्वानि दिशो द्रुमादीन् ।
सरित्समुद्राश्च हरेः शरीरं
यत्किञ्च भूतं प्रणमेदनन्यः ।।
(श्रीमद्भा. ११।२।४१)

आकाश, वायु, अग्नि, जल, पृथ्वी, नक्षत्र, सब जीव, दिशा, वृक्ष, नदी र समुद्र जो कुछ भि होस् सब श्री हरिकै शरीर हो । त्यसकारण सबैलाई अनन्यभावले प्रणाम गर ।

हरि र हर शिव र शक्ति वास्तविक रूपमा एकै हुन् ।

यी आदि कारणहरूले गर्दा विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ विश्वका मालिक हुन् र त्यहाँ हिन्दू, बौद्ध, क्रिस्चियन, इस्लाम, शिव भनेर भेद गर्नुपर्ने फरक ठान्नुपर्ने कुनै तुक छैन । सबै शैव सम्प्रदायका विभिन्न विभाग कतै केही विकृति छिरेका छन्, सुधार्नुपर्छ र कतै स्वच्छता छ, कायम राख्नुपर्छ ।

अस्तु !

सत्यम् शिवं सुन्दरम्

सम्पूर्ण प्राणीका स्वामी मानिएका देवता देवादीदेव महादेव शिवलाई नै नेपालमा हिन्दूमात्रका आराध्यदेव श्री पशुपतिनाथ भनि लेखिने, मानिने, पूजा गरिने चलन छ । शिवको अर्थ कल्याण शुद्ध सत्य भन्ने बुझिन्छ । साथै, **"सत्यम् शिवं सुन्दरम्"**, **"सत्य नै शिवलाई सुन्दर लाग्दछ"** र **"सत्यमेव जयते"**, **"सत्यको अवश्य जित हुन्छ"** आदि परम सत्यलाई कुनै पनि धर्म, वर्ण, लिङ्ग र जातिका मानिसले नकार्न सक्तैनन् ।

वास्तवमा साक्षात् शिव विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथलाई जो निरञ्जन निराकार र सर्वव्यापी भएर पनि भक्तहरूको मन राख्न भक्तहरूको भक्तिको सम्मान गर्न हाम्रो देशमा श्री पशुपतिनाथ नामले रहिबक्सेको छ । वास्तवमा उहाँलाई आँखाले देख्न, कानले सुन्न, स्वरले प्रकाशित गर्न, इन्द्रियले प्रत्यक्ष छन्, मनले सोचन, बुद्धिले अनुभव गर्न सकिंदैन तर यी सबै गर्ने शक्ति हामीलाई उहाँबाटै प्राप्त छन् । त्यसैले भनिन्छ, **"ब्रह्म अतर्क्य बुद्धी मन बानी"** अर्थात् साक्षात् प्रभुलाई बुद्धि, मन, वाणी र तर्कले प्रस्टयाउन सकिंदैन । ज्योतिस्वरूप देख्दा पञ्चतत्त्व, पञ्चमुखी वास्तवमा "ॐ" कार स्वरूप शिवलाई ध्यान जप भक्तिले उनैबाट आशीर्वादस्वरूप प्राप्त भक्ति र ज्ञानले मात्र जान्न सकिन्छ । **जान्नेले बताउन सक्तैन र बताउन खोज्नेले जान्दैन** यो परम सत्य हो ।

त्यसैले भगवान् कृष्ण भन्नुहुन्छ, "शिवभक्त मानव दिव्य हो, दाता हो, दानी हो, कल्याणकारी शुभ संकल्पले युक्त हो । त्यस्ता स्त्री वा पुरुषलाई महाशक्ति दुर्गाभवानीले मायाबाट मुक्त गराउनुहुन्छ । दिव्यधाम प्रवेश गराउनु हुन्छ, भूलोक, स्वर्गादी लोकमा प्रभुत्व प्रदान गर्नुहुन्छ ।"

कृष्णले दिव्यज्ञानका रूपमा भन्नुहुन्छ :

महादेव महादेव महादेवेति वादिनः ।
पश्चाद् यामि च सन्त्रस्तो नामश्रवणलोभतः ॥

अर्थात् :

भगवान्‌कृष्ण भन्नुहुन्छ– "प्रभु महादेव, महादेव, महादेव यसरी श्रद्धा भक्तिका साथै भगवान्‌को नाम उच्चारण गर्नेका पछिपछि म दगुर्छु । किनकि म यो नाम सुन्न ज्यादै रहर गर्दछु । **शिवनाम** श्रवणबाट मलाई ज्यादै तृप्ति हुन्छ ।"

मेरा मन भक्तको अधीन रहन्छ । प्राण राधामय रहन्छ, आत्मा शङ्कर (महादेव) हो । शिवशङ्कर मेरो प्राणभन्दा अधिक प्रिय हुनुहुन्छ । यसबाट परब्रह्म परमात्माको दिव्य विभूति नै शिव विश्व ब्रह्माण्डपति श्री पशुपति रहेछन् भन्ने बुझिन्छ । भगवान् श्रीकृष्णले परब्रह्म परमात्मा स्वरूप श्री पशुपतिनाथ शिवलाई उपरोक्तानुसार आफ्नो अनुभव र मान्यता कायम गर्नु भएको छ भने संसारका सारा प्राणीको पाप तथा विपत्ति हटाउनका लागि भगवान् विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ शिवले मृत्युञ्जयमन्त्र प्रदान गर्नु भएको छ । त्यो पनि दैत्यहरूलाई जीवित गराउनका लागि । भगवान् शङ्करबाट शुक्राचार्यलाई यो मन्त्र प्रदान भएपश्चात् मरेका दैत्यहरूलाई जीवित गराएका थिए ।

ॐ हौं ॐ जूँ सः भूर्भुवः स्वः त्र्यम्वकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् ।
उर्व्वारूकमिववन्धनान्मृर्त्योमुक्षीय माऽमृतात् भूर्भूवः स्वरों जूँसः हौं उँ ॥

इति मन्त्रः ।

महामृत्युन्जयमा आउने यजा पछिको महे महाशक्ति (काली आमा, महाकाली)को प्रतीक हो, जो कर्ण (दुवै कान)मा श्रवण शक्तिका रूपमा रहन्छिन् ।

त्यसैले हामीहरूले आफ्ना व्यक्तिगत आडम्बर र अहंकारलाई एकातिर पन्छाई जसरी निष्काम कर्मको अभ्यासले गर्दा आत्म तृप्ति प्राप्त गरेको व्यक्ति कहिले पनि कुनै किसिमको अपराधमा संलग्न हुन सक्तैन । किनभने, संसारमा (सारा) सबै अपराधको मूल कारण असन्तोष र अतृप्ति नै हो । गीतामा पनि भनिएको छ, ब्रह्मको उद्देश्यमा जसले आशक्त नभई कर्म गर्दै जान्छ, ऊ कहिले पनि पापमा लिप्त हुन सक्तैन । जसरी कि कमलको पात पानीमा उत्पन्न भएर पनि हुर्किएर पनि पानीले भिजेको हुँदैन । त्यसैगरी हामीहरूले पनि विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथालाई ढोङ्ग र स्वार्थका वशमा परी उनैका भक्त

जिज्ञासुहरूलाई उनका नजिक पर्न नदिने प्रपञ्च गर्नु हुँदैन । किनभने श्री पशुपतिनाथमा आस्था र विश्वास राख्ने समस्त प्राणीलाई धर्म, जात, लिङ्ग, वर्णलगायतको भेदभावबिना दर्शन पूजा गर्न दिनुपर्दछ ।

अज्ञान सबैको नाशको कारण हुन्छ । त्यसैले "ONLY FOR HINDUS" "हिन्दूहरूका लागि मात्र" भन्ने सूचना मन्दिरहरूमा राख्नु पनि तर्कयुक्त छैन । बरू "ONLY FOR DEVOTIES" "आस्थावान्हरूका लागि मात्र" भन्ने लेखे उपर्युक्त हुन्छ । "ONLY FOR DEVOTIES" भन्दा वास्तविक "DEVOTION" "आस्था"का ले मात्र प्रवेश पाउने छन् । मन्दिरमा व्यापार गर्न सौदा गर्न आउनेको घुइँचो नै बढी हुन्छ । हामी सबैले आफ्नो मनको सङ्कल्प आत्मिक शुद्धतालाई आफैले नियाल्न सके पुग्छ । श्री पशुपतिनाथ विश्व ब्रह्माण्डका नायक पति र संरक्षक हुन् । उनले विश्वका सबै धर्म, सम्प्रदाय र संस्कार पनि यथास्थान, यथाविधि, यथामिति विभिन्न प्रतिनिधि पठाई सुरु गराएका हुन्, यो सत्य हो । हामीले नेपाललाई बिर्सिएर यसभित्रका भू-धरातल र राजनैतिक पार्टीको परिकल्पना गर्न सक्दैनौं । पहिले नेपाल देश चाहिन्छ, त्यसपछि यसको भूगोल त्यसपछि यसभित्र राजनीतिक पार्टीहरू मत, संस्कार, धर्म आदि । त्यसैगरी विश्व ब्रह्माण्डका नायकलाई मेरो मात्र हामी हिन्दूहरूको मात्र भन्नु अन्याय हुन्छ । विश्व ब्रह्माण्डनायक श्री पशुपतिनाथको रचनाभित्र सारा सृष्टि पर्दछ उहाँमा आस्था राखी उहाँको दर्शन, पूजा, ध्यान गरी लाभ लिने अधिकार पनि चेत फेरिएका समझदारी भएका जो चाहन्छन्– सबै धर्म, जात, वर्ण, लिङ्ग र मतका मनुष्यहरूलाई सहज सुलभ अनुमति दिनुपर्दछ ।

वैदिक धर्मको यज्ञ यज्ञादिको महत्त्व उपनिषद्को एकेश्वरवादले घटाएकै अवस्थामा बुद्धले यज्ञवादीको हिंसाविरूद्धको जोडदार प्रचार सुरू गरी जातिवादको समेत कडा विरोध गरेकाले वैदिक धर्मको यज्ञवादी धार निस्तेज भएको थियो । उपनिषद् दर्शनले सर्वसाधारणहरूलाई सन्तुष्टि दिन नसक्ने हुँदा मूर्तिपूजा र देवमन्दिरको स्थापना एवं भक्तिवादको नयाँ-नयाँ धार पक्रेर समाज अगाडि बढेको देखिन्छ ।

मानव समाजका सबै सदस्यको चेतनाको स्तर एकै मापनमा मापन नहुने हुँदा वैचारिक विविधता र वैशिष्ट्यता पाइनु स्वाभाविकै हो । मानिसले केही पाउन र डर-त्रास, दुःख-कष्टबाट छुटकारा पाउन प्रत्यक्ष रूपमा देवताको पूजा वन्दना गरी आश्वस्त हुन चाहेन । समाजलाई बुद्धको माध्यमिक दर्शनले पनि धेरै दिन सन्तुष्टि दिन सकेन ।

मानिसका अनन्त चाहना र उनीहरूले सामना गर्नुपर्ने दैनिक शारीरिक,

भौतिक र प्राकृतिक प्रकोपका साथै दु:ख निवारणका लागि मानिसले सधैं नै सजिलो सस्तो विकल्प खोजिरहेको छ र खोजिरहने छ अनन्तसम्म । यसै खोजका उपज हुन्, ब्रह्मा, विष्णु र शिव परब्रह्म परमेश्वर संसारका सृष्टिकर्ता लयकर्ता पालक । यिनैका शक्ति हुन्, पार्वती, दुर्गा, काली, लक्ष्मी, राधा, सीता र सरस्वती ।

यसै खोजका उपज हुन्, चार्वाकमत, वैष्णवमत, शैवमत्, शाक्तमत, सौरमत्, गाणपत्यमत्, बौद्धमत्, जैनमत्, गोरखनाथीमत्, सिक्खमत्, कबीर पन्थिमत्, क्रिश्चियनमत्, मुस्लिममत्, साइमत्, दसनामीमत्, ॐ शान्तिमत् साथै राधे-राधेमत्, इस्कोन, हरेराम हरेकृष्णमत् आदि आदि ।

यसरी व्यक्ति वा समूहले व्यक्ति वा समूहको हितरक्षाका लागि शक्ति, सिद्धी, बुद्धि र शान्तिका लागि प्रतिपादित हुँदै गए, धेरै मतहरू अझ अरू मतहरू प्रतिपादित भइरहनेछन् । सनातन हिन्दूधर्मलाई विभिन्न धर्मका ठेकेदार गनिएका गुरू, पण्डित, पुजारीहरू र राजा-महाराजाहरूले तथ्य र गहनताको अध्ययन अनुसन्धान नै नगरी लहडमा लहैलहैमा लागेर थोपारिदै गएका बेतुकका नयाँ कुरीतिहरूलाई मनमानी रूपमा थोपर्दै गएर सनातन सर्वोकृष्ट मानव धर्मका रूपमा रहेको सनातन हिन्दू धर्मप्रति मानिसको नकारात्मक सोच बढ्दै गएको पाइन्छ ।

उदाहरणका लागि,

हाम्रो नेपाल र भारतमा केही वर्षअघिसम्म एउटी अबोध नारी, जो आफ्नो कलकलाउँदो जवानीमा कुनै कारणवश काल अकालले मरेका आफ्ना पति सँगै, जल्न-मृत्युवरण गर्न बाध्य बनाइन्थिन् ।

यसलाई समयकाल परिस्थितिअनुसार बढेको मानव समाजको चेतनाले मानवअधिकार र व्यक्तिगत स्वतन्त्रतामाथिकै घोर अत्याचारको संज्ञा दिँदै देशका ऐन कानुन संविधानले नै निषेध गरेपछि सतिप्रथा रोकियो ।

यसैगरी हाल नेपालका सुदूरपश्चिमाञ्चलका धेरै जिल्लाहरूमा मातृ शक्ति जो हाम्री जननी, भगिनी, सहकर्मिणी, बुहारी, छोरी पनि हुन्, लाई श्रद्धा, सम्मान र पवित्र प्रेमले पूजा गर्नुपर्ने ठाउँमा आजको युगमा पनि महिनावारी हुँदा र सुत्केरी हुँदा गोठमा राखिन्छ, मीठो, पोषिलो कुरा खान दिइँदैन । यसरी भइरहेका अन्याय, लैङ्गिक हिंसा अत्याचारविरुद्ध राज्य र समाजले सधैं डरले कलम नचलाउने र आवाज बुलन्द नगर्ने हो भने यस्ता कुप्रथाहरू कालान्तरसम्म चलिरहने छन् । यसै सन्दर्भमा यस्ता कुप्रथाको अन्त्यका लागि सम्मानित सर्वोच्च अदालतबाट २०६७ वैशाख १८ गते भएको फैसलानुसार नारीहरूलाई गोठमा

सुताउनु, लैङ्गिक विभेद गर्नु, सार्वजनिक स्थानमा बस्न वा आवत-जावत गर्न अवरोध गर्नुसमेतका विरुद्धमा निर्णय भइसक्दा पनि व्यवहारमा लागू भइसकेको देखिँदैन । यसलाई लागू गर्न समाजका सबै पक्षले स्वतःस्फूर्त रूपमा सहयोग गर्नुपर्ने देखिन्छ ।

अब आयो धर्मका कुरा । रातारात भूतको खाना खाने मौकामा सम्मानित सभासद्हरूले जो हाम्रै हिन्दू राज्यमा जन्मीहुर्की सभासद्सम्म भए, जनताको मत वा सम्मतिले । एकमात्र सगरमाथाको देश, बुद्ध जन्मेको देश, जनक-नन्दिनी सीताको उत्पत्ति भएको देश साथै एउटा छुट्टै परिचय थियो, नेपालको विश्वमा एकमात्र हिन्दू राष्ट्र नेपाल भनेर । जो आज धर्मनिरपेक्ष भयो । लेखकसमेत यसको विरुद्धमा विभिन्न कार्यक्रममा हिन्दू धर्म कायम होस् वा जनमतबाट प्रजातान्त्रिक पद्धतिबाट जे ठहर्छ, त्यही होस् भनेर लागेको छ । साथै भरत जङ्गमजस्ता धेरै भोलेबाबाका भक्तहरूले आफ्नो जीउज्यान र धनसमेतको वास्ता नगरी श्री पशुपतिनाथ र धर्म जोगाउ अभियानमा आफूलाई होमेका छन् ।

यी तीता कुराहरू अभिव्यक्त गर्न म पनि बाध्य छु । संसारले आज जहाँ पनि राम्रो दीर्घकालीन कम हानि धेरै फाइदा दिने, जनतालाई सुखशान्ति दिने विकल्प खोज्छ । यो मानव स्वभाव मात्र नभई सर्वस्वीकार्य सिद्धान्त पनि हो । अहिले हामी हिन्दू राज्य खोजिरहेका छौं, यसलाई उत्कृष्ट मानव धर्म भनेर कल्पीकल्पी अलापिरहेका छौं । यसका लागि यस्तो उत्कृष्ट सनातनधर्मको महत्त्व र उत्कृष्टता यहीं हुर्की-बढेका राजा र राजनेताले कसैलाई बुझाउन आवश्यक ठानेनन्, खाली रट लगाए **"धर्मो रक्षति रक्षितः" "श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्"** । धर्मको रक्षा गरे पो त्यो धर्मले राजाको रक्षा गर्छ, राज्य र देशवासीको रक्षा गर्छ । हामीले धर्मको रक्षा नगरेर धर्मले हाम्रो रक्षा गर्दैन, हाम्रा दुःख र आपत्मा धर्मले तमासे भई हेर्छ । ती सभासद्हरूलाई आफ्नै देश र सनातन हिन्दू धर्मको महत्त्वका विषयमा ज्ञान नहुनु, ज्ञान दिन नसक्नु कसको कमजोरी हो ? गुरु, पण्डित, पण्डा, पुजारी, राजा र त्यसबखतका समाजका गन्यमान्य ठूलाबडाको हैन र ? त्यसैले गीताले भन्छ, **"कर्मण्यवाधिकारस्ते मा फलेसुकदाचन"** अर्थात् **"कर्म गर फलको आशा नगर"** । यसको मतलब सनातन हिन्दू धर्मअनुसारको आचरणबिना फलको आशा निरन्तर गरिएको खण्डमा विश्वमा सबैभन्दा उच्चकोटिको विकल्प नै सनातन हिन्दूधर्म हो । सबै आफैं त्यता लाग्ने छन् । विश्व नै हिन्दूमय हुनेछ ।

तर मन्दिरहरूमा जातीय, लिङ्गीय, भाषीय र धर्मका आधारमा प्रवेशमा

रोक लगाउने, लगाइरहने हो भने सनतान हिन्दू धर्म हिन्दूबाट विन्दु भई मेटिनेछ । यो तीतो सत्य हो । प्रत्येक हिन्दू मन्दिरहरू समस्त जाती, वर्ण, धर्म र लिङ्गका मानिसहरूलाई, जसले आस्था राख्छ, प्रवेश गर्ने इच्छा राख्छ, तिनीहरूलाई प्रवेश, पूजा-आराधना गर्न दिनुपर्छ । यो मेरो अनुरोध होइन, विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ भगवान्को आदेश हो । यसको पुष्टिका लागि भगवान् भोलेनाथ ब्रह्माण्डपति श्री पशुपतिनाथ सम्बन्धमा वेदहरूले बोलेका कुराहरू उल्लेख गर्नु सान्दर्भिक ठान्दछु ।

"नमो विरपेभ्यो विस्वरूपेभ्यश्च वो नमो नमः

- तैन्तिरिय संहित (४।५।४।१)

जुन प्रकारले शिव अनादि, अनन्त र अजन्मा छन्, उसै प्रकार शिव र (वैदिक पनि र अवैदिक पनि) शिवको सार्वभौमिक सार्वकालिक तथा सर्वान्तनिन सन्तानको स्थापनाका निम्ति यो भन्नु समिचीन छ कि उनीलाई कुनै जाति विशेष, देश-विशेष वा कालविशेष एवं स्थान विशेषसँग नबाँध्नु नै उचित हुन्छ ।

सबै गुणले परिपूर्ण मनुष्यका स्वामी इद्रलाई नमस्कार छ । जगत्का पालक, आयुधहरूका मालिक, वनस्पतिका रक्षक, औषधिका रक्षक, सेना नायक, सबै प्रकारका लाभ दिने, मातृस्वरूप, विश्वरूप, सबैप्राणीका अन्तर्यामी विष्णुरूप, अग्नि, जल, वायु, आकाश, पृथ्वी, पञ्चतत्त्वरूप इन्द्रलाई नमस्कार छ ।

वेदमा वर्णित सुखका साधना दुई छन्– (१) श्रेय अर्थात् सब प्रकारले दुःखबाट सदासर्वदाका लागि छुटेर नित्य आनन्दस्वरूप परब्रह्म परमात्मा पुरूषोत्तमलाई प्राप्त गर्ने उपाय र (२) प्रेय अर्यात् स्त्री, पुत्र, धन,घर, सम्मान, यश आदि यो लोक र स्वर्गलोकका जति पनि प्राकृतिक सुखभोगका भौतिक सामग्री र तिनको प्राप्ति ।

पृथ्व्यप्तेजोऽनिलखें समुत्थिते
पञ्चात्मके योगगुणे प्रवृत्ते ।
न तस्य रोगो न जरा न मृत्युः
प्राप्तस्य योगाग्निमयं शरीरम् ॥१२॥

अर्थात्,

यी सबै प्राप्तिका लागि सर्वश्रेष्ठ नाम "ॐ" हो जुन परब्रह्म परमपुरुषरूप छ । यसरी "ॐ" को ध्यान गर्दा गर्दा विश्व ब्रह्माण्डपतिका

अंशरूप पृथ्वी, जल, तेज, वायु र आकाश पाँचै महाभूत साधकको अधिकारमा आउँछन् । त्यसपछि साधकलाई पाँचै सिद्धिहरू प्राप्त हुन्छन् । यसरी योगाग्निमय शरीर भएका यस्ता साधकका शरीरमा न त रोग लाग्दछ, न त बूढापाका आउँछ, न उसको मृत्यु नै हुन्छ । भन्नुको तात्पर्य उसको इच्छाबिना उसको शरीर नष्ट हुँदैन । - *योगद. ३।४६, ४६१।१२*

एस ह देवः प्रदिशोग्नु सर्वाः
पूर्वो ह जातः स उ गर्भे अन्तः ।
स एव जातः स जनिष्यमाणः
प्रत्यङ् जनास्तिष्ठति सर्वतोमुखः ॥१६॥

- यजुर्वेद, अध्याय ३२ को चौथो श्लोक

अर्थात्,

निश्चय नै यी माथि वर्णन गरिएका परमदेव ब्रह्म, समस्त दिशा र विदिशामा व्याप्त र सर्वत्र परिपूर्ण छन् । विश्व ब्रह्माण्ड चराचर जगत्मा कहीं पनि यस्तो स्थान छैन, जहाँ उहाँ नुहून् । उनै प्रसिद्ध परमब्रह्म परमात्मा सबैभन्दा पहिले हिरण्यगर्भ रूपमा प्रकट भएका थिए । उनै यो ब्रह्माण्डमा अन्तर्यायी रूपले रहेका छन् । उनै यो जगत्का रूपमा प्रकट ब्रह्म परमात्मा अन्तर्यामी रूपमा समस्त जीवनमा स्थित छन् र उनी सबैतिर मुख भएका सबैतिर देख्न सक्ने छन्, उनले गर्न नसक्ने केही छैन ।

यो देवो अग्नौ यो अप्सु यो विश्वं भुवनमविवेश ।
य ओषधीषु यो वनस्पतिषु तस्मै देवाय नमो नमः ॥१७॥

अर्थात्,

जुन सर्वज्ञक्तिमान, पूर्णब्रह्म परमदेव अग्निमा छन् ।
जो जलमा छन्, जो समस्त लोकमा अन्तर्यामी रूपमा प्रविष्ट छन्, जो औषधिमा छन्, जो वनस्पतिमा छन् तथा जो सर्वत्र परिपूर्ण रूपले रहेका छन् । जसको वर्णन गरेर सकिंदैन, उनै परमदेव परमात्मालाई नमस्कार छ ।

यामिषुं गिरिशन्त हस्ते बिभर्ष्यस्तवे ।
शिवां गिरित्र तां कुरुमा हिं सी पुरुषं जगत् ॥६॥

यो यजुर्वेद, अध्याय १६ को तेस्रो मन्त्र हो

अर्थात्,

हे गिरिशन्त ! हे कैलाशवासी सुखदायक परमेश्वर ।

जुन वाणलाई फ्याँक्नका लागि तपाईंले हातमा लिनुभएको छ, हे गिरिराज हिमालयको रक्षा गर्ने, हजुर त्यो वाणलाई कल्याणमय

बनाउनुहोस् । त्यसको क्रूरतालाई नष्ट गरेर, त्यसलाई शान्तिमय बनाउनुहोस् । यो जीव समुदायरूप जगत्लाई विनाश नगर्नुहोस्, यसलाई दुःखकष्ट नदिनुहोस् ।

द्यौः शान्तिरन्तरिक्षाछ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः
वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्माशान्तिः सर्व शान्तिः
शान्तिरेवरेव शान्तिः सा मा शान्तिरेधि ॥१७॥

अर्थात्,

स्वर्गलोक, अन्तरिक्ष र पृथ्वीलोकले हामीलाई शान्तिप्रदान गरून्, जल, औषधि, वनस्पति, आदिले हामीलाई शान्ति प्रदान गरून् । सबै देवताहरूले हामीलाई शान्ति प्रदान गरून् । सर्वव्यापी परमात्माले सम्पूर्ण जगत्मा शान्ति स्थापना गरून् । शान्तिले पनि हामीलाई परमशान्ति प्रदान गरोस् ।

- यजुर्वेद, ३६ अध्यायको १६ औं श्लोक

ये अग्रवः शशमानाः परेयुर्हित्वा द्वेषांस्यनपत्यवन्तः ।
ते ध्यामुदित्यविदन्त लोकं नाकस्य पृष्ठे अधि दीध्यानाः ॥४६॥

अर्थात्,

जो अग्रगामी, प्रशंसनीय, सन्ततिरहित मानिसले द्वेषको भावना त्यागेर दिगङ्वत भएका छन्, उनीहरू नै अन्तरिक्षलाई पार गरेर दुःखबाट मुक्त हुँदै स्वर्गका माथिल्लो भागमा पुगदछन् र उनैले आफ्ना पुण्यकर्मको फल मनग्गे उपभोग गर्दछन् ।

ब्रह्मको उत्पत्ति उहिले नै भएको थियो । बेन नामका उनै तेजस्वी सूर्यरूपी ब्रह्मले बीचमा रहेर अत्यन्त उत्कृष्ट रूपमा प्रकाशित विभिन्न पिण्डहरूलाई वरिपरि फिँजाए । उसैले हाल आकाशका विभिन्न विशिष्ट रूपमा रहेका पदार्थ र सत् एवं असत्को उत्पत्तिको स्रोत स्थापना गरेको हो ।

- ब्रह्मविद्या सूक्त

उपरोक्त वेद वाक्यहरूलाई हेर्दा मान्ने तौरतरिका हावा पनि देशअनुसार धर्म, सम्प्रदायमा फरक परे तापनि सबै धर्महरूका सत्यतथ्यको विश्लेषण गर्दा के भन्न बाध्य हुनैपर्छ भने विश्वका मालिक विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ हुन् र यिनैलाई अनुयायीहरूले जान्ने र मान्ने तौरतरिका मात्र कालान्तरमा फरक परेको हो ।

कहीं कसैलाई पनि दुःख नहोस्,

"सर्वेभवन्तु सुखिन, सर्वे सन्तु निरामया, सर्वेभद्राणी पश्यन्तु मा कश्चीद दुःख भाग्जन" अर्थात् **"सबै सुखी हुन्, सबै निरोगी हुन्, सबैको कल्याण होस्,**

कहीं कसैलाई पनि दुःख-कष्ट नहोस्" भन्ने आदर्श बोकेको सनातन हिन्दू धर्ममा सर्वोच्च स्थान भएका विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ सारा चराचर जगत्का मालिक हुन् । उनैका इच्छाले सृष्टि, स्थिति र संहार हुन्छ । त्यस्तैगरी संसारमा हावापानी, भूगोलअनुसार प्रचलित धर्म, धर्मगुरु र सम्प्रदायहरू पनि उनैका खटनमा उनैका इच्छाले छन् । अफ अरू धर्म सम्प्रदायहरू पनि जनसंख्याको वृद्धिसँगै विस्तार हुँदै जानेछन्, मात्र अनुयायीहरूको स्वार्थ, अहंकार र अज्ञानताले धार्मिक असहिष्णुता बढेको छ । त्यो असत्य हो । सत्य त **ईश्वर एक मात्र छ, सत्य नै ईश्वर** हो । उनै **विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ**का शरणमा परौं । "**यतो धर्म ततो जय**", "**जहाँ धर्म छ, त्यहीं विजय निश्चित छ**" ।

यसै सन्दर्भमा :

धर्म देव धेरै छैनन् एकै धर्म र देव छन् ।
अल्पज्ञान हुँदा यी त मान्नेका भेद मात्र हुन्"
जात, धर्म, वर्ण, लिङ्ग, भेद छैन त्यहाँ कुनै ।
सामाजिक कुरीतिबाट देखिए यी विभेद नै ॥
सबै, धर्म, सम्प्रदाय, ईश्वर र नाम नै पनि ।
हुन सबै तिम्रा रूप फरक काम मात्रले हुने ॥
शुद्ध चित्त सत्यमार्ग हिंड्दाहिंड्दै मान्छेले ।
देवता भेटी देवता नै आफू बन्छ मान्छे रे ॥
धर्ती बनी प्राणीलाई वास दिन्छन् देवता ।
सारा सृष्टि अटाउने पृथ्वी हुन् देवता ॥
आकाश बनी सारा सृष्टि ढाक्दा रहेछन् देवता ।
वायु बनी आकाशमा उड्दा रहेछन् देवता ॥
पानी बनी सललल बग्दा रहेछन् देवता ।
चन्द्र बनी शीतल छर्दै मुस्कुराउँछन् देवता ॥
आगो बनी ज्योति रूपमा बल्दा रहेछन् देवता ।
सूर्य बनी संसारलाई घाम दिन्छन् देवता ॥
अग्नि, जल, वायु, आकाश, पृथ्वी नै देवता ।
गणेश, सूर्य, शिव, देवी, विष्णु पाँचै देवता ॥
असल नारी, असल पुरुष, असल सबै देवता ।
संसारको हित गर्ने सबै मान्छे देवता ॥
सबै वर्ण, लिङ्ग, धर्म सत्य माथि अडेसम्म ।

देवतै हुन् मान्नु शिव सत्य तिनमा रहेसम्म ॥
ब्रह्माण्डका मालिक शिव, पशुपति तिमी सबमा ।
व्याप्त तिमी तिमी नै छौ, तराईदेखि हिमालसम्म ॥
देखछ यहाँ देख्छु, उहाँ जता ततै तिमी तिमी ।
सारा विश्व ब्रह्माण्ड नै पशुपति रूप तिमी ॥

यस्ता सर्वव्यापक सर्वत्र व्याप्त भएका देवादी देव विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथलाई जात, धर्म, वर्ण, लिङ्ग, भेद नगरी सबैको भक्तिपूर्वक सम्मान गर्न पाउनुपर्ने शाश्वत अधिकारको सम्मान गरी बिनाविभेद सबैलाई पूजाआजा गर्न उनै एकमात्र प्रभु विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथका चरणकमलमा यी शब्दहरूलाई चढाउँदै उनैमा आफैंलाई समर्पण गर्दछु ।

ॐ नमः शिवाय ॐ तत्सत् ।
ॐ शान्ति ! शान्ति !! शान्ति !!!



पशुपति विकास क्षेत्रको नक्सा

प्रार्थना

ॐ गं गणपतये नमः

ॐ अघोराय नमः ॐ भैरवाय नमः, ॐ शिवाय नमः ॐ पशुपतये नमः
ॐ विश्वरूपाय नमः ॐ विरूपाय नमः, ॐ शूलपाणये नमः ॐ कपर्दिने नमः
ॐ महेशाय नमः ॐ ईशाय नमः, ॐ त्र्यम्वकाय नमः ॥

ॐ पशुपतये नमो नमः, ॐ सद्योजाताय नमो नमः, ॐ तत्पुरुषाय नमो नमः
ॐ वामदेवाय नमो नमः, ॐ अघोराय नमो नमः, ॐ ईशानाय नमो नमः ॥

हे शम्भो । प्रभु देव तिमीमा प्रणाम झुकी गर्दछौं ।
आत्मा नै तिमी हौ भनेर पाउमा यो शिर सदा धर्दछौं ॥
बुद्धि पार्वती हुन्, समस्त शरीरै मन्दिर भनी मान्दछौं ।
आधार हौ सवका चराचर पति भोले भनी भज्दछौं ॥

हे शिव शंकर भोलेनाथ। जय जय शम्भो खुसीसाथ ॥
भक्तहरूको सुनी प्रलाप । देउन देउ लौ आशीर्वाद ॥
माफ गरी लौ दोषहरू । पाप हरी गर उद्धार बरू ॥
गङ्गाधर चन्द्र सुशोभित । सर्प विभूषित सर्वप्रभु ॥

भोला भजन

भोलेनाथ जाग अब बावा तिमी जाग ।
इष्टदेव हाम्रो तिमी हे महादेव ॥
सबको मनमा भक्ति जागोस् धर्म सत्कर्ममा ।
तिम्रो कृपा सधैं रहोस् हाम्रो जीवनमा ॥
शिव गोरखकाली हामीलाई देऊ आशीर्वाद ।
भोलेनाथ जाग अब बाबा तिमी जाग ॥
नेपाल आमा आज तिमीलाई कल्पिएर सोध्छिन् ।
सन्तानको सुख शान्ति तिमीभित्रै खोज्छिन् ॥
तिम्रो शक्तिले नै नेपाल उपनिवेश भएन ।
नेपालीको शिर कहीं कतै झुकेन ॥
भोलेनाथ जाग अब बाबा तिमी जाग ।
कर जोरी बिन्ती गर्छौ शान्ति हाम्रो माग ॥
शिव भोले रूद्र शंकर पिनाकधारी सुनिदेऊ ।
स्वधर्मको रक्षा गर्दै पालन तिमीले गरिदेऊ ॥

रुद्राक्षको उत्पत्ति र महत्त्व

शिवजीका आँखाबाट खसेको अश्रुविन्दुबाट नै रुद्राक्षको रूखको उत्पत्ति भएको विश्वास गरिन्छ । रुद्राक्ष शिवजीको अति प्रिय भएकाले यो विधिवत् धारणा गर्नाले धारण गर्ने शिव (रुद्र) समान नमस्कार गर्न योग्य हुन्छ । जति सानो रुद्राक्ष भयो, उति बढी फलदायी हुन्छ । आफैं प्वाल परेको रूद्राक्ष सर्वोत्तम हो । कीराले खाएको टुटेफुटेको रूद्राक्ष धारण गर्नु हुँदैन । पापदेखि बच्न र स्वर्ग, यश र मोक्ष प्राप्त गर्नका लागि रूद्राक्ष धारण गर्नुपर्दछ । रूद्राक्ष धारण गरेपछि अन्य अभक्ष चीजवस्तुलाई छाडिदिनुपर्दछ । यमराजले पनि आफ्ना दूतहरूलाई भनेका छन् कि जसको घाँटीमा रूद्राक्ष हुँदैन, जसको निधारमा त्रिपुण्ड हुँदैन र जसको मुखबाट पञ्चासर मन्त्र ॐ नमः शिवायः जपिएको हुँदैन, त्यस्तालाई मात्र यहाँ ल्याउनुपर्दछ ।



एकमुखीदेखि चौधमुखीसम्मको सिद्ध रुद्राक्ष माला

सेतो वर्णको रूद्राक्ष र रातो वर्णको रूद्राक्ष उत्तम हुन् । मिश्रित वर्ण र कालो वर्णको रूद्राक्ष पनि अन्य वर्ण नभेटिने अवस्थामा उत्तम नै मानिन्छ ।

रूद्राक्षको ठूलो रूख हुन्छ । यसमा विभिन्न प्रकार र मुख भएका दानाहरू फल्दछन् । हाल यसको खेती नै गर्ने प्रचलन पनि बढेको छ । रूद्राक्ष १ मुखीदेखि २८ मुखीसम्म फलेको पाइन्छ तर १४ मुखभन्दा माथि र १ मुखी धेरै दुर्लभ र अमूल्य मानिन्छ । रूद्राक्षको मुखअनुसार नै यसको धारण फल र मूल्य हुन्छ ।

१. **एकमुखी रूद्राक्ष** : साक्षात् लक्ष्मी र शिवको रूप हो । यो रूद्राक्ष भएको ठाउँमा सधैं लक्ष्मीले बास गर्नुहुन्छ र सबै कार्यहरू सफल हुन्छन् । यो कुण्डलिनी जागरण साथै मुटुरोग र उच्च रक्तचाप (ब्लड प्रेसर)लाई पनि लाभकारी छ । मन्त्र 'ॐ ह्रीं नम:'

२. **दुईमुखी रूद्राक्ष** : यो रूद्राक्ष अर्धनारेश्वर रूप हो । जसमा शिव र पार्वती संयुक्त रूपले बास गर्दछन् । यसलाई सुखी, सम्पन्न र शान्तिमय दाम्पत्यजीवनका लागि अति उपयोगी मानिन्छ । यो भुक्ति, मुक्ति प्रदायक मानसिक शान्ति, गर्भधारण र गर्भ रक्षासमेतका लागि उपयुक्त छ । मन्त्र 'ॐ नम:'

३. **तीनमुखी रूद्राक्ष** : यो रूद्राक्षलाई इच्छा, ज्ञान, क्रिया तथा ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा लिइन्छ । यसलाई धारणा गर्नाले त्रिकालदर्शी बनाई मन एक चित्त भई ध्यान, ज्ञान, मान-सम्मान वृद्धि गराइदिन्छ । विद्यामा कमजोर विद्यार्थीका लागि धेरै लाभदायक छ । मानसिक असन्तुलन र डिप्रेसनमा पनि लाभकारी छ । मन्त्र: 'ॐ क्लीं नम:'

४. **चारमुखी रूद्राक्ष** : यो रूद्राक्षलाई परमपिता ब्रह्माका रूपमा लिइन्छ । यो धारण गर्नाले ध्यान र योगमा सिद्धि मिल्दछ । यसले धर्म, अर्थ, काम, मोक्ष प्रदायक आत्मविश्वास र त्यागलाई अभिवृद्धि गर्दछ । उच्च रक्तचाप नियन्त्रणमा लाभकारी छ । मन्त्र: 'ॐ ह्रीं नम:'

५. **पाँचमुखी रूद्राक्ष** : यो भगवान् श्री पशुपतिनाथकै रूप मानिन्छ, उच्च नैतिकता प्रदान गर्दछ । सुस्वास्थ्य र लामो आयुका लागि पाँचमुखी रूद्राक्ष धारण गर्नुपर्दछ । यसबाट उच्च रक्तचाप, मुटुरोग र मानसिक दुर्वलतामा पनि लाभ प्राप्त हुन्छ । मन्त्र: 'ॐ ह्रीं नम:'

६. **छमुखी रूद्राक्ष :** यो भगवान् कार्तिकेयको रूप हो । यस रूद्राक्षको धारणले ब्रह्मचर्य शक्ति र आत्मशक्तिलाई वृद्धि गराउँछ । यसबाट काम, क्रोध, लोभ र गलत विचारहरू नियन्त्रण हुन्छन् । सुषुप्त शक्ति जागृत गराउँछ । घाँटी र छालाको रोगमा लाभकारी छ । मन्त्र: 'ॐ ह्रीं हुँ नम:'

७. **सातमुखी रूद्राक्ष :** यो रूद्राक्षलाई सप्तमात्रिका ब्राह्मी, महेश्वरी, कौमारी, वैष्णवी, बाराही, इन्द्राणी र चामुण्डाका रूपमा लिइन्छ । यसलाई धारण गर्नाले मान, सम्मान, सफलता प्राप्त हुनुका साथै व्यक्तित्व विकासमा मद्दत गर्दछ । यसलाई कामदेवको प्रतीकका रूपमा पनि लिइन्छ । यसले आफूप्रति अरूको आकर्षण बढाउनुका साथै यौनशक्तिमा सबलता प्रदान गर्दछ, व्यापारमा वृद्धि गर्दछ । मन्त्र 'ॐ हुँ नम:"

८. **आठमुखी रूद्राक्ष :** यो रूद्राक्ष अष्टमूर्ति पृथ्वी, जल, वायु, अग्नि, आकाश, सूर्य, चन्द्रमा र यजमान रूप हो । श्री गणेशजीको रूप पनि हो । सिद्धिको प्रतीक हो । यो रूद्राक्ष धारण गर्नाले धन प्राप्त हुन्छ । व्यापारमा वृद्धि, सम्पन्नता र सफल-सुखमय जीवन बनाउन सहायक सिद्ध छ । आँखा र छालाको रोगमा विशेष लाभप्रद छ । मन्त्र: 'ॐ हुँ नम:'

९. **नौमुखी रूद्राक्ष :** यो रूद्राक्ष नवदुर्गा भवानीको प्रतीक हो । शक्तिको स्रोत हो । यसमा भैरवको पनि शक्ति र गुण रहेको हुन्छ, नौ शिव धाम, नौ नाथको प्रतीक मानिन्छ । यसको धारणले नभधाभक्ति र नवै प्रकारका शक्ति प्रदान गरी सिद्धिसमेत प्रदान गर्दछ । आत्मविश्वास र आत्मबलमा अभिवृद्धि गर्दछ । थकाइ र सामान्य बिमारीबाट बचाउँछ ।

यो रूद्राक्षले **नौनाथ**– पशुपतिनाथ, मुक्तिनाथ, केशरनाथ, बद्रीनाथ, विश्वनाथ, जगन्नाथ, पारसनाथ, वैद्यनाथ तथा रामेश्वरम र नवनाथ– नागार्जुननाथ, जडभरतनाथ, हरिश्चन्द्रनाथ, सत्यनाथ, भीमनाथ, गोरखनाथ, चर्पटनाथ, जालन्धरनाथ, मलर्याजुननाथको प्रतीक हो ।

मन्त्र: 'ॐ ह्रीं हुँ नम:'

१०. **दसमुखी रूद्राक्ष :** यो भगवान् विष्णुका मत्स्य, कच्छप, बराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध एवं कल्की रूप र दस दिक्पाल–

इन्द्र, अग्नि, यम, निऋति, बरूण, वायु, कुवेर, इसान, अनन्त र ब्रह्माको पनि प्रतीक हो । यो रूद्राक्ष साक्षात् भगवान् विष्णुको रूप हो । यसलाई धारण गर्नाले पेसा व्यवसायमा उच्चत्तम सफलता प्रदान गर्दछ । दस इन्द्रियबाट भएको पाप नाश हुन्छ । भौतिक र आध्यात्मिक दुवै इच्छाहरू पूर्ण गर्दछ । उच्चमनोबल बनाई निरोगी राख्दछ । यसको धारणले ब्रह्म राक्षस, बेताल, भूत, प्रेत र सर्प बिच्छीको भय हुँदैन । मन्त्र: 'ॐ हुँ नम:'

११. **एघारमुखी रूद्राक्ष :** एघारमुखी रूद्राक्ष साक्षात् एकादश रूद्र र हनुमानको प्रतीक मानिन्छ । यो विजयका देवताको प्रतीक हो । यो रूद्राक्ष धारण गर्नाले सदां विजय, श्रीसम्पत्ति प्राप्त हुन्छ । स्त्रीजातिले धारण गर्नाले श्रीमान्को सुस्वास्थ्य, समुन्नतिका साथै भाग्यलाई नै चम्काइदिन्छ । यसले अकाल मृत्यु र दुर्घटनाबाट बचाइदिन्छ । यसको प्रयोगले लिभर रोग र विषादीको भयबाट रक्षा गर्दछ । मन्त्र: 'ॐ ह्रीं हँ नम:'

१२. **बाहमुखी रूद्राक्ष :** यो रूद्राक्ष साक्षात् भगवान् सूर्यको प्रतीक हो । द्वादशसूर्यकै शक्ति गुण यसमा समाहित हुन्छन् । यो रूद्राक्षमा द्वादश ज्योर्तिलिङ्ग समाहित हुन्छन् । यसलाई धारण गर्ने आफ्नो समाज, देश, परदेशसमेतमा सधैं आफ्नो व्यक्तित्व र नेतृत्व शक्तिले युक्त भई शक्ति केन्द्रमा रहिरहन्छ । यो छाला र मुटु रोगमा लाभप्रद छ । यो रूद्राक्ष धारण गर्दा नंग्रा र शस्त्रधारीको डर हुँदैन । मन्त्र: 'ॐ कौ क्षौ रौ नम:'

१३. **तेहमुखी रूद्राक्ष :** यो रूद्राक्ष कामदेवको स्वरूप हो । यो धारण गर्नाले आफूप्रति, विपरीतलिङ्गीको आकर्षण पैदा गर्दछ । सम्पूर्ण कामनापूर्ण हुन्छन् । साथै यौनशक्ति बढाउँछ । उच्च रक्तचाप नियन्त्रण गर्दछ । मन्त्र: 'ॐ ह्रीं नम:'

१४. **चौधमुखी रूद्राक्ष :** यस रूद्राक्षलाई कुवेर धनका मालिकका रूपमा लिइन्छ । यसलाई चौध लोकपाल, चौध भुवन, हनुमानजीको शक्ति र साक्षात् शंकरको प्रतीक पनि मानिन्छ । यो रूद्राक्ष धारण गर्नाले मानिसका छवटै इन्द्रियहरू सशक्त र सक्रिय भई व्यापारमा अप्रत्यासित सफलता प्रदान गर्दछ । उचित र उपयुक्त निर्णय गर्नमा सहायक सिद्ध छ । त्रिविध पाप नष्ट हुन्छ । यो रूद्राक्ष धारणले सिद्धि प्राप्त गरी मुक्ति पनि प्राप्त हुन्छ । मन्त्र: 'ॐ नम:'

गौरीशंकर रूद्राक्ष :

यो रूद्राक्षलाई भगवान् शिव र पार्वतीको संयुक्त रूप मानिन्छ । प्राकृतिक रूपमै एकअर्कासँग जोडिई नछुट्टिई बनेको हुन्छ । यसले स्त्री-पुरुष एक-अर्काका परिपूरक र कहिल्यै छुट्याउन नसक्ने शक्तिहरू हुन् भन्ने बुझिन्छ । यो विवाहित जोडीको सुख, शान्ति, समृद्धिका साथै अविवाहित युवकयुवतीका लागि पनि त्यत्तिकै उपयोगी छ । यसको धारणले अकाल मृत्युबाट बचाइ ग्रह, पीडा शान्त गराई सुख-समृद्धि प्रदान गर्दछ ।

श्री गणेश रूद्राक्ष :

यो रूद्राक्ष साक्षात् भगवान् गणेशको रूप हो । गणेशको सुँढजस्तो विशेष भाग उठेको यो रूद्राक्ष देख्दा चिन्न सकिन्छ । यसको धारणबाट विशेष कार्ययोजनाहरू सफल हुनुका साथै सिद्धि र समृद्धि प्रदान गर्दछ । यो रूद्राक्ष व्यापारमा सफलता र समुन्नतिको सहायक छ ।

ॐ

पशुपति क्षेत्र विकास कोषको स्थापना र यसका मूलभूत उद्देश्यहरू

स्थापना :

पशुपति क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्त्व र संवेदनशीलतालाई ध्यानमा राखेर यसको सुरक्षा, सम्भार र विकास गर्न एउटा कानुनत: स्वतन्त्र एवं सशक्त निकायको आवश्यकता हृदयङ्गम गरिबक्सी तत्कालीन **श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकार**बाट वि.सं. २०४३ साल पुस १ गते भएको शाही सम्बोधनमा **पशुपति क्षेत्र विकास कोष** स्थापना गर्ने घोषणा भएको हो । वि.सं. २०४३ साल फागुन २३ गते अध्यादेशमार्फत पशुपति क्षेत्र विकास कोषको गठन गरिबक्सी मौसुफ सरकार स्वयंबाट कोषको संरक्षकत्व ग्रहण गरिबक्सी वि.सं. २०४३ साल चैत २१ गते तत्कालीन **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार**का अध्यक्षतामा कोष संचालक परिषद्को गठन गरिबक्सियो । त्यसपछि वि.सं. २०४४ साल वैशाख १ गते पशुपति विकास कोष कार्यकारिणी समितिको गठन भएको हो ।

मूलभूत उद्देश्यहरू :

(क) तत्काल एकमात्र राजतन्त्रात्मक हिन्दू अधिराज्य रहिआएको र हिन्दूमात्रका आराध्यदेव भगवान् श्री पशुपतिनाथको उपासनाकेन्द्र र सनातन तीर्थस्थलका रूपमा रहेकाले यस क्षेत्रलाई सोहीबमोजिम कायम राख्ने । हाल धर्मनिरपेक्ष स्वतन्त्र राष्ट्रका हिन्दू आराध्यदेवको उपासनाकेन्द्रका रूपमा विकास र संरक्षण गर्ने ।

(ख) भगवान् श्री पशुपतिनाथको आदर्श, गरिमा एवं महत्त्वअनुरूप पशुपति क्षेत्रको योजनाबद्ध रूपमा सुरक्षा, सम्भार तथा विकास गर्ने ।

(ग) पशुपति क्षेत्रका प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका स्मारक तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्वर्द्धन गर्ने ।

(घ) भगवान् श्री पशुपतिनाथ मन्दिरलगायत पशुपति क्षेत्रभित्र रहेका राजगुठीअन्तर्गतका सबै देवदेवीका मन्दिरहरूमा परम्परागत धार्मिक रीतिस्थितिबमोजिम पूजा-आजा सञ्चालनको व्यवस्था मिलाउने ।

(ङ) स्वदेश तथा विदेशका समस्त हिन्दू धर्मालम्बीहरू तथा धार्मिक पर्यटकहरूको सुविधाका लागि योजनाबद्ध रूपमा सुविधा विस्तार एवम् विकास गर्ने ।

कोषका आम्दानी स्रोतहरू :

(१) पर्यटक प्रवेश शुल्क (२) पशुपति अर्चना (हालसम्म २० जना) तथा पशुपति उपासना (हालसम्म ४८ जना) कार्यक्रम, (३) विकास निर्माण कार्यमा साझेदारी कार्यक्रम, (४) विकास कार्यमा वैदेशिक सहयोग (५) मन्दिर प्राङ्गणमा दानपत्र स्थापना, (६) धार्मिक पर्यटन प्रवर्द्धन र (६) अनलाइन पूजा ।

विभिन्न सेवामूलक कार्ययोजनाहरू :

(१) अध्ययन तथा प्रकाशन, (२) सरसफाइ, (३) सुरक्षा व्यवस्था, (४) वातावरण सम्वर्द्धन, (५) धर्मशाला, क) वनकाली धर्मशाला, ख) गौशाला धर्मशाला, (६) किरिया-पुत्री सेवा, (७) घाटसेवा, (८) नेपाल वेद विद्याश्रम, (९) जात्रापर्व, (१०) संस्थागत सुदृढीकरण, (११) भेटीघाटी व्यवस्था, (१२) विद्युत् शवदाह गृह निर्माण तथा सञ्चालन गर्ने, (१३) वागमती नदीमा जलप्रवाह शुद्धीकरण एवम् वृद्धि ।

अर्चक २० जनाबाट जम्मा रू ५५,१९,६४८/- र ४८ जना उपासकबाट जम्मा रू ४८,१०,९४५/- को कोष स्थापना भइसकेको छ ।

विकासका लागि साझेदारी कार्यक्रम :

विकासका लागि साझेदारी कार्यक्रमअन्तर्गत **गैरआवासीय नेपाली संघका तत्कालीन अध्यक्ष तथा हाल प्रमुख संरक्षक डा. श्री उपेन्द्र महतोबाट** निर्मित **किरियापुत्री भवन**को एक झलक तल तस्बिर प्रस्तुत छ । उहाँले **आफ्नी पूजनीय आमा फूलकुमारी महतोको सम्झना**मा स्थापित **फूलकुमारी महतो मेमोरियल ट्रस्ट**का तर्फबाट पुनः **नयाँ किरियापूत्री भवन** निर्माण र परिसर मर्मतसम्भार समेतको सम्झौतापत्रमा हस्ताक्षर गरिसक्नुभएको छ, जुन कार्य

२०६६ सालमै प्रारम्भ भई २०६८ साल असोजभित्रै सम्पन्न भई सञ्चालनको तयारीमा छ । जसको संरचना तलका चित्रहरूमा प्रस्तुत छन् :

धर्मो रक्षति रक्षितः

पशुपति क्षेत्र विकास कोषको

पशुपति क्षेत्रमा

विकासका लागि साझेदारी कार्यक्रमअन्तर्गत

फूलकुमारी महतो मेमोरियल ट्रष्ट तथा

गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष

डा. उपेन्द्र महतोद्वारा

आफ्नी स्वर्गीय माता फूलकुमारी महतोज्यूको

स्मृतिमा नवनिर्मित

किरियापुत्री भवन परिसर

समुद्घाटन मिति :

२४ असोज २०६८ (11 October 2011)

पशुपति विकास कोषले गरेका उल्लेख्य कामहरू यसप्रकार छन् :

(१) कोषले पशुपतिसम्बन्धी आधिकारिक धार्मिक ग्रन्थ तयारीका लागि विशेषज्ञहरूको कार्यदल गठन गरेको छ । जसमा निम्न महानुभावहरू रहनुभएको छ :

क) विद्यानाथ भट्ट, तन्त्रविद्-संयोजक

ख) प्राज्ञ श्री ज्ञानमणि नेपाल

ग) प्राज्ञ डा. श्री दीर्घराज घिमिरे

घ) प्राध्यापक डा. श्री मुकुन्दराज अर्याल

ङ) श्री शिवशरणराज भण्डारी

(२) महास्नानघर पुन: निर्माण कार्य पूरा भइसकेको ।

(३) गुह्येश्वरीस्थित सेतो सत्तल मर्मत कार्य सम्पन्न ।

(४) गौरीघाट सत्तलजस्ता प्राचीन सत्तलहरूका साथै महत्त्वपूर्ण स्थानहरूको मर्मत-सम्भार भइरहेको ।

(५) पूर्व गेटको मर्मत-सम्भार भइरहेको तर यसका लागि विशेषज्ञद्वारा योजनासाथ चिरकालपर्यन्तलाई सोचेर मर्मत हुनुपर्ने देखिन्छ ।

(६) मृगस्थलीमा शिव स्वयं मृग रूपमा विचरण गरेको हुँदा मृगस्थलीमा जालीले घेराबन्दी गरी मृग छोडेकामा आज अनियन्त्रित प्रजनन प्रणालीले गर्दा पूरै जङ्गल खुला र मृगहरू अव्यवस्थित हुने टड्कारो समस्या देखिएकाले यसतर्फ भूगर्भ र मृग विशेषज्ञहरू ल्याई व्यवस्थित गर्नुपर्नेछ । उनीहरूको प्राकृतिक हुर्काइ-बढाई पनि प्रभावित भएको छ ।

(७) यसै आर्थिक वर्षमा कोषको सक्रियतामा विद्युत् शवदाह गृह पनि निर्माणका लागि सम्झौता भइसकेको छ ।

पशुपति अर्चना कार्यक्रममा सहभागी दाताहरूको विवरण

१.	श्री लुनकरणदास चौधरी	-	रु. ५,०१,१०१/-
२.	श्री लालप्रसाद (सानुकाजी) चन्द्रलक्ष्मी श्रेष्ठ	-	रु. ५,०००01/-
३.	श्री नरेन्द्र सम्पत्ति	-	रु. २,५१,०००/-
४.	डा. श्री नटराजप्रसाद	-	रु. २,५१,०००/-
५.	श्री केदारनाथ चन्दादेवी अग्रवाल	-	रु. २,५१,०००/-
६.	श्री रामनिवास पवनकुमार अग्रवाल	-	रु. २,५१,०००/-
७.	श्री तेजबहादुर गुरुङ, मीनबहादुर गुरुङ	-	रु. २,५१,०००/-
८.	श्री शारदादेवी श्रेष्ठ	-	रु. २,५१,०००/-
९.	श्री योगेश्वरलाल श्रेष्ठ	-	रु. २,५१,०००/-
१०.	श्री राजनलाल श्रेष्ठ	-	रु. २,५१,०००/-
११.	श्री किसनलाल श्रेष्ठ	-	रु. २,५१,०००/-
१२.	श्री वनवारीलाल मित्तल	-	रु. २,५१,०००/-
१३.	श्री श्रवणकुमार अग्रवाल	-	रु. २,५१,०००/-
१४.	श्रीमती मीरा दली	-	रु. २,५१,०००/-
१५.	श्री शंकरलाल गोल्यान	-	रु. २,५१,०००/-
१६.	श्री जीवा लामिछाने	-	रु. २,५१,०००/-
१७.	श्री अरूणकुमार ओझा	-	रु. २,५१,०००/-
१८.	डा. श्री उपेन्द्र महतो	-	रु. २,५१,०००/-
१९.	श्री रमेश गुप्ता	-	रु. २,५१,०००/-
२०.	श्री मुरलीधर वनवारीलाल	-	रु. २,५१,०००/-

उपरोक्त २० जनाबाट जम्मा रु. ५५,१९,६४८/- र ४८ जना उपासकबाट जम्मा रु. ४८,१०,९४५/- को कोष स्थापना भइसकेको छ ।

श्री पशुपति क्षेत्र विकास कोषका तत्कालीन **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह** अध्यक्ष भएदेखिका अध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षहरूको विवरण यसप्रकार छ :

प्रथम कार्यकाल

अध्यक्ष - तत्कालीन **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह**
सदस्य-सचिव - वसन्त चौधरी
कोषाध्यक्ष - शंकरमान पाठक

द्वितीय कार्यकाल

अध्यक्ष -
सदस्य-सचिव - वसन्त चौधरी
कोषाध्यक्ष - शम्भुशरण कायस्थ

तृतीय कार्यकाल

अध्यक्ष - **प्रदीप ज्ञवाली, तत्कालीन संस्कृतिमन्त्री**

उहाँको अवधिभर ८ महिनामा अन्य पद नियुक्त नगरी विकास कोषका कर्मचारी श्री श्यामशेखर झाले सम्पूर्ण कार्यहरू सम्हाल्नुभएको थियो ।

चतुर्थ कार्यकाल

अध्यक्ष - **पृथ्वी सुब्बा गुरुङ, तत्कालीन संस्कृतिमन्त्री**
सदस्य-सचिव - निर्मल कुइँकेल
कोषाध्यक्ष - ज्ञानबहादुर हमाल

पाँचौं कार्यकाल

अध्यक्ष - **गोपाल किराँती, तत्कालीन संस्कृतिमन्त्री**
सदस्य-सचिव - परमानन्द शाक्य
कोषाध्यक्ष - गणेशप्रसाद अधिकारी

छैटौं कार्यकाल

अध्यक्ष - **डा. मीनेन्द्र रिजाल, संस्कृतिमन्त्री**
सदस्य सचिव - सुशील नाहाटा
कोषाध्यक्ष - नरोत्तम वैद्य

श्री पशुपतिनाथको पूजा-आजा व्यवस्थापन सम्बन्धमा २०६६/८/१३ मा भएको गोष्ठीमा श्रीहरि अर्याल तथा मदनकुमार डंगोलबाट प्रस्तुत कार्यपत्रलाई पनि यस पुस्तकमा समावेश गर्न सान्दर्भिक भएकाले प्रस्तुत गरिएको छ ।

विषय प्रवेश

नेपालको ऐतिहासिक काल (गोपाल वंशदेखि हालसम्म) भगवान् श्री पशुपतिनाथलाई समस्त हिन्दू धर्मालम्बीहरूले श्रद्धा र आस्थापूर्वक पूजा-अर्चना तथा उपासना गर्दै आएका छन् । नेपालस्थित यो श्रद्धा र भक्तिको केन्द्र हाम्रो सांस्कृतिक र धार्मिक श्री पशुपतिनाथ सबै नेपाली र समस्त हिन्दूहरूका लागि आस्था र गर्वको जीवन्त प्रतीक हो । भगवान्को महात्म्य नेपाललगायत विश्वभरिका हिन्दूहरूमा फैलिएको सर्वविदितै छ । भगवान्को पूजाअर्चना विशिष्ट विधिविधानपूर्वक आधिकारिक पूजकद्वारा हुँदै आएको छ । नेपालमा युगौंदेखि शासकहरूले आफ्नो उपाधि **"भगवत्पशुपतिभट्टार कपादानुगृहीत"** राखी श्री पशुपतिनाथको पुजारी नियुक्त गर्नेदेखि सम्पूर्ण व्यवस्था मिलाउँदै र संरक्षण गर्दै आएका थिए । यसैक्रममा समयसमयमा राजाहरूबाट पशुपतिनाथको व्यवस्थापनका लागि लालमोहर, सनद आदि जारी गर्ने गरेको पाइन्छ । हालसम्म पशुपतिमा चलेका धार्मिक कृत्यहरू र सोसँग सम्बन्धित परम्पराहरू प्राचीनकालदेखि नै व्यवस्थित भएको कुरा लालमोहर सनद आदिबाट देखिन्छ ।

यसैगरी श्री पशुपति क्षेत्रको सुधार र विकासका लागि जनस्तर र राज्य तहबाट पनि विभिन्न प्रयास भएको पाइन्छ । २०३२ सालमा तत्कालीन

पशुपति आदर्श गाउँ पञ्चायतको सक्रियतामा काठमाडौं जिल्ला पञ्चायतका सभापति रुद्रप्रसाद शर्माको सभापतित्वमा जनस्तरमा पशुपति क्षेत्र सुधार समिति गठन भएको पाइन्छ भने २०३४ सालमा तत्कालीन राजा वीरेन्द्रबाट भूपालमानसिंह कार्कीको अध्यक्षतामा पाशुपतक्षेत्र सुधार तथा विकास समिति गठन गरिएको थियो । त्यसैगरी २०३८ सालमा तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार शिक्षा मन्त्रालयका अतिरिक्त सचिव रमेशजंग थापाको अध्यक्षतामा पशुपति क्षेत्र सुधार तथा विकास समिति गठन भई २०४३ सालमा पशुपति क्षेत्र विकास कोष अध्यादेश नआउन्जेलसम्म क्रियाशील रहेको थियो ।

आराध्यदेव श्री पशुपतिनाथको पाशुपतक्षेत्रलाई योजनाबद्ध रूपमा सुरक्षा गर्दै सम्भार र विकास गर्ने उद्देश्यका साथ २०४३ सालमा पशुपतिक्षेत्र विकास कोष अध्यादेश जारी भयो । यसरी पहिलोपटक पाशुपत क्षेत्रको सुरक्षा, सम्भार र विकासका लागि कानुनी संरचना र व्यवस्थाको सुरूवात भयो । यस अध्यादेश र यस अध्यादेश निष्क्रिय हुने गरी २०४४ सालमा जारी भएको पशुपति क्षेत्र विकास कोष ऐनमा समेत परम्परागत पूजा-आजाका सम्बन्धका कुनै प्रावधान राखिएको थिएन । पशुपति क्षेत्र विकास कोषले केवल पशुपति क्षेत्रको सुरक्षा विकाससम्बन्धी कार्यसम्पादन गर्ने अध्यादेश र ऐनको मनसाय देखिन्छ । तर २०५० सालमा ऐनमा पहिलो संशोधन भएपश्चात् मात्र पूजाआजासम्बन्धी प्रावधानले पनि ऐनमा प्रवेश पाएको देखिन्छ ।

कोषको ऐनको प्रस्तावनामा नै हिन्दू अधिराज्य रहिआएकाले समस्त हिन्दूहरूको उपासना केन्द्र र सनातन तीर्थस्थल पाशुपत क्षेत्रको सुरक्षा, सम्भार र विकासका लागि कोषको निर्माण गरिएको हो भन्ने कुरा स्पष्ट उल्लेख भएको छ । तर पशुपति क्षेत्र विकास कोष आफ्नो उद्देश्य प्राप्तिमा अपेक्षा गरेअनुरूप सफल हुन नसक्नुको मूल कारण, समस्या र समाधानका उपायहरूका सम्बन्धमा तत्कालीन प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०६३ ले प्रकाश पारेको छ । उक्त प्रतिवेदनमा कोषको संरचनामा परिवर्तन गरी मन्दिर व्यवस्थापनलाई स्वतन्त्र र जवाफदेही बनाउनुपर्ने सुझाव दिइएको छ । त्यसैगरी राज्यलाई धर्मनिरपेक्ष बनाउने नयाँ संवैधानिक व्यवस्थाको रोहमा समेत उपयुक्त कानुन, संरचना र चुस्तदुरुस्त व्यवस्थापन अपरिहार्य भएको छ ।

मौजुदा कानुनी व्यवस्था र संरचना :

मौजुदा पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ ले कोष एक स्वशासित र संगठित संस्था हुने परिकल्पना गरे पनि वास्तवमा राज्यको हस्तक्षेपबाट मुक्त संस्था होइन, हुन सक्दैन भन्ने कुरा अनादिकालदेखि अक्षुण्ण रूपमा चलिआएको भगवान् पशुपतिनाथको नित्यपूजा गत २०६५ साल पुस महिनामा ७ दिनसम्म र परम्पराअनुसार श्री पशुपतिनाथको भन्दा अगावै पूजा हुनुपर्ने श्रीवासुकीनाथको पूजा २०६६ साल जेठ महिनामा लगातार १७ दिनसम्म रोकिएको जस्ता हालसालै पशुपति क्षेत्रमा घटेका अनर्थकारी घटनाहरूले पुष्टि गरेका छन् । राजनैतिक परिवर्तनसँगै कोषका सदस्य र पदाधिकारीमा गरिने नयाँ नियुक्तिले पनि राज्य र राजनीतिबाट कोष पृथक् नरहने रहन नसक्ने तथ्यलाई पुन:पुष्टि गर्दछन् । विद्यमान ऐनमा उल्लिखित प्रावधानहरूका कारण कार्यगत र संरचनागत दुवै दृष्टिकोणले कोषलाई स्वशासित संस्था मान्न सम्भन मिल्ने देखिँदैन ।

हाल प्रचलित ऐनमा २१ सदस्यीय कोष संचालक परिषद् गठन गरिने व्यवस्था गरिएको छ । २१ मध्ये बडागुरुज्यू पद हाल कायम नरहेकाले २० जना पदाधिकारी र सदस्य हुने स्थिति छ, जसमध्ये मूलभट्टबाहेक अरू कुनै पदाधिकारी वा सदस्य धर्म र अध्यात्मसँग सम्बन्धित देखिँदैनन । अध्यक्षलगायत अधिकांश सदस्यहरूको पृष्ठभूमि राजनीति र अरू बाँकी सदस्यको प्रशासन रहने देखिन्छ । यस्तो प्रकृतिको संरचनाबाट विश्वभरिका हिन्दूहरूको उपासना केन्द्र र सनातन तीर्थस्थलका रूपमा रहिआएको आराध्यदेव श्री पशुपतिनाथको पूजा-आजा अक्षुण्ण रूपमा कायम राख्ने, श्री पशुपतिनाथ, श्री पशुपतिनाथका गणहरू अन्य देवदेवीहरूको अक्षुण्ण रूपमा परम्परागत धार्मिक रीतिस्थितिबमोजिम पूजाआजा संचालन गराउनुपर्नेसमेतका पुनीत उद्देश्य पूर्ति हुन सक्ने र तद्अनुरूप पशुपति क्षेत्रको समुचित व्यवस्थापन गर्न सकिने स्थिति छैन ।

वर्तमान परिप्रेक्ष्यमा पशुपति क्षेत्रको व्यवस्थापन :

वर्तमान संवैधानिक व्यवस्थाबमोजिम पशुपति क्षेत्र विकास कोष ऐनले आफ्नो सान्दर्भिकता गुमाएको महसुस हुन्छ । माथि उल्लिखित सार्वजनिक लेखा समितिको प्रतिवेदनले पनि संरचना तथा अन्य विषयमा आमूल परिवर्तनको आवश्यकतालाई तत्कालीन सन्दर्भमा पनि औंल्याएकै हो । संविधानले प्रत्येक धार्मिक समुदायलाई कानुनबमोजिम स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थलको सञ्चालन र संरक्षण गर्ने मौलिक अधिकार प्रदान गरेको

सन्दर्भमा राज्य र राजनीतिको हस्तक्षेपबाट पशुपति क्षेत्रलाई संरक्षण गर्दै परम्परागत धार्मिक रीतिस्थितिबमोजिम पशुपतिमा पूजा-आजा संचालन गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुन आएको छ। यस सन्दर्भ एकातिर मौजुदा ऐन, संविधानले राज्यको धार्मिक संलग्नताका बारेमा गरेका व्यवस्थाको रोहमा मिल्दो देखिदैन भने अर्कोतर्फ नागरिकलाई प्राप्त धर्मसम्बन्धी हकलाई कुन्ठित गर्ने गरी पूजाआजासमेतका विषयमा पनि नागरिकको होइन, राज्यको निर्णायक भूमिका देखिन समयोचित हुन सक्दैन।

यसर्थ नयाँ संवैधानिक परिवर्तन र परिवेश अनुकूल हुने गरी पशुपति क्षेत्रलाई कार्यपालिकाको हस्तक्षेपबाट सर्वथामुक्त, पूर्ण स्वायत्त र सक्षम ट्रस्टअन्तर्गत पूर्ण धार्मिक निष्ठा र भावनाका साथ सञ्चालन र व्यवस्थापन गरी समस्त सनातनी हिन्दूहरूको संविधानप्रदत्त हकलाई सुनिश्चित गरिनु उपयुक्त हुन्छ । पशुपति क्षेत्रमा शान्ति-सुव्यवस्थाको वातावरण कायम राख्ने, पुरातात्त्विक, सांस्कृतिक र पर्यटकीय महत्त्वका सम्पदाहरूको हानिनोक्सानी आदि हुन नदिने आदि विषयसम्म राज्यको भूमिका बृहत्‌रूपमा संरक्षकको सम्म हुन सक्दछ तर पशुपति क्षेत्रका मन्दिरमा हुने पूजाअर्चना तथा अन्य व्यवस्थापकीय विषयमा भने राज्यको प्रत्यक्ष वा परोक्ष कुनै पनि संलग्नता अबको सन्दर्भमा स्वीकार्य र मान्य हुनै सक्दैन। धार्मिक पर्यटनको क्षेत्रमा विश्वभरका हिन्दूहरूको आस्थाको केन्द्रका रूपमा विकास गर्दा आर्जित हुने आर्थिक लाभका दृष्टिकोणले पनि राज्यले स्वायत्त र सक्षम ट्रस्टलाई सुदृढ बनाउनका लागि हस्तक्षेपकारी होइन तर भरपर्दो सहयोगीको भूमिका भने खेल्नैपर्ने हुन्छ।

स्वतन्त्र, स्वायत्त र सक्षम ट्रस्ट स्थापनाको औचित्य :

समस्त हिन्दूहरूको भावनालाई कदर गर्न र परिवर्तित परिप्रेक्ष्यमा संविधानको अक्षर र भावनाअनुरूप हुनेगरी श्री पशुपतिनाथको पूजाआजाको समुचित व्यवस्थापनका लागि राजनीतिक हस्तक्षेपबाट सर्वथा मुक्त एक स्वतन्त्र, स्वायत्त र सक्षम ट्रस्टको स्थापना हुनुपर्ने देखिन्छ। सार्वजनिक लेखा समितिको प्रतिवेदनमा उल्लेख भएझैं त्यस्तो ट्रस्टमा अध्यक्ष हिन्दूधर्म र संस्कृतिका विद्वान् स्वतन्त्र व्यक्ति र सदस्यहरू पनि हिन्दूधर्म, संस्कृति, प्रशासन, अर्थ, योजना निर्माण आदि क्षेत्रका ज्ञाता हुनु उपयुक्त हुनेछ। सरकारसँगको सम्पर्कसूत्रका लागि संस्कृति मन्त्रालयका सचिवको प्रतिनिधित्व भने हुनुपर्ने देखिन्छ। सम्पदा संरक्षण एवं भौतिक निर्माण तथा विकास आदि गैरधार्मिक विषय र परम्परागत रीतिस्थिति अनुकूल पूजाअर्चना, पर्व, जात्रा आदि संचालनजस्ता विशुद्ध धार्मिक

क्रियाकलापहरूलाई पृथक्पृथक् ढंगले सुसंचालन र व्यवस्थापन गर्ने गरी त्यस्तो ट्रस्टअन्तर्गत उचित संगठनात्मक संरचनाको विकास गरिनुपर्दछ ।

यस्तो ट्रस्टलाई धार्मिक, आध्यात्मिक विषयमा मार्गनिर्देश गर्न एक विद्वत् परिषद् रहने र त्यस्तो परिषद्ले हिन्दूधर्म, संस्कृति, परम्परागत रीतिस्थिति, पूजाअर्चना पद्धति आदि विषयमा समयसमयमा उत्पन्न हुने विवादहरूको निराकरण गर्न निर्णय गर्ने र त्यस्तो निर्णय सबैका लागि बाध्यात्मक हुने व्यवस्था गरिएमा अधिकारिक धर्माधिकारीको अभाव र सोका कारण समयसमयमा देखिने विडम्बनापूर्ण परिस्थितिहरूको उचित समाधान हुन सक्नेछ ।

ट्रस्ट स्थापनाका लागि सुझाव दिन उच्चस्तरीय सुझाव समिति गठनको आवश्यकता

स्वतन्त्र, स्वायत्त र सक्षम ट्रस्ट स्थापना र पशुपति क्षेत्रको समुचित संरक्षण र विकास गर्न के कस्तो कानुनी व्यवस्थाअन्तर्गत कस्तो संरचना हुनुपर्दछ भन्ने विषयमा अध्ययन गरी उपयुक्त सिफारिस गर्न निश्चित कार्यावधि तोकी नेपाल सरकारबाट तत्काल उच्चस्तरीय सुझाव समिति गठन गर्नु उपयुक्त हुने देखिन्छ । सर्वोच्च अदालतका हिन्दूधर्मप्रति आस्थावान् पूर्वप्रधानन्यायाधीश वा न्यायाधीशको संयोजकत्वमा वेद, पुराण, धर्मशास्त्र आदि विषयका ज्ञाताहरू, अर्थशास्त्र, व्यवस्थापन, लेखा, योजना आदि विषयमा ज्ञाता हिन्दूधर्मप्रति निष्ठावान् विश्वविद्यालयका प्राध्यापकहरू, कानुनविद्, श्री पशुपतिनाथका, मूलभट्ट, भण्डारी, विसेट तथा अन्य रैरकमीका प्रतिनिधिहरूसमेत सदस्य रहने गरी त्यस्तो सुझाव समिति गठन गर्नु वाञ्छनीय हुन्छ ।

उक्त सुझाव समितिको मनबहादुर आलेको मुद्दा (नेकाप २०६१ पृष्ठ ७४० मा दर्शाइएझैं परम्परागत पूजाअर्चनाको नियमित र निर्बाध सञ्चालनका लागि पुरातत्त्व विभाग, गुठी संस्थान, नेपाल संस्कृत विश्वविद्यालय, धार्मिक संघसंस्थाहरू तथा धार्मिक विद्वान्हरूसमेतको सल्लाह-सुझाव लिने व्यवस्था हुनुपर्दछ । त्यस्तो समितिलाई प्रस्तावित ट्रस्टका सम्बन्धमा आवश्यक धार्मिक, आध्यात्मिक, कानुनी, व्यवस्थापकीय, पुरातात्त्विक तथा सांस्कृतिक आदि विषयमा छुट्टाछुट्टै उप-समिति बनाई अध्ययन गरी समयोचित कानुन, संरचना र व्यवस्थापनका सम्बन्धमा सुझावसहितको प्रतिवेदन पेस गर्ने कार्यादेश दिइनु पर्दछ ।

सम्बद्ध सबै पक्षहरूबाट संकलित सुझावहरूका आधारमा परम्परागत रीतिस्थिति, पूजाआजा पद्धति अक्षुण्ण रहने गरी उच्चस्तरीय सुझाव समितिको ठोस, वस्तुनिष्ठ र समयोचित निष्कर्षसहितको प्रतिवेदनका आधारमा पशुपति क्षेत्रको उचित व्यवस्थापन, सोका लागि आवश्यक उपयुक्त संस्थागत संरचना र कानुनी व्यवस्था हुन सकेमा पावन पशुपति क्षेत्रको महत्ता अझ बढ्नेछ। भगवान् श्री पशुपतिनाथको महिमाअनुकूल परम्परागत रीतिस्थितिसम्मत ठोस संस्थागत, संरचना र कानुनी व्यवस्थाबमोजिम चिरकालपर्यन्त पूजाअर्चना पद्धतिको सुव्यवस्था हुन सकेमा नै सबैको कल्याण हुनेछ ।

चित्रहरु आफैं बोल्छन्...

पशुपति क्षेत्र र यहाँ हुने क्रियाकलापहरूको झलक तस्बिरमा



ताम्रेश्वर महादेव मन्दिर



जयबागेश्वरी मन्दिर

भुवनेश्वरी मन्दिर



गुरु दक्षिणामूर्तिको मन्दिर

हेमन्तभैरव



उमाकुण्ड

गौरीघाट



किराँतेश्वर

किराँतेश्वरमा भजनमा मग्न कलाकारहरू



सूर्यघाट

किराँत साधकहरू यस साधनास्थलमा साधनारत छन्

गुह्येश्वरीको गजुरलाई चारवटा नागहरूले रक्षा गरिरहेको
(गुह्येश्वरीको मन्दिरभित्र तस्विर लिन मनाही छ)



गुरु गोरखनाथको मन्दिर मृगस्थली





मनकामनाको मन्दिर

माता मनकामना

मृगस्थलीमा रमाइरहेका मृग र बाँदरहरू



विश्वरूप मन्दिरभित्र तस्विर खिच्न निषेध छ ।

विश्वरूपको दक्षिणपट्टि वहिरा गणेश



श्रद्धेय डा. श्री स्वामी प्रपन्नाचार्यज्यू, योग साधनापीठ र स्वामीज्यूको बासको एक झलक

ध्रुवका लागि पार्वतीले दूध खुवाउन उत्पत्ति गराउनुभएको स्तन,
जुन सैनिक इलाकाभित्र राखिएको छ ।

ध्रुवस्थली, जहाँ शिवपुरीबाबा समाधिस्थ हुनुभएको छ ।

धुवले पानी पिउनका लागि सृष्टि भएको कुण्ड, जहाँ हाल इनार छ ।



शिवपुरीबाबाले प्रयोग गर्ने गरेको झुलना



राम-लवकुश मन्दिर र मन्दिरभित्रको राम-लवकुशको तस्विर

राम-लवकुश मन्दिरअगाडि गणेश र गरुडको मूर्ति र दूधारीवाबाको आश्रम



लक्ष्मीनारायण र रामपरिवार मन्दिर



यो राममन्दिरअगाडि सती प्रथा हुँदाका वखत सतीहरूलाई सिंगारेर जिउँदै जलाउनका लागि चितासम्म लाने सतीद्वारा हो । जुन सती प्रथा उन्मूलन भएपछि फलामको घपानो राखी वन्द गरिएको छ ।



वत्सला माताको मन्दिर र अगाडि जम्बुद्वीप

गंगा, यमुना, विरुपाक्ष (कली) र मृगेश्वरका मन्दिरहरू

घाटतर्फ जाँदा दायाँतिरको नीलसरस्वती



श्री पशुपतिनाथ मन्दिरको पूर्व मोहडा (मन्दिर परिसरभित्र तस्विर खिच्न निषेध छ)



श्री पशुपतिनाथको पश्चिम ढोका (मन्दिरभित्र तस्विर खिच्न निषेध छ)

शङ्कराचार्यको मन्दिर



श्री भस्मेश्वर महादेव



भगवती राजराजेश्वरीको मन्दिर



पूर्वजन्मको छायाँ देखिने इनार, जहाँ राजाले आफ्नो छायाँ जनावरको देखेर उक्त इनार पुरी त्यसमाथि स्थापित विराटेश्वर शिवलिङ्ग, जुन ढल्न लागेको छ ।



श्री बज्रेश्वरी महालक्ष्मी (पिंगलास्थान)



वन गणेश



वनकाली



वनकालीको मन्दिर

वेदका रचयिता वेदव्यास

वेदवेदाङ्ग विद्याश्रम

पञ्चदेवल वृद्धाश्रम





पशुपति क्षेत्र विकास कोषको विकासका लागि साझेदारी कार्यक्रमअन्तर्गत एन.आर.एन.का तत्कालीन अध्यक्ष हाल प्रमुख संरक्षक डा. उपेन्द्र महतोले बनाउनुभएको सुविधासम्पन्न किरियापुत्री भवन



श्री पशुपतिनाथको दर्शनपश्चात्
पशुपति विकास कोष र गैरआवासीय नेपालीहरूको संस्थाका बीच सम्झौता
समारोहमा उपस्थित मन्त्री, सदस्य-सचिव
र
एन.आर.एन.का अध्यक्षलगायत पदाधिकारीहरू

ब्रह्मलीन वालुवावावाको आश्रम

पितृको तृप्तिका लागि तिथि श्राद्ध गराउँदै

पूजा सामग्री तयार गर्दै



स्वर्गीय आफन्तको आर्यघाटमा दाहसंस्कार गरिदै

आश्रम मन्दिरमा आरती पाठ गर्दै बटुकहरू (तल)



शिवरात्रिका लागि पशुपति दर्शनार्थ आएका बाबाहरू

हनुमानको भेषभूषामा विचरण गर्दै भक्त

लाखबत्ती बालिरहेका भक्तहरू

होमको मध्यान्तर



पशुपतिनाथका मूल पुजारी मूलभट्ट निवासको पृष्ठ भाग

बज्र घर, जहाँ पशुपतिको सुरक्षास्थिति गम्भीर हुँदै गएपछि तैनाथ सशस्त्र प्रहरीहरू रहन्छन्



श्री १००८ गौराङ्ग महामुनि देव मोहनी व्रत वस्नुभएको गुफावासुकी, काठमाडौं

भण्डार खालभित्र
रूख नकाटौं, वृक्षरोपण गरौं

श्री पशुपतिनाथमा ७२ वटा सुन्दर माला प्रत्येक दिन चढाउनुपर्ने भण्डारखाल बगैंचा फूल रोपौं, माला गाँसौं

एन.आर.एन.का संस्थापक पूर्वअध्यक्ष डा. श्री उपेन्द्र महतोज्यूबाट निर्माण गराउने दोस्रो चरणको किरियापुत्री भवनको शिलान्यास समारोह



किरियापुत्री भवनको शिलान्यास गर्दै पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव श्री सुशील नाहाटा, डा. उपेन्द्र महतो साथमा सुपुत्र यज्ञदीप महतो



श्री पशुपतिनाथको दर्शनपश्चात् पारिवारिक तस्विर लिंदै श्रद्धालु भक्तहरू



श्री पशुपतिनाथको दर्शन गरी फर्कंदै श्रद्धालु भक्तहरू

श्री पशुपतिनाथ परिक्रमा र दर्शन लोकार्पण गर्दै क्रमश:
संस्कृति-सचिव श्री मोदराज डोटेल, सदस्य-सचिव श्री सुशील नाहाटा र
एन.आर.एन.का संस्थापक तथा संरक्षक पूर्वअध्यक्ष डा. श्री उपेन्द्र महतो साथमा
सुपुत्र यज्ञदीप महतो, लेखक हरिभक्त सिग्देल 'महेश'

श्री पशुपतिनाथ परिक्रमा र दर्शन लोकार्पणपश्चात् हस्ताक्षर गर्दै
संस्कृति-सचिव श्री मोदराज डोटेल, सदस्य-सचिव श्री सुशील नाहाटा र एन.आर.एन.का
संस्थापक संरक्षक पूर्वअध्यक्ष डा. श्री उपेन्द्र महतो साथमा सुपुत्र यज्ञदीप महतो



मोजाम्बिकको राजधानी मापुतोस्थित
हिन्दू वेदमन्दिर



मोजाम्बिक सालामंगास्थित
श्रीराम मन्दिर

दक्षिण अफ्रिका मोजाम्बिक हिन्दू कम्युनिटीका अध्यक्ष श्री नटवरलालज्यूलाई श्री पशुपतिनाथको पवित्र चन्दनसहित १०८ को रूद्राक्ष माला हस्तान्तरण गर्दै लेखक



वरिष्ठ साहित्यकार श्री कृष्णप्रसाद पराजुलीज्यूवाट
साहित्यकार तथा लेखक हरिभक्त सिग्देल 'महेश'द्वारा सिर्जित नवीनतम् कृति
"रङ्गैरङ्गको जिन्दगानी" कवितासंग्रह एक समारोहवीच लोकार्पण हुँदै



प्राध्यापक डा. श्री दुर्गाप्रसाद भण्डारी (डी.पी. भण्डारी) ज्यूवाट साहित्यकार तथा लेखक हरिभक्त सिग्देल 'महेश'को अनुसन्धानात्मक कृति "दक्षिणकालीको सेरोफेरो" एक विशेष समारोहवीच लोकार्पण हुँदै

प्राध्यापक डा. श्री ऋषिराम पोखरेलज्यूबाट साहित्यकार तथा लेखक हरिभक्त सिग्देल 'महेश'द्वारा सिर्जित नयाँ कृति "पञ्चामृत"को एक विशेष समारोहबीच लोकार्पण हुँदै

दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोषका संस्थापक संरक्षक वरिष्ठ साहित्यकार श्री दामोदर पुडासैनीज्यूबाट २०६८ सालको "दामोदर पुडासैनी प्रतिभा सम्मान" साहित्यकार तथा लेखक हरिभक्त सिग्देल 'महेश'लाई एक समारोहका बीच प्रदान गर्दै

भारत उर्ध्वाम्नाय श्री काशीसुमेरू पीठाधीश्वर जगत्गुरु शंकराचार्य अनन्त श्री विभूषित स्वामी नरेन्द्रानन्द सरस्वतीजी महाराजज्यू र श्री इन्द्रदेव चैतन्यस्वरूप ब्रह्मचारी (नागा वावाज्यू) लाई स्वागतपश्चात् लेखक हरिभक्त सिग्देल 'महेश'

पवित्र प्रहरी सेवावाट अवकाश लिई विदा हुने क्रममा प्रहरी महानिरीक्षक प्रदीपशम्शेर ज.ब.रा.वाट प्रशंसापत्र ग्रहण गर्दै लेखक



हिउँ पग्लिएको अवस्थामा
केदारनाथ महादेवको
मन्दिर परिसर र पृष्ठभूमि



केदारनाथ महादेवको दर्शनपश्चात् प्रकाशक तथा लेखक हरिभक्त सिग्देल

बौद्धगया दर्शनपश्चात् लेखक तथा प्रकाशक

जनकपुरधाम रामजानकी दर्शनपश्चात् लेखक

दक्षिणकाली माताको दर्शनपश्चात् मातासँगै लेखक तथा प्रकाशक



दिग्तेल हलेसी महादेव दर्शनपश्चात् धर्मद्वार पार गर्दै लेखक

द्वादश ज्योतिर्लिङ्गमध्येको वैद्यनाथधाममा रु. ५१,१०१/– "तुलसीराम-जानुका-खड्ग-गङ्गा सिग्देल अक्षयकोष" स्थापनाको थैली भेट-पश्चात् सामूहिक तस्विरमा भक्तहरूका साथ लेखक तथा प्रकाशक, वि.सं. २०५१/११/१५



वैद्यनाथक्षेत्र विकास संस्था, अछामको आजीवन सदस्यता ग्रहण गर्दै लेखक

प्रहरी परीवार महिला संघकी अध्यक्ष शान्ता राणाज्यूसँग प्रहरी सेवाबाट अवकाश लिई विदा हुँदाको अविस्मरणीय क्षण

जितपुरफेदी गा.वि.स. वडा नं. २ गैरीगाउँस्थित जनज्योति पुस्तकालय तथा रामघाट युवा क्लबको तर्फबाट प्रदान गरिएको सम्मानपत्र तत्कालीन उपमहालेखा परीक्षक श्री बद्रीबहादुर कार्कीज्यूबाट एक समारोहका बीच ग्रहण गर्दै लेखक

कान्तिभैरव गुरुकुलका वटुकहरूको भोजनका लागि रु. १५,०००/– को चेक हस्तान्तरण गर्दै प्रकाशक

एक दिनका लागि अमेरिका न्यूं मेक्सिको राज्य सोकोरो सिटीको सम्मानित मेयरको जिम्मेवारी सम्हाल्दै लेखक

आफूले होस्टेज नेगोसिएसन तालिम प्राप्त गरेको संस्थाका प्रमुखलाई धार्मिक सहिष्णुताको लोगो उपहार दिँदै लेखक

सन्दर्भ-ग्रन्थ-सूची

१) नेपालका आराध्यदेव भगवान् श्री पशुपतिनाथ कुलचन्द्र कोइराला
प्रकाशक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान । यो पुस्तक पशुपतिनाथका विषयमा विशेष जानकारी र शोधकार्य गर्नका लागि पनि धेरै उपयोगी छ ।

२) देवमाला

३) हिमवत्खण्ड

४) धर्म सन्देश

५) पशुपति दर्शन

६) भाषा वंशावली, विभिन्न भाग, राष्ट्रिय अभिलेखालय

७) शिव महापुराण

८) शैवमत

९) प्राचीन नेपाल

१०) हिन्दू देवदेवी

११) मधुपर्क

१२) गोरखापत्र

१३) तान्त्रिकोपासना दर्पण

१४) बृहत् पुरश्चर्यार्णव

१५) कल्याण

१६) देवीभागवत

१७) भागवतगीता

१८) श्री पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को प्रतिवेदन (२०४७-२०६१)

१९) अग्निपुराण

२०) अथर्ववेद- साथै अन्य पुस्तक, पत्रिका र विशेषज्ञहरूको प्रवचन आदि ।

२१) **अध्यात्मप्रसाद** - स्वामी चन्द्रेश

२२) **पूर्वको पशुपति** - हलेसी महादेव, सुविन्द्र गिरी

२३) **नवग्रह जप** - षडङ्गरूपी; प्रकाश: बम्बई बुक डिपो, कचौडीगली, वाराणसी

२४) **गायत्री मन्त्रको अर्थ** - योगेश्वर मुनिश्वर शिवकुमार शास्त्री,
अनु. मु. दयाराम उपरति

२५) **पुराणों के उपदेश** - रणधीर प्रकाशन, हरिद्वार;
सम्पादक : डा. डमेश पुरी 'ज्ञानेश्वर'

२६) **जन्म दिन मनाऔं** - बूढानीलकण्ठ आश्रम, जनशिक्षा विभाग

२७) **श्रीमद्भागवतगीता** - टीकाकार ज्योतिप्रसाद गौतम; त्रिमूर्ति प्रकाशन, वाराणसी

२८) **श्रीरामगीता** - प्रकाशन प्रस्तुति, हरिभक्त सिग्देल 'महेश'

२९) **ध्यानयोग** (प्रथम र अन्तिम मुक्ति) ओशो

३०) हिन्दू सभ्यता – डा. राधाकृष्ण मुखर्जी अनुवादक वासुदेव शरण अग्रवाल

३१) शिवमहापुराणम् – सम्पादक – पुष्पेन्द्र कुमार

३२) शाहकालका अभिलेख – धनवज्र वज्राचार्य
३३) महाभारत – श्रीमन्महर्षि वेदव्यास प्रणित
३४) मत्सेन्द्रशतकम् – योगी नरहरिनाथ
३५) नेपाल महात्म्य – अनुवादक – मुक्तिनाथ खनाल
३६) अथर्ववेद – जयदेव विद्यालंकार
३७) ऋगवेद – सम्पादक – श्रीराम शर्मा
३८) पशुपतिपुराण – प्रकाशक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
३९) मृत्युञ्जयप्रमोद – बालयोगी गोपालप्रेम
४०) अध्यात्मप्रसाद – स्वामी चन्द्रेश
४१) शुक्लयजुर्वेद रूद्राष्टाध्यायी-सानुवाद-गीताप्रेस, गोरखपुर
४२) यजुर्वेद नेपालीमा-अनुवाद-तिलकप्रसाद लुइँटेल
४३) नौ उपनिषद् सँगालो टीकाकार-हरिकृष्णदास गोयन्का
४४) अथर्ववेद - नेपालीमा अनुवाद-तिलकप्रसाद लुइँटेल

लेखकबारे अन्य कुरा

तक्मा विभूषण :

१. प्रबल गोरखा दक्षिणवाहु चौथा

२. प्रहरी दीर्घ सेवा पट्ट

३. शुभराज्याभिषेक पदक

४. गद्दीआरोहण रजतमहोत्सव पदक

५. वीरेन्द्र-ऐश्वर्य सेवा पदक

६. दुर्गम सेवा पदक

७. विशेष सेवा पदक

८. प्रहरी सेवा पदक

९. दैवी प्रकोपपीडित उद्धार पदक

१०. संयुक्त राष्ट्रसंघ शान्ति सेवा पदक

तालिम :

१) प्रहरी सेवा प्रवेश आधारभूत, कराँते, जुडो, जिम्नास्टिक, बक्सिङ, नक्सा अध्ययन, प्रहरी अधिकृत विशेष, कमान्ड, अपराध अनुसन्धान, विशिष्ट व्यक्तिको सुरक्षा- राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगन्ज ।

२) विमानस्थलको सुरक्षा तालिम - TIA Canadian प्रशिक्षकबाट त्रिभुवन विमानस्थल ।

३) Public Policy Analysis - Staff College Lalitpur

४) Hostage Negotation - Academy of Science & Technology New Mexico, USA.

भ्रमण :

स्वदेश : हिमाल देखि तराईसम्मका ४८ जिल्ला

विदेश : भारत, मोजाम्बिक, मलावी, जिम्वाबे, साउथ अफ्रिका, तान्जानिया, इजिप्ट, संयुक्त राज्य अमेरिका, रूस, बेलारूस ।

अनुभव :

१) प्रशिक्षक : आन्तरिक र बाह्य राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान ।

२) कार्यालय प्रमुख- वडा प्रहरी कार्यालय गौशाला, वडा प्रहरी कार्यालय कालिमाटी, वडा प्रहरी कार्यालय बौद्ध, वडा प्रहरी कार्यालय जनसेवा, वडा प्रहरी कार्यालय दरबारमार्ग, इलाका प्रहरी कार्यालय फर्पिङ्ग, इलाका प्रहरी कार्यालय धरान, सुरक्षा प्रहरी चेकपोस्ट, थानकोट

३) प्रहरी नायव उपरीक्षक- निजी सहायक- प्रहरी महानिरीक्षकको सचिवालय, प्रहरी प्रधान कार्यालय ।

प्रहरी सेवा (२९ वर्ष ७ महिना) - २०२९।३।३१ देखि २०५८।१०।३० सम्म

४) प्रमुख कार्यकारी अधिकृत- सिन्तेज इन्भेस्टमेन्ट कं. प्रा. लि. ।

संलग्नता :

(क) वैद्यनाथक्षेत्र प्रकाशन- आजीवन सदस्य एवं सम्पादक ।

(ख) दामोदर पुडासैनी प्रतिभा पुरस्कारकोष - आजीवन सदस्य ।

(ग) अन्य धार्मिक एवं सामाजिक संघ-संस्थाहरूसँग आवद्ध ।

Acc. 9878 / 1659

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥ - *गीता ४*

हरिभक्त सिग्देल 'महेश'

haribhakta43@hotmail.com

जन्म: वि.सं. २०११ वैशाख १ गते मंगलबार
पाँचमाने, जितपुरफेदी गा.वि.स.-३, काठमाडौं

पिता: खड्गध्वज (बलराम) सिग्देल

माता: गंगादेवी सिग्देल

हाल : 'हरिको घर' महांकाल-८, मण्डिखाटार, बरफेदी
पोस्ट बक्स नं. ११६३७, काठमाडौं, नेपाल

शिक्षा : एम.पी.ए., त्रिभुवन विश्वविद्यालय, कीर्ति

प्रकाशित कृति :

१. माता श्री दक्षिणकाली परिक्रमा र दर्शन - २०४४
२. स्तोत्रपाठ संकलन - २०४४
३. श्रीपशुपतिनाथ परिक्रमा र दर्शन - २०४४
४. श्रीमद्भागवत गीतासार छन्दानुवाद (नेपालीमा) - २०४४
५. श्रीदुर्गा सप्तशती चण्डी (नेपालीमा) - २०४८
६. सवारी ज्ञान मणिमाला - २०४८
७. शान्तिक्षेत्र नेपाल (कविता संग्रह) - २०४९
८. श्रीमद्भागवत गीता (नेपालीमा) - २०४९
९. त्यागबाट परमात्मा प्राप्ति - २०४९
१०. श्री रूद्रगीता छन्दानुवाद (नेपालीमा) - २०५०
११. धर्मदेखि मुक्तिसम्म - २०५८
१२. श्रीराम गीता (नेपालीमा) - २०५८
१३. श्री दुर्गाकवच (नेपालीमा) - २०६१
१४. श्रीराम गीता छन्दानुवाद (नेपालीमा) - २०६१
१५. श्री दुर्गाकवच छन्दानुवाद (नेपालीमा) - २०६१
१६. Religious Philosophy 1994 Mozambique
१७. रङ्गैरङ्गको जिन्दगानी - २०६७
१८. पञ्चामृत - २०६८
१९. दक्षिणकालीको सेरोफेरो - २०६८
२०. विभिन्न पत्र-पत्रिकामा धार्मिक र व्यावसायिक लेख-रचनाहरु प्रकाशित

9 789937 236102

मूल्य रु. ३००/-